जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ •अंक १११ • २०८३ साल भाद्र २३ गते मंगलबार (8 September, Tuesday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।-

## बाढी प्रभावितका लागि एक अर्बको छात्रवृत्ति

**टुडे समाचारदाता**

काठमाण्डू । रसुवाको भोटेकोशी सहित विभिन्न नदी क्षेत्रमा आएको बाढीबाट प्रभावित विद्यार्थीको शिक्षाका लागि सरकारले करिब एक अर्ब रुपैयाँ बराबरको 'सुनिश्चित भविष्य छात्रवृत्ति योजना' घोषणा गरेको छ।

शिक्षा तथा खेलकुद मन्त्रालयले संघीय सरकारका विभिन्न निकाय, प्रदेश सरकार र स्थानीय सरकार तथा निजी विद्यालय सञ्चालकका छाता संगठन, सरकारी र गैरसरकारी संघ संस्थासँगको सहकार्यमा बाढी प्रभावित विद्यार्थीलाई निःशुल्क शिक्षा उपलब्ध गराउने उद्देश्यले सो योजना ल्याएको हो।

त्यसैगरी अन्य सरकारी गैरसरकारी संस्थाहरूसँग पनि सहकार्य गरिनेछ। यो छात्रवृत्ति कार्यक्रमले प्रारम्भिक बालविकास शिक्षादेखि कक्षा १२ सम्म अध्ययनरत विद्यार्थीलाई समेट्नेछ। करिब एक हजार विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराइने जनाइएको छ।

मन्त्रालयले छात्रवृत्ति योजनामा योगदान गर्न निजी क्षेत्र, व्यावसायिक क्षेत्र तथा सरकारी र गैरसरकारी संस्थाहरूसँग अपिल पनि गरेको छ।

### देशभरि श्रद्धाञ्जली कार्यक्रम

# प्रलयमा ज्यान गुमाउनेप्रति राष्ट्रिय श्रद्धाञ्जली

**टुडे समाचारदाता**

जनकपुरधाम । भोटेकोशीको प्रलयकारी बाढीमा परेर दिवङ्गत भएकाहरुको सम्झनामा सोमवार राष्ट्रिय श्रद्धाञ्जली अर्पण गरिएको छ ।विनासकारी बाढी आएको १३ औं दिनमा राष्ट्रिय शोक मनाइएको छ।

दिवंगत आत्माको चीरशान्तिको कामनागर्दै देशभरि श्रद्धाञ्जली कार्यक्रम गरिएको छ ।दिप प्रज्वलन, श्रद्धाञ्जली सभा, मौन धारण, वृक्षारोपण, धार्मिक अनुसन्धान लगायतका कार्यक्रमहरु गरी दिवंगत आत्माको चीरशान्तिको कामना गरिएको छ ।कतिपय स्थानमा मौनधारण, कतिपय स्थानमा भण्डारा गरिएको छ।

महोत्तरी जिल्लाको बर्दीबास नगरको बर्दिबास चोकमा भएको दीप प्रज्वलन तथा श्रद्धांजलि कार्यक्रममा प्रदेश सांसद शारदा थापा, नगर प्रमुख प्रहलाद कुमार क्षेत्री , बर्दिबास उध्योग वाणिज्य संघ का अध्यक्ष दीपक कुमार कार्की, राजनीतिक दलका प्रतिनिधि ,नेता ,कार्यकर्ता, कर्मचारी समाज ,पत्रकार होटल तथा पर्यटन व्यवसायी ,नागरिक समाज लगायत को सहभागीता थियो।

भोटेकोशीको प्रलयकारी बाढीमा परेर हाल सम्म एक हजार तीन सय ५५ जनाको ज्यान गएको पुष्टि भएको छ ।सरकारी निकायबाट पुष्टि भए अनुसार एक हजार तीन सय ५५ जनाको शव सोमवार साँझ सम्म फेला परेको छ।

बाढीको कारण चार हजार नौ सय छयान्बे जना अझै सम्पर्क बिहिन रहेका छन् ।उनीहरुको खोजी र उद्धारको कार्यलाई निरन्तरता दिएको छ ।केहि मानिसहरु विद्युत गृहको सुरुंगमा अझै फसेको र उनीहरु जिवित हुन सक्ने अनुमान गरिएको छ ।तर त्यसको आधिकारिक पुष्टि भने गरिएको छैन्।



बाढी लगतै खोजी र उद्धारमा २१ हजार चार सय दुई जना सुरक्षाकर्मीहरु खटेका थिए ।सुरक्षाकर्मीहरु तर्फ सर्वाधिक नेपाली सेना सम्पर्क बिहिन छन् ।नेपाल प्रहरीकापनि केहि सुरक्षाकर्मीहरु सम्पर्कमा आउन सकेका छैनन् ।केहि पर्यटकहरुपनि सम्पर्क बिहिन रहेका छन् ।खोजी र उद्धार कार्यमा भारतीय, चिनियाँ, कोरियन लगायतका विज्ञ टोलीहरुपनि सकृय रहेका छन्।

छ हजार छ सय ७२ जना घाइते छन् ।घाइतेहरु मध्ये धेरै जना उपचारपछि अस्पतालबाट डिस्चार्ज भइसकेका छन् । राष्ट्रपति रामचन्द्र पौडेल सोमवार बिहान बाढीबाट प्रभावित क्षेत्रको स्थलगत अवलोकन गर्न नुवाकोट पुगे । उनले खोज तथा उद्धार, राहत वितरण र होल्डिङ सेन्टरका विषयमा जानकारी लिए।

भोटेकोशी र त्रिशूली नदीमा आएको बाढीमा परी ज्यान गुमाउनेहरूप्रति उनले श्रद्धाञ्जलि व्यक्त गरेका छन् । आफ्नो सम्बोधनमा उनले घाइतेहरूको स्वास्थ्यलाभको कामना गरेका छन् । अब मृतकको पहिचान प्रक्रियालाई सरकारले सावधानी र संवेदनशील ढङ्गले अगाडि बढाउने उनले विश्वास व्यक्त गरेका छन्।

राष्ट्रपति पौडेलले विभिन्न अन्य देशका नागरिकहरूले पनि घटनामा ज्यान गुमाएको वा बेपत्ता भएको भन्दै सम्बन्धित देशलाई समवेदना प्रकट गरेका छन् । विपद्का बेला सहयोग गर्ने देशहरूप्रति उनले आभार पनि व्यक्त गरेका छन्।

उनले हराइरहेका व्यक्तिहरूको खोजी तथा उद्धारमा संलग्न हुने सुरक्षाकर्मीलगायतको प्रशंसा गर्दै कुनै पनि कुरा खोजी तथा उद्धारलाई रोक्ने कारण बन्न नहुने बताएका छन्।

त्यसअघि सोमवार राष्ट्रपति पौडेल नुवाकोटको बट्टारस्थित एक अस्थायी आश्रयस्थल पुगेर विस्थापितलाई भेटेका थिए।

प्रहरीका अनुसार अहिले विभिन्न जिल्लामा स्थापित होल्डिङ सेन्टरहरूमा झन्डै तीन हजार दुईसय जनाले आश्रय लिएका छन्। सम्पर्कविहीन मानिसहरूको खोजीकार्य जारी छ।

सुरुङमा मानिसहरू फसेको हुन सक्ने स्थानमा खोजी र उद्धारको प्रयासको नेतृत्व नेपाली सेनाले गरेको छ। केही स्थानमा विदेशी विज्ञहरूको टोली पनि सहभागी भएका छन्।

सशस्त्र प्रहरी बलका प्रवक्ता नेत्रबहादुर कार्कीका अनुसार रसुवाको टिमुरेदेखि नवलपरासी पश्चिमस्थित नेपाल-भारत सीमानजिकै नारायणी नदीसम्ममा स्थलगत खोजीकार्य पनि जारी छ।

सेनाको नेतृत्वमा विभिन्न जलविद्युत् आयोजनाका सुरुङ र भूमिगत पावरहाउसहरूमा ध्यान केन्द्रित गरी खोजीकार्य जारी रहेको सेनाका प्रवक्ता राजाराम बस्नेतले बताए।

भोटेकोशी नदीमा भदौ १० गते प्रलयकारी बाढी आएको थियो ।बिहान आएको सो बाढीले दर्जनौ वस्तीलाई नै बगाए ।घर, पुल, सडक मानिस, पशु समेतलाई बगाएको सो बाढीबाट भएको क्षतिको यकिन विवरण अझै आएको छैन् ।कयौं विद्यालयहरु बगेका छन् ।कयौं परिवारको केहि सदस्य हराइरहेका र केहि जिवित छन् ।प्रभावित क्षेत्रका जिवितहरुपनि आफन्तको खोजीमा भौतारिएका छन् ।आफन्त सम्पर्कमा नआएपछि केहिले कुशको शव बनाएर अन्तिम संस्कार गरेका छन्।

व्यवस्थापन गरिएको शवहरुको डीएनए टेष्टगरि मिल्ने आफन्तले शव बुझेर लग्न सक्ने व्यवस्था गरिएपनि त्यो प्रभावकारी हुन सकेको छैन् ।डीएनए परीक्षण गराएर शव लग्नेहरुको संख्या कम देखिएको छ ।हुनत अझै धेरै परिवारको आशा आफन्त सुरक्षित रहेको छ ।उनीहरु अझै आफन्तलाई कुरिरहेका छन्।

सरकारले प्रभावित क्षेत्रका पीडितहरुको पीडामा मलहम लगाउने अनेक प्रयास जारी राखेको छ ।सरकारले खोजी र राहत कार्यलाई निरन्तरता दिएको छ ।उद्धारका लागि हेलिकोप्टर परिचालन गरेको छ ।प्रभावित क्षेत्रमा राहतलाई व्यवस्थित रुपमा वितरण गर्ने प्रकृयामा सरकारले विशेष ध्यान दिएको छ।

# जानकी फाइनान्स मुक्तिनाथमा बिलय हुँदै

**टुडे समाचारदाता**

जनकपुरधाम ।सञ्चालकहरुको बदनियतले टाट पल्टिन लागेको जानकी फाइनान्स कम्पनी लिमिटेड अब मुक्तिनाथ विकास बैंकमा विलय हुन लागेको छ।

जनकपुरधामको पहिलो फाइनान्स कम्पनीको रुपमा रहेको जानकी फाइनान्स कम्पनीका सञ्चालकहरुले पछिल्लो समयमा ऋणीहरुबाट अग्रिम कमिसन लिएर कमजोर धितोमा ऋण प्रवाह गर्न थालेपछि कम्पनी टाट पल्टिन लागेको थियो।

कम्पनी धराशायी हुने संकेतहरु देखिन थालेपछि नेपाल राष्ट्र बैंकले कारवाही सहित निगरानीमा राखेको थियो ।फाइनान्स कम्पनीलाई ऋण प्रवाह र निक्षेप संकलनमा समेत रोक लगाएको थियो ।त्यो अझै फुकुवा नभएको स्रोतहरुले जनाएका छन्।

विकास बैंकको रुपमा उल्लेख्य प्रगति गरेको मुक्तिनाथ विकास बैंकले सिन्धु विकास बैंक र जानकी फाइनान्स कम्पनीलाई प्राप्ति (एक्विजिसन) गर्ने सहमति भएसँगै 'क' वर्गको राष्ट्रिय बैंकको मान्यता पाउने भएको छ।

लामो समयदेखि बैंक मर्जरको प्रकृया रोकिएपनि मुक्तिनाथ विकास बैंकले मर्जरको प्रकृयालाई अगाडी बढाएसँगै नेपाली बैंकिङ क्षेत्रमा मर्जरको माहोल बनेको छ । नेपाली बैंकिङमा 'मर्जरको माहोल' धेरैपछि बनेको हो।

मुक्तिनाथ विकास बैंकले सिन्धु र जानकीलाई प्राप्ति गर्ने समझदारी पत्रमा हस्ताक्षर गरिसकेको छ ।मुक्तिनाथ विकास बैंकले सिन्धु विकास बैंक र जानकी फाइनान्सलाई प्राप्ति गर्ने प्रकृया अगाडी बढेको उच्चस्रोतहरुले जनाएका छन्।

योसँगै यी कम्पनीहरुका आधारभूत सेयरधनीहरुको सेयर कारोबारसमेत रोक्का गरिएको छ। दुई कम्पनीलाई एकैपटक प्राप्ति गरेर विकास बैंकबाट वाणिज्य बैंक बन्न लागेको नयाँ बैंकको नाम मुक्तिनाथ बैंक हुनेछ।

एकै पटक दुईवटा वित्तिय संस्थालाई प्राप्ति गर्ने मुक्तिनाथ बैंक पहिलो हुने भएको छ ।हाल सम्म एकै पटक कुनै विकास बैंकले दुईवटा संस्थालाई एकसाथ प्राप्त गरेको थिएन्।

बैंकको सिइओ भने मुक्तिनाथ विकास बैंककै सिइओ तारा मानन्धर हुने सहमति भएको छ । नेपाल राष्ट्र बैंकको स्वीकृति र नियामकीय प्रक्रिया पूरा भएपछि एकीकृत कारोबार सुरु हुनेछ । जनकपुरधामको पहिलो




> **एकै पटक दुईवटा वित्तिय संस्थालाई प्राप्ति गर्ने मुक्तिनाथ बैंक पहिलो हुने भएको छ ।हाल सम्म एकै पटक कुनै विकास बैंकले दुईवटा संस्थालाई एकसाथ प्राप्त गरेको थिएन् ।**

र ऐतिहासिक जानकी फाइनान्स कम्पनीको अब इतिहास मेटिनेछ ।कम्पनीको नाम समेत हराउने छ ।भ्रष्ट केहि सञ्चालकहरुको कारण फाइनान्स कम्पनी डुब्न लागेपछि राष्ट्र बैंकको प्रयासमा मर्जरको प्रकृया अगाडी बढेको छ।

साना ऋणीहरुलाई जानकी फाइनान्स कम्पनीमा चर्को ब्याज तिर्नुपरेपनि ऋण प्राप्ति प्रकृया सहज थियो ।बाणिज्य बैंकहरुको जस्तो ऋण लिन लामो समय नलाग्ने भएकोले हतारमा ऋण लिन जानकी फाइनान्समा ऋणीहरु जाने गर्थे ।यद्यपी फाइनान्स कम्पनी भएकोले ब्याजदर बाणिज्य बैंकहरुको तुलनामा चर्को थियो।

जनकपुरधाममा राष्ट्रिय वाणिज्य बैंकको दुईवटा शाखा र नेपाल बैंक लिमिटेडको दुईवटा शाखा मात्र रहेको बेला जानकी फाइनान्स कम्पनीको स्थापना गरिएको थियो ।बैंकका संस्थापकहरु मध्ये पछिल्लो समयमा केहि संस्थापकहरुले ऋणीसित मोटो रकम कमिसन लिएर कमसल धितोमा ऋण प्रवाह गर्न थालेका थिए ।त्यसबाट ऋणी र कम्पनी दुबै डुब्ने भएपनि सञ्चालकहरुले मोटो रकम कमिसन पाउने गरेका थिए ।कुनै बेला देशकै वित्तिय संस्थाहरु मध्ये अग्रस्थानमा रहेको जानकी फाइनान्स कम्पनीको इतिहास नै अब समाप्त हुने भएको छ।


जनकपुरधामलाई केन्द्र बनाएर स्थापित भएको सहयोगी विकास बैंकको इतिहासपनि समाप्त भइसकेको छ ।केन्द्रिय कार्यालय जनकपुरधाममा रहेको सहयोगी विकास बैंक सिटिजन्स बैंकमा मर्ज भइसकेको छ ।सहयोगी विकास बैंकको सम्पूर्ण सम्पत्ती सिटिजन्स बैंकमा समाहित भइसकेको छ।

सहयोगी विकास बैंकले यस भेगको आर्थिक उन्नतीका लागि सहज रुपमा कर्जा प्रवाह गरिरहेको थियो ।त्यस बैंकमा पनि उथलपुथल हुन थालेपछि मर्ज गरिएको थियो।

सिटिजन्स बैंकको जनकपुरधाममा दुईवटा शाखा रहेपनि ऋण लगायतका सुबिधाका लागि सहयोगी विकास बैंक जस्तो सहज छैन् ।सहयोगी विकास बैंकको प्रधान कार्यालयका लागि बनाइएको भवनमापनि सिटिजन्स बैंकको शाखा कार्यालय रहेको छ ।सहयोगी विकास बैंकको बिभिन्न कार्यक्रमहरु जनकपुरधाममा हुने भएकोले यहाँको बिभिन्न क्षेत्रको कारोबारमा समेत बृद्धि भएको थियो।

जानकी फाइनान्स कम्पनी स्थापना भएको ३१ औं वर्षमा आफ्नो अस्तित्व समाप्तगर्दै मुक्तिनाथ विकास बैंकमा विलिय हुन लागेको छ ।नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको मान्यता प्राप्त जानकी फाइनान्स कम्पनीले हाल सम्म आफ्नो केन्द्रिय कार्यालय स्थापना गर्न सकेको छैन् ।बहालकै घरमा कम्पनीको प्रधान कार्यालय रहेको छ।

कम्पनी विलयपछि शेयरको दर सार्वजनिक गरिनेछ ।मुक्तिनाथ बैंकले जानकी फाइनान्स कम्पनीको शेयरलाई निकै कम मुल्यांकन गरेको स्रोतहरुले जनाएका छन्।



# धनुषामा २२५ पोका रगत सङ्कलन



जनकपुरधाम।बाढीपहिरोबाट घाइते तथा प्रभावितको उपचारमा रगतको अभाव हुन नदिन धनुषाको ढल्केबरमा २२५ पोका रगत सङ्कलन गरिएको छ।

बाढी प्रभावित क्षेत्रमा रगतको आवश्यकता बढिरहेको र अस्पतालमा रगत अभाव देखिन थालेपछि मानवीय सेवाको भावनासहित ढल्केवरमा आयोजित बृहत् रक्तदान कार्यक्रममा २२५ पोका रगत सङ्कलन गरिएको हो।

आइतबार २९ महिला र १९६ पुरुषले रक्तदान गरेका मिथिला नगर पत्रकार सञ्जालका अध्यक्ष बिजयकुमार साहले जानकारी दिनुभयो।

आयोजकका अनुसार मधेश प्रदेशमा एउटै रक्तदान कार्यक्रममा यति ठूलो परिमाणमा रगत सङ्कलन भएको यो अहिलेसम्मकै उच्च परिमाण हो।

रक्तदान गर्न स्थानीयवासी मात्र होइन, व्यवसायी, युवा, सामाजिक सङ्घसंस्थाका प्रतिनिधिलगायत विभिन्न क्षेत्रका व्यक्ति उत्साहका साथ सहभागी थिए।

रक्तदाताले आफूले दिएको रगतको केही थोपा कसैको जीवनमा अमूल्य बन्न सक्ने भन्दै नियमित रक्तदानका लागि सबैलाई प्रेरित गरेका थिए।

रसुवा बाढीपहिरोमा परी ज्यान गुमाएकाप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गरिएको थियो। 'रक्तदान जीवनदान' भन्ने मूल नाराका साथ आयोजित कार्यक्रममा मिथिला लायन्स क्लब, ढल्केवर खानेपानी उपभोक्ता समिति, मिथिला उद्योग वाणिज्य सङ्घ, मिथिला ब्याडमिन्टन क्लब, मिथिला नगर पत्रकार सञ्जाल, मधेस प्रदेश उद्योग परिसङ्घ, मिथिला युवा सञ्जाल, शुभकामना सहकारी संस्था बडहरी र नमूना सहकारी संस्था ढल्केवरलगायत सङ्घसंस्थाको सहकार्य थियो।

नेपाल रेडक्रस सोसाइटी धनुषा र ब्लड फोर नेपालको प्राविधिक सहयोगमा सम्पन्न कार्यक्रममा सङ्कलन गरिएको रगतले उपचारका क्रममा रगत आवश्यक पर्ने बिरामीलाई सहयोग पुग्ने अपेक्षा गरिएको छ।

ढल्केवरमा यसपटक केवल रगतको सङ्कलन भएन, मानवीय संवेदना, सामाजिक एकता र सहयोगको भावना ठूलो मात्रामा सङ्कलन भएको स्थानीयले बताएका छन्। रासस

## बाढी प्रभावितको उपचारका लागि १७९ पिन्ट रगत सङ्कलन

पर्सा। रसुवा बाढी प्रभावितको उपचारका लागि वीरगञ्जस्थित विभिन्न सङ्घ/संस्थाले १७९ पिन्ट रगत सङ्कलन गरेका छन्।

यहाँस्थित नेशनल मेडिकल कलेज तथा शिक्षण अस्पतालमा आयोजना गरिएको रक्तदान कार्यक्रम ६८ पिन्ट रगत सङ्कलन गरिएको छ। रोटर्याक्ट क्लब अफ नेशनल मेडिकल कलेजको आयोजनामा तथा नेशनल मेडिकल कलेज ब्लड बैंकको सहकार्यमा उक्त कार्यक्रम सञ्चालन गरिएको हो।

रक्तदान अभियानमा चिकित्सक, स्वास्थ्यकर्मी, शिक्षक, कर्मचारी, विद्यार्थी, स्वयंसेवक तथा विभिन्न क्षेत्रका सहभागीले रक्तदान गर्नुभएको थियो।

सङ्कलित प्रत्येक युनिट रगतले विपद्बाट प्रभावित तथा उपचाररत बिरामीको जीवन बचाउन महत्त्वपूर्ण योगदान पुग्नेछ। बैंक तथा वित्तीय क्षेत्रमा कार्यरत १११ जना कर्मचारीले सामाजिक उत्तरदायित्व तथा मानवीय सेवामा जोड्ने उद्देश्यले रक्तदान गर्नुभएको छ।

वीरगञ्ज बैंकर्स ग्रुपले आयोजना गरेको कार्यक्रममा १० जना महिलासहित १११ जनाले रक्तदान गरेका आयोजक संस्थाले जानकारी दिएको छ। रासस

# वर्षान्तको बजेट खर्च रोक्ने मधेसको नयाँ परीक्षण




जनकपुरधाम। मधेस प्रदेशमा विकास बजेट खर्च गर्ने पुरानो शैली परिवर्तन गर्ने प्रयास सुरु भएको छ। आर्थिक वर्षको अधिकांश समय विकास निर्माणका योजना अलपत्र राख्ने र असारमा आएर बजेट सक्नकै लागि धमाधम काम गर्ने प्रवृत्ति अन्त्य गर्ने उद्देश्यले प्रदेश सरकारले यस वर्ष आर्थिक वर्षको सुरुदेखि नै बजेट कार्यान्वयनमा लैजाने नीति लिएको छ।

प्रदेशको अर्थ मन्त्रालयले सबै मन्त्रालयलाई बजेट कार्यान्वयनका लागि अख्तियारी उपलब्ध गराएपछि अब विकास आयोजनाको प्रक्रिया भदौबाटै अघि बढाउन बाटो खुलेको छ। मन्त्रालयहरूले योजना तयारी, लागत अनुमान, बोलपत्र आह्वान र ठेक्का प्रक्रियालाई सुरुदेखि नै अघि बढाउन सक्नेछन्। प्रदेश अर्थ मन्त्रालयको वेबसाइटमा चालु आर्थिक वर्षको बजेट कार्यान्वयनसम्बन्धी मार्गदर्शन, विनियोजन ऐन, रातो किताब र वार्षिक विकास कार्यक्रमसमेत सार्वजनिक गरिएको छ।

मधेस प्रदेशमा मात्र होइन, देशका धेरै सरकारी निकायमा आर्थिक वर्षको अन्त्यतिर विकास खर्च बढ्ने प्रवृत्ति पुरानै समस्या हो। वर्षको सुरुवातमा बजेट विनियोजन भए पनि योजना कार्यान्वयनका लागि आवश्यक प्रशासनिक तथा प्राविधिक प्रक्रिया ढिला हुने गर्छ। त्यसपछि आर्थिक वर्ष सकिन लाग्दा बजेट खर्च गर्ने दबाब बढ्छ।

यही दबाबले जेठ र असारमा सडक, नाला, भवन, कल्भर्टलगायतका काम एकैपटक अघि बढ्ने गरेका छन्। काम सम्पन्न गर्ने समय छोटिँदै जाँदा अनुगमन कमजोर हुने र निर्माणको गुणस्तरमा सम्झौता हुने जोखिम बढ्छ। अर्थमन्त्री युवराज भट्टराईका अनुसार विगतमा अर्थ मन्त्रालयले बजेट बनाउने तर मन्त्रालयहरूले समयमै बजेट प्राप्त नगर्ने गुनासो आउने गरेको थियो। अब भने विनियोजित बजेट कार्यान्वयनका लागि सुरुदेखि नै उपलब्ध गराउने व्यवस्था गरिएको छ। अर्थमन्त्री भट्टराई भन्नुभयो, "अब विगतमा जस्तो आर्थिक वर्षको अन्त्यमा हतारहतारमा विकास निर्माणको काम गर्नुपर्ने अवस्था हुँदैन।"

कुनै आयोजना कार्यान्वयनका लागि बजेटबाहेक विस्तृत अध्ययन, लागत अनुमान, प्राविधिक डिजाइन, जग्गा तथा वातावरणीय पक्ष, बोलपत्र कागजात, ठेक्का सम्झौता र निर्माण व्यवसायीको परिचालनजस्ता धेरै चरण पार गर्नुपर्छ। यीमध्ये कुनै एक चरणमा ढिलाइ भयो भने सुरुमै बजेट उपलब्ध भए पनि आयोजना असारसम्म धकेलिन सक्छ।

मधेस प्रदेशको नयाँ अभ्यासको वास्तविक परीक्षा अर्थ मन्त्रालयले बजेट खुला गरेको दिनभन्दा मन्त्रालयहरूले बोलपत्र कहिले निकाल्छन्, सम्झौता कहिले गर्छन् र निर्माणस्थलमा काम कहिले सुरु हुन्छ भन्नेमा निर्भर हुनेछ। यसपटक प्रदेश सरकारले विकास निर्माणका काम बोलपत्र प्रक्रियामार्फत अघि बढाउने नीतिले उपभोक्ता समितिमार्फत गरिने साना-साना योजनाको विकल्प खोजेको देखिन्छ।

चालु आर्थिक वर्षको बजेटमा एक करोड रुपियाँभन्दा कम लागतका योजना समावेश नगर्ने नीति लिइएको छ। प्रदेश सभाबाट पारित बजेटमा यस्तो व्यवस्था गरिनुको एउटा प्रमुख कारण टुक्रे योजनाको संख्या घटाउनु र सीमित स्रोतलाई ठूला तथा परिणाममुखी आयोजनामा केन्द्रित गर्नु हो। विगतमा साना योजनाहरू उपभोक्ता समितिमार्फत कार्यान्वयन गर्दा योजना छनोटदेखि भुक्तानीसम्म अनियमितता र कमिसनको खेल हुने गरेको आरोप लाग्दै आएको थियो।

एक करोडको सीमा र बोलपत्र प्रणालीले यस्ता सम्भावना घटाउने अपेक्षा गर्न सकिन्छ तर यसलाई आफैँमा भ्रष्टाचार नियन्त्रणको पूर्ण उपाय मान्न भने सकिँदैन। प्रणालीसँगै ठेक्का व्यवस्थापन, प्राविधिक अनुगमन, सार्वजनिक सूचना र कामको गुणस्तर परीक्षण पनि बलियो हुन आवश्यक रहेको सरोकारवाला बताउँछन्।

प्रदेश सरकारले बोलपत्रलाई प्राथमिकता दिएपछि अर्को प्रश्न स्थानीय सहभागिताको हो। उपभोक्ता समितिबाट हुने काममा स्थानीय नागरिकको प्रत्यक्ष सहभागिता हुने भएकाले कतिपय अवस्थामा साना सामुदायिक संरचना निर्माणमा त्यसको उपयोगिता देखिँदै आएको छ। तर यही माध्यमबाट योजना टुक्र्याउने, राजनीतिक पहुँचका आधारमा योजना बाँड्ने र कमिसनको आरोप लाग्ने अवस्था पनि देखिएको छ। बोलपत्रमा गएर पनि ठूला निर्माण व्यवसायीले काम ओगट्ने, समयमा सम्पन्न नगर्ने र स्थानीय आवश्यकतालाई बेवास्ता गर्ने अवस्था आयो भने मात्र प्रणाली परिवर्तनले अपेक्षित परिणाम दिन सक्दैन।मधेस प्रदेश सरकारले चालु आर्थिक वर्षका लागि ४१ अर्ब १३ करोड ८६ लाख रुपियाँको बजेट ल्याएको छ। बजेट ठूलो भए पनि यसको सम्पूर्ण रकम प्रदेशको आफ्नै राजस्वबाट मात्र आउने होइन। सङ्घीय अनुदान तथा राजस्व प्राप्तिमा कमी आएमा प्रदेशको खर्च क्षमता प्रभावित हुन सक्छ। अर्थ मन्त्रालयले केही मन्त्रालयका केही शीर्षकको बजेट रोक्का राखेको जनाएको छ। स्रोतको अनिश्चितताबीच सबै बजेट एकैपटक खुला गर्दा भविष्यमा भुक्तानी व्यवस्थापनमा समस्या आउन सक्ने जोखिमलाई सरकारले ध्यान दिनुपर्ने देखिन्छ। बजेट समयमै उपलब्ध गराउने र स्रोतको सुनिश्चितता कायम गर्नेबीच सन्तुलन कायम राख्नु पनि नयाँ अभ्यासका लागि चुनौती बन्नसक्ने सम्भावना देखिन्छ।

मधेस प्रदेशले बजेट खर्चको पुरानो अभ्यास बदल्न खोजेको छ तर विकास बजेटको सफलता खर्च प्रतिशतले मात्र मापन गर्नु अर्को पुरानो गल्ती हुनेछ। यदि भदौ महिनामै ठेक्का लाग्यो तर आयोजना वर्षौंसम्म सम्पन्न भएन भने समयमै बजेट कार्यान्वयन हुन सक्दैन।

प्रदेश सरकारका लागि मुख्य चुनौती कति बजेट खर्च भयो' होइन, 'कति काम समयमा, गुणस्तरीय र पारदर्शी रूपमा सम्पन्न भयो भन्ने कुराले बजेको सही कार्यान्वयनलाई पुष्टि गर्दछ। खर्च बढ्यो तर सडक केही महिनामै भत्कियो, भवन प्रयोगविहीन भयो वा आयोजना नागरिकको आवश्यकताअनुसार भएन भने त्यसलाई विकासको उपलब्धि मान्न सकिँदैन।

प्रदेश सरकारले विगतको वर्षान्तमुखी खर्च प्रणाली परिवर्तन गरी अर्थ मन्त्रालयले बजेट उपलब्ध गराउने कामसँगै मन्त्रालयहरूको कार्यसम्पादन पनि नियमित रूपमा सार्वजनिक गर्नुपर्ने देखिन्छ। मधेस प्रदेशको यो नीति बजेट खर्च गर्ने समय परिवर्तन गर्ने मात्र होइन, विकास प्रशासनको कार्यशैली परिवर्तन गर्ने अवसर पनि हो। असारको अन्तिम दिन बजेटसक्ने संस्कार तोडेर भदौदेखि नै काम सुरु गर्ने अभ्यास संस्थागत गर्न सकियो भने प्रदेशको विकास खर्चमा मात्र होइन, सार्वजनिक निर्माणको गुणस्तरमा पनि सुधार आउन सक्छ। रासस

## एक सय १४ केजी लागुऔषधसहित पक्राउ

पर्सा। प्रहरीले ११४ केजी २५ ग्राम लागुऔषध गाँजा बोकेको सवारीसाधनसहित एक जनालाई पक्राउ गरेको छ।

गाँजा ओसारपसार भइरहेको भन्ने सूचनाका आधारमा आज इलाका प्रहरी कार्यालय पोखरिया पर्सा र प्रहरी चौकी धोरेबाट खटिएको संयुक्त प्रहरी टोलीले धादिङका साजन चेपाङलाई पक्राउ गरेको हो।

पर्साको पकाहामैनपुर गाउँपालिका-१ धोरेस्थित तिलाइपुलबाट धोरेतर्फ आइरहेको एक निशान कारलाई रोकी जाँच गर्दा डिक्कीभित्र लुकाइछिपाइ राखेको लागुऔषध गाँजा फेलापरेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायब उपरीक्षक चक्रबहादुर मल्लले जानकारी दिनुभयो।

त्यसैगरी, प्रहरीले तार चोरी गर्ने कार्यमा संलग्न रहेको आरोपमा दुई जनालाई पक्राउ गरेको छ।

**फरार प्रतिवादी पक्राउ**

प्रहरीले जबर्जस्ती करणी मुद्दामा १० वर्ष कैद सजाय तोकिएपछि फरार रहेका पर्साका अखिलेश साह तेलीलाई पक्राउ गरेको छ। अदालतबाट कैद सजाय तोकिएपछि फरार रहेका साहलाई विशेष सूचनाका आधारमा इलाका प्रहरी कार्यालय भिस्वा बञ्जारीबाट खटिएको प्रहरी टोलीले आज उनकै घरबाट पक्राउ गरेको हो।रासस

# महोत्तरीका अझै ९ जना बेपता, ८ जना सम्पर्कमा

**टुडे समाचारदाता**

जलेश्वर। रसुवाको भोटेकोशी तथा त्रिशूली नदी क्षेत्रमा आएको विनाशकारी बाढीपछि महोत्तरीबाट विभिन्न काम, रोजगारी तथा भ्रमणका क्रममा रसुवा पुगेका नागरिकमध्ये ९ जना अझै सम्पर्कविहीन रहेको छ।

जिल्ला प्रशासन कार्यालय महोत्तरीले गरेको सार्वजनिक गरेको विवरण अनुसार बाढीमा सम्पर्कविहिन भएका १७ जना मध्ये ८ जना भने परिवार तथा आफन्तको सम्पर्कमा आएको छ भने अझै ९ जना बेपता रहेको छ।

प्रशासनको पछिल्लो विवरणअनुसार अझै सम्पर्क हुन नसकेकामा सितबहादुर लुङ्गेली, विजय थापा मगर, सुशीललाल दास, विकासकुमार यादव, सन्तोषकुमार ठाकुर, हसन अन्सारी, गंगाराम मण्डल, जोया राना मगर र सौभाग्य विष्ट रहेका छन्। उपलब्ध पछिल्लो जिल्लागत विवरणमा महोत्तरीका १० जना सम्पर्कविहीन रहेको उल्लेख छ।

यीमध्ये अधिकांश व्यक्ति रसुवा क्षेत्रमा रहेका जलविद्युत् आयोजना, निर्माण तथा अन्य रोजगारीसँग जोडिएका देखिन्छन्। केही भने काम तथा व्यवसायका सिलसिलामा र केही भ्रमणका क्रममा रसुवा पुगेका थिए। यसअघि सार्वजनिक विवरणमा महोत्तरीका नागरिकहरू अपर त्रिशूली-१, त्रिशूली हाइड्रोपावर तथा अन्य जलविद्युत् आयोजनामा कार्यरत रहेको उल्लेख गरिएको थियो। जोया राना मगर पनि अपर




त्रिशूली-१ सँग सम्बन्धित रहेको विवरणमा उल्लेख छ। कार्यालयबाट समेत उनीसँग हालसम्म सम्पर्क हुन नसकेको जनाइएको छ।

पिपरा गाउँपालिका-३ का इन्जिनियर विकास यादव त्रिशूली हाइड्रोपावरमा कार्यरत रहेको उल्लेख छ। उनको खोजतलासका लागि परिवारजनले प्रहरीसमक्ष समेत अनुरोध गरेको विवरणमा जनाइएको छ।

मटिहानी नगरपालिका-७ का गंगाराम मण्डल भने रोजगारीका सिलसिलामा मात्रै नभई पर्यटकसँगै रसुवा पुगेको देखिन्छ। प्रशासनको विवरणअनुसार उनी काठमाडौंमा चालकका रूपमा काम गर्दै आएका थिए र करिब ३-४ दिनअघि करिब ४० जनाको समूहसँग पर्यटकका रूपमा रसुवा गएको बताइएको छ। गंगाराम सम्पर्कविहीन भएपछि उनका परिवारमा थप चिन्ता बढेको छ। जलेश्वर नगरपालिका-७ का हसन अन्सारी पनि अझै सम्पर्कविहीनको सूचीमा छन्। प्रशासनको विवरणअनुसार उनी काठमाडौंमा टायरसम्बन्धी काम गर्ने स्थानमा कार्यरत थिए। सोही व्यवसायका मालिकले गाडी मर्मतका लागि उनलाई रसुवा पठाएको बुझिएको छ। त्यसपछि आएको बाढीका कारण उनीसँग सम्पर्क हुन नसकेको प्रशासनको विवरणमा उल्लेख छ।

यसबीच, महोत्तरीबाट सम्पर्कविहीन भएका केही व्यक्तिले भने परिवारसँग सम्पर्क स्थापित गरेका छन्। पछिल्लो विवरणमा राकेशकुमार यादव, सचिन यादव, युवराज पाण्डे, आदित्यकुमार यादव, विपिनकुमार मण्डल, विश्वजीत मण्डल, श्रीकेश यादव र विकास भारती सम्पर्कमा आएको उल्लेख छ।

यसअघि सार्वजनिक गरिएको महोत्तरी प्रशासनको प्रारम्भिक विवरणमा रसुवामा रहेका १९ जनामध्ये १८ जना सम्पर्कविहीन र एक जना सम्पर्कमा रहेको उल्लेख गरिएको थियो। त्यसपछि क्रमशः थप व्यक्तिहरू परिवारको सम्पर्कमा आएका हुन्।

रसुवाको भोटेकोशी क्षेत्रमा आएको आकस्मिक बाढीले जलविद्युत् आयोजनामा कार्यरत ठूलो संख्याका मजदुर, प्राविधिक तथा अन्य कर्मचारी प्रभावित भएका छन्। महोत्तरीबाट रसुवा पुगेकाहरू पनि विभिन्न हाइड्रोपावर आयोजना, चालक तथा अन्य काममा संलग्न रहेको प्रशासनका विवरणहरूले देखाउँछन्।

बाढीपछि विभिन्न जिल्लाका नागरिक सम्पर्कविहीन भएकाले प्रशासन र सुरक्षा निकायले परिवार तथा आफन्तबाट प्राप्त सूचनाका आधारमा विवरण अद्यावधिक गर्दै आएका छन्। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण तथा प्रहरीले उद्धार, खोजी र सम्पर्क स्थापना गर्ने काम जारी राखेका छन्।

यसरी हेर्दा रसुवाको भोटेकोशी बाढी महोत्तरीका परिवारका लागि अझै समाप्त नभएको पीडाको कथा बनेको छ–७ जना आफन्तको सम्पर्कमा फर्किए पनि १० परिवार आफ्ना प्रियजनको खबरको प्रतीक्षामा छन्। खोजी तथा उद्धार प्रभावकारी रूपमा अघि बढाउन परिवारजनले सम्बन्धित निकायसँग निरन्तर आग्रह गरिरहेका छन्।

## एनपिएलको टिकट बिक्री गर्ने अधिकार इसेवालाई

काठमाण्डु। नेपाल प्रिमियर लिग (एनपिएल) को तेस्रो संस्करणको टिकट बिक्री गर्ने अधिकार इसेवाले पाएको छ। नेपाल क्रिकेट सङ्घ (क्यान)ले आज तेस्रो संस्करणको एनपिएलको मिडिया र टिकट बिक्री गर्ने अधिकार प्रदान गरेको हो।

क्यानद्वारा सोमबार जारी प्रेस विज्ञप्तीमा मिडिया तथा टिकट बिक्री गर्ने अधिकारसम्बन्धी बोलपत्र र खरिद प्रक्रिया पूरा गरी सफल अधिकारधनी कम्पनीहरूलाई अधिकार प्रदान गरेको जनाएको हो। इसेवा लिमिटेडले टिकट बिक्री गर्ने अधिकार रु ८५ लाखमा प्राप्त गरेको छ। क्यानका अनुसार टिकट बिक्रीबाट प्राप्त आम्दानीको ९५ प्रतिशत क्यानलाई र पाँच प्रतिशत इसेवालाई प्राप्त हुनेछ।

क्यानका अनुसार विश्वव्यापी ओटीटी अधिकार नेट टिभी प्रालीलाई रु १८ करोड ४ लाखा प्रदान गरेको छ। त्यसैगरी नेपालभित्र टेलिभिजन प्रशारण अधिकार भने हिमालयन टेलिभजनले प्राप्त गरेको छ। यसका लागि हिमालनय टेलिभिजनले रु १४ करोड ६४ लाखको बोलपत्र पेश गरेका थियो। एनपिएल आगामी कात्तिक ९ देखि मङ्सिर ५ गतेसम्म राजधानीमा आयोजना हुँदैछ। रासस

**सौरभ कुमार साहको नाउाको घर खाली गर्ने सम्बन्धी ३५ दिने सूचना**

मेरो नाउँमा दर्ता रहेको जि.धं. ज. उ. म. न. पा. वडा नं. ९ कि. नं. ५४ क्षेत्रफल ०-४-१३ (चार कठ्ठा तेह्र धुर) जग्गा जि. महोत्तरी गा. वि. स. भंगहा वडा नं. ८ हाल भंगहा गा. पा. वडा नं. ५ का दामोदर प्रसाद साहको नाति सन्तोष कुमार साहको छोरा अन्दाजी वर्ष ३८ को (ना. प्र. प. नं. १२६२६६१३) तपाईं सौरभ कुमार साहले भाडामा लिनु भएकोमा सो जग्गा मलाई आफ्नो प्रयोजनको लागि आवश्यक भएकोले हाल सम्मको भाडा भुक्तानी गरि यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र आफ्नो सर-सामान लगि सो घर जग्गा खाली गरि दिनु होला। अन्यथा कानून बमोजिम प्रक्रियामा जाने जानकारी गराउँदछु।

**घरधनि**
अनमोल देवि झा
ज. उ. म. न. पा. वडा नं. ९
जनकपुरधाम, धनुषा
मोः ९८५४०२६०३७

**ज्योतिष-मार्गदर्शन**
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | आजको दिन तपाईका लागि विशेष उपलब्धि रहनेछ। |
| वृष : | तपाईकाले बोलीको प्रभावले महत्वपूर्ण कामहरु बन्नेछन्। |
| मिथुन : | आत्मविश्वास र पराक्रममा अभूतपूर्व वृद्धि हुनेछ। |
| कर्कट : | अनावश्यक खर्च नियन्त्रण गर्नुपर्ने चुनौती रहन सक्छ। |
| सिंह : | आयस्रोतका नयाँ बाटोहरु खुल्नेछन्। |
| कन्या : | कार्यक्षेत्रमा तपाईको जिम्मेवारी र कार्यकुशलताको उच्च कदर हुनेछ। |
| तुला : | लामो दुरीको यात्रा वा वैदेशिक यात्राको सम्भावना बलियो छ। |
| वृश्चिक : | स्वास्थ्यमा केही सामान्य उतारचढाव देखा पर्न सक्नेछ। |
| धनु : | साझेदारी व्यवसायमा ठुलो सफलता मिल्नेछ। |
| मकर : | तर्कशक्ति र पराक्रमद्वारा विरोधीहरु परास्त हुनेछन्। |
| कुम्भः | बौद्धिक कार्य तथा सिर्जनात्मक क्षेत्रमा विशेष सफलता हासिल हुनेछ। |
| मीनः | घरपरिवारमा सुखशान्तिको छाउनेछ। |

गुरुजीसङ्ग जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

**महत्वपूर्ण टेलिफोन नम्बरहरू**
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

**नेपाल रेल्वको समय तालिका**

**जनकपुरधाम - जयनगर**
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

**जानकी मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

**राम मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# कटहरियामा सडक निर्माण शुरु



टुडे समाचारदाता

रौतहट । मधेश प्रदेश सरकारद्वारा सञ्चालित 'एक निर्वाचन क्षेत्र, एक सडक' योजना अन्तर्गत रौतहटको कटहरिया नगरपालिकामा १५ करोड ७५ लाख रुपैयाँको लागतमा सडक निर्माण सुरु भएको छ।

सो योजनाअन्तर्गत सडक कालोपत्रेसँगै पुल, कलभर्ट र नाला निर्माणको काम भइरहेको छ। पुल तथा कलभर्ट निर्माणको काम अन्तिम चरणमा पुगेको छ भने सडक कालोपत्रेको पहिलो चरणको कामसमेत सुरु भएको निर्माण कम्पनीले जनाएको छ।

ठेक्का प्रक्रियामार्फत मुन्ना कन्स्ट्रक्सनले भ्याटसहित १५ करोड ७५ लाख रुपैयाँमा निर्माणको जिम्मा पाएको हो। निर्माण कम्पनीका अध्यक्ष प्रमोदकुमार यादवका अनुसार कटहरिया बजारस्थित विवाह भवनदेखि उत्तरतर्फ वडा नम्बर ३ को बडका बडेरवासम्म करिब ३.१ किलोमिटर सडक कालोपत्रे गरिनेछ।

योजना अन्तर्गत विभिन्न स्थानमा ढलान तथा कालोपत्रे, दुईवटा कलभर्ट, तीनवटा ह्युमपाइप कलभर्ट र करिब १ हजार ६ सय मिटर नाला निर्माण गरिने सम्झौता भएको छ। गत असारदेखि निर्माण सुरु भएको उक्त योजना आगामी २०८४ साल असारसम्ममा सम्पन्न गर्ने सम्झौता रहेको अध्यक्ष यादवले बताए।

प्रादेशिक निर्वाचन क्षेत्रअन्तर्गत एउटा सडक निर्माण गर्ने योजनाअनुसार भइरहेको यो निर्माणले कटहरियासहित आसपासका हजारौँ स्थानीयलाई आवतजावतमा सहज हुने अपेक्षा गरिएको छ।

रौतहट क्षेत्र नम्बर ३ बाट पहिलो पटक निर्वाचित भएका तत्कालीन सभासद तथा वर्तमान प्रदेश सांसद सुनिलकुमार यादवको सक्रियतामा करिब एक दशकअघि निर्माण भएको कटहरिया-जंगलसहिया सडक अहिले जीर्ण अवस्थामा पुगेको स्थानीयको भनाइ छ।

सडकमा ठाउँ-ठाउँमा ठूला खाल्डाखुल्डी परेपछि साइकल, मोटरसाइकलदेखि चारपांग्रे सवार ीसाधनसम्म सञ्चालनमा समस्या हुँदै आएको थियो। सडकको दुर वस्थाका कारण दुर्घटनासमेत हुने गरेको स्थानीय बताउँछन्।

हाल बडका बडेरवा गाउँको उत्तरी सिमानासम्म निर्माण भइरहेको कालोपत्रे सडकले स्थानीयको आवतजावतमा ठुलो राहत पुग्ने कटहरिया नगरपालिका-४ का वडाध्यक्ष चन्दन कुशवाहाले बताएका छन्।

कुशवाहाले दोस्रो चरणमा बडेरवादेखि पोखरभिन्डासम्मको सडकसमेत कालोपत्रे गर्न मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादव, अर्थमन्त्री युवराज भट्टराई तथा पूर्वअर्थमन्त्री सुनिलकुमार यादव (जितेन्द्र)को ध्यानाकर्षण गराएका छन्।

स्थानीयका अनुसार बडेरवादेखि पोखरभिन्डासम्मको सडक पनि निर्माण हुन सके कटहरिया नगरक्षेत्रका विभिन्न बस्तीलाई मुख्य सडक सञ्जालसँग जोडिन थप सहज हुनेछ।

# विपद् जस्तै राजनीतिमा पनि संकट : अध्यक्ष यादव

टुडे समाचारदाता

रुपन्देही। जनता समाजवादी पार्टी (जसपा), नेपालका अध्यक्ष उपेन्द्र यादवले मुलुक प्राकृतिक प्रकोपको संकट जस्तै राजनीतिक संकटमा रहेको बताएका छन्। उनले अहिले पनि जनताले सुशासन पाउन नसकेको गुनासो गरेका छन्।

जसपा नेपाल जिल्ला कार्यसमिति, रुपन्देहीले सोमबार भैरहवामा आयोजना गरेको कार्यकर्ता भेला तथा अभिमुखीकरण कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष यादवले अहिले पनि मुलुकमा कुशासन कायम रहेको बताए।



'विगतको निर्वाचनमा विकास र सुशासन तथा पुरानो होइन, नयाँको नारा दिइयो। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले बहुमत पायो। बहुमत पाइसकेपछि विकास र सुशासन हरायो। अहिले पनि सुशासन जनताले पाएका छैनन्। अहिले पनि कुशासनै कायम छ। आज देश आर्थिक सङ्कटमा परेको छ। नेपाल ग्रे लिस्टमा परेको छ, अब ब्लाक लिस्टमा पर्ने सम्भावना छ', उनले भने।

प्रयास गरेको देखिए पनि नेतृत्व सफल हुन नसकेको उनले बताए। जे मा पनि कर बढेको भन्दै अध्यक्ष यादवले गरीब जनतामाथि कर थप्नु अन्याय भएको बताए। कृषि, उद्योग, पर्यटनलगायतका आर्थिक क्षेत्रहरू निकै खस्कँदै गएको उनले बताए।

पूर्व उपप्रधानमन्त्री समेत रहेका अध्यक्ष यादवले मुलुकमा भ्रष्टाचार, कमिसनतन्त्र र दलालीको तरिका बदलिएको तर, यसमा पहिला भन्दा कमी भने नआएको जिकिर गरे। विगत ३४ वर्षमा ३० पटक सरकार बदलिएको र सरकार बनाउने, गिराउने तथा पार्टी बनाउने र तोड्ने काम भएको उनको भनाइ छ।

यसबाट जनताले अपेक्षा गरेअनुसार काम हुन नसकेको उनले बताए। मुलुक अपेक्षाकृत विकासको गतिमा अगाडि बढ्न नसकेको र यसको नेतृत्व काँग्रेस-कम्युनिस्टले गरेको उनले बताए।

'यी पार्टी जनतालाई न्याय दिन, मुलुकलाई आर्थिक समृद्धि र विकासको बाटोमा लैजान पूर्ण रूपमा असफल भए। हामी काँग्रेस-कम्युनिस्टका पछाडि लाग्यौँ, यही नै हाम्रो गल्ती भयो', उनले भने। अध्यक्ष यादवले पार्टीको अनुशासन र निर्णय विपरीत काम गर्ने जोसुकैलाई पनि कारबाही गरिने बताए।

त्यस्तै पार्टीका उपाध्यक्ष तथा मधेश प्रदेशका पूर्व मुख्यमन्त्री जितेन्द्र सोनलले अहिले देशको अवस्था ठीक नरहेको बताए। 'जसपा नेपाल अहिले प्रतिनिधि सभामा नभए पनि सडकमा छ। सदन र सरकार तपाईंको होला, अहिले हाम्रो सडक छ', उनले भने।

कार्यक्रममा पूर्व रक्षा राज्यमन्त्री रामवचन यादव, लुम्बिनी प्रदेश सभा सदस्य अम्बिका काफ्ले, जसपा नेपालको केन्द्रीय सदस्य सावित्री वि.क., अजय वर्मा, नेतृ विजया खत्री, लुम्बिनी प्रदेश अध्यक्ष रामअवतार यादव, प्रदेश उपाध्यक्ष मोहम्मद असलम खाँ, रामकिसुन नायक, नवलपरासी जिल्ला अध्यक्ष धरेन्द्र यादव, लगायतका व्यक्तिहरुको उपस्थिति रहेको जसपा नेपाल रुपन्देहीका अध्यक्ष सियाराम यादवले बताए।

# बाढीमा ज्यान गुमाएको स्मरणमा मौन धारण

टुडे समाचारदाता

जलेश्वर। महोत्तरीको मटिहानी नगरपालिकामा रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीमा परी ज्यान गुमाएकाहरूको सम्झनामा श्रद्धाञ्जलीसभा तथा एक मिनेट मौनधारण गरिएको छ।

नेपाल सरकारले देशभर राष्ट्रिय शोक दिवस मनाउने दिएको निर्देशनको पालना गर्दै मटिहानी नगरपालिकाको आह्वानमा सोमबार बिहान ११ बजे नगर क्षेत्रका विभिन्न स्थानमा एक मिनेट मौनधारण गरिएको हो।

मटिहानी नगरपालिकाको आह्वान अनुसार नगर क्षेत्रका सरकारी कार्यालय, विद्यालय, मदरसा तथा सार्वजनिक स्थलमा उपस्थित नागरिक र कर्मचारीहरूले आ-आफ्नो स्थानमा उभिएर एक मिनेट मौनधारण गरेका थिए।

मौनधारण मार्फत भोटेकोशी बाढी तथा प्राकृतिक विपत्तिमा परी ज्यान गुमाएका मृतकहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गरिएको थियो।

नगरपालिकाले विपत्तिमा परी ज्यान गुमाउनेप्रति सम्मान तथा शोकसन्तप्तपरिवारप्रतिऐक्यबद्धता जनाउँदै राष्ट्रिय शोकको अवसरमा सबै नगरवासीलाई मौनधारणमा सहभागी हुन आह्वान गरेको थियो।

नगर क्षेत्रका विभिन्न स्थानमा एकै समयमा गरिएको मौनधारणमा जनप्रतिनिधि, कर्मचारी, शिक्षक, विद्यार्थी तथा सर्वसाधारणको सहभागिता रहेको थियो।

# वृद्ध दम्पतिलाई लुटपाट गर्ने पांचजना पक्राउ

टुडे समाचारदाता

जनकपुरधाम, २२ भदौ। रामेछाप प्रहरीले जिल्लाको खाँडादेवी गाउँपालिकाका एक वृद्ध दम्पतीलाई बन्धक बनाएर गरगहना तथा नगद लुटपाट गर्ने गिरोहका पाँच जनालाई प्रहरीले पक्राउ गरेको छ।

प्रहरीका अनुसार पक्राउ पर्नेमा सिन्धुली घ्याङलेख गाउँपालिका-२ का २५ वर्षीय सुमन जर्घा मगर, रामेछाप खाँडादेवी-२ का ३२ वर्षीय दिर्घराज मोक्तान, सोही ठाउँका ३३ वर्षीय पशुपति श्रेष्ठ, झापा दमक-७ का ४४ वर्षीय पिताम्बर गहतराज र धनकुटा बेलाहारा-५ का ३८ वर्षीय दीपक भन्ने गुणराज विश्वकर्मा रहेका छन्।

खाँडादेवी गाउँपालिका-२ मझुवा नेवारटोलमा गत भदौ १८ गते राति करिब १२ बजे ८५ वर्षीय बखतमान लामा र उनकी ८६ वर्षीया श्रीमती कान्छीमाया तामाङ घरमा सुतिरहेको अवस्थामा तीन जना नकाबधारी व्यक्ति घरभित्र प्रवेश गरेका थिए।

प्रहरीका अनुसार उनीहरूले वृद्ध दम्पतीको हात प्लास्टिकको टेपले बाँधेर मुख थुनेका तथा आँखामा पट्टी लगाई ज्यान मार्ने धम्की दिएका थिए। त्यसपछि घरमा




रहेको नगद तथा वृद्ध दम्पतीले लगाएका गरगहना लुटेर उनीहरू फरार भएका थिए।

घटनाको अनुसन्धानका क्रममा प्रहरीले डकैतीमा संलग्न रहेको आरोपमा पाँच जनालाई भदौ २० गते भक्तपुरका विभिन्न स्थानबाट पक्राउ गरेको हो। प्रहरीले उनीहरूको साथबाट नगद, मोबाइल, मोटरसाइकल, बैंकसम्बन्धी कागजात, घटनामा प्रयोग भएका कपडा तथा सुनजस्तो पहेँलो धातुका गरगहना लगायतका सामग्री बरामद गरेको जनाएको छ।

प्रहरीका अनुसार सुमन जर्घा मगरको साथबाट २५ हजार रुपैयाँ नगद, रेडमी मोबाइल र २२० सीसीको मोटरसाइकल बरामद भएको छ। दिर्घराज मोक्तानबाट ५२ हजार २ सय रुपैयाँ नगद, नागरिकता, राहदानी, बैंकको चेक तथा घटनामा प्रयोग भएको ज्याकेट र हाफकट्ट बरामद गरिएको छ।

त्यस्तै, पशुपति श्रेष्ठबाट मोटरसाइकल, ६ हजार ४ सय ६० रुपैयाँ नगद, मोबाइल, बैंक खातामा रहेको रकमसम्बन्धी विवरण, सहकारीको बचत पुस्तिका, बुद्धचित्तका दाना, पानस-टुकी, पुराना सिक्का तथा सुनजस्तो पहेँलो धातुको औँठी बरामद भएको प्रहरीले जनाएको छ। पिताम्बर गहतराजबाट मोबाइल र गुणराज विश्वकर्माबाट सुनजस्तो पहेँलो धातुका दुई वटा रिङ बरामद गरिएको छ।

प्रहरी अनुसन्धानका क्रममा पक्राउ परेका पशुपति श्रेष्ठको समूह अन्य चोरीका घटनामा समेत संलग्न रहेको खुलेको छ। प्रहरीका अनुसार उक्त समूहले खाँडादेवी गाउँपालिका-७ स्थित रुद्रेश्वर महादेव मन्दिरको दान पेटिका फुटाएर रकम चोरी गरेको पाइएको छ।

यस्तै, खाँडादेवी-३ की सुन्दरी श्रेष्ठको करिब २८/३० किलोको खसी तथा सोही वडाका रामबहादुर श्रेष्ठको गोठबाट करिब १५ किलोको बोका चोरी गरेको घटनामा पनि समूहको संलग्नता पुष्टि भएको प्रहरीले जनाएको छ।

प्रहरीको क्रिमनल रेकर्ड सिस्टम जाँच गर्दा पशुपति श्रेष्ठविरुद्ध यसअघि काठमाडौंको कालीमाटी प्रहरी वृत्तमा डाँका तथा चोरीसम्बन्धी मुद्दा चलेको देखिएको छ। दिर्घराज मोक्तानविरुद्ध रामेछाप प्रहरीमा अभद्र व्यवहारसम्बन्धी मुद्दा चलेको र गुणराज विश्वकर्माविरुद्ध बौद्ध प्रहरी वृत्त काठमाडौंमा जुवासम्बन्धी कसूरको मुद्दा चलेको प्रहरीले जनाएको छ।

# युनिलिभरद्वारा बाढी प्रभावितका लागि ६ करोड सहयोग

टुडे समाचारदाता



काठमाण्डू। रसुवाको भोटेकोशी सहित देशका विभिन्न नदी क्षेत्रमा आएको बाढीबाट प्रभावित समुदायको राहत तथा पुनःस्थापना अभियानमा सहयोग पुऱ्याउने उद्देश्यले युनिलिभर नेपाल लिमिटेडले ६ करोड रुपैयाँ बराबरको सहयोग गरेको छ।

युनिलिभर नेपालले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा नगद ५ करोड रुपैया सहित बाढी प्रभावित नागरिकको तत्कालीन आवश्यकता र स्वास्थ्य तथा सरसफाइको अवस्थालाई ध्यानमा राख्दै थप करिब २६ टन दैनिक अत्यावश्यक स्वास्थ्य तथा सरसफाइ सामग्री समेत उपलब्ध गराएको जनाएको छ।

कम्पनीका अनुसार ती सामग्रीको मूल्य करिब १ करोड रुपैयाँ बराबर रहेको छ। यससँगै कम्पनीको कुल सहयोग करिब ६ करोड रुपैयाँ पुगेको छ।

बाढीको पानी घट्दै गएपछि प्रभावित क्षेत्रमा प्रदूषण र विभिन्न प्रकारका संक्रमण फैलिन सक्ने जोखिमलाई ध्यानमा राखेर सरसफाइ सामग्री उपलब्ध गराइएको कम्पनीले जनाएको छ। बाढीबाट प्रभावित परिवारलाई व्यक्तिगत स्वच्छता कायम राख्न तथा घरपरिवार र वरपरको वातावरण सफा राख्न सहयोग पुगोस् भन्ने उद्देश्यले सामग्री वितरण गरिएको हो।

युनिलिभर नेपालका अनुसार राहत सामग्रीमा लाइफबोय, लक्स, सनसिल्क, क्लोजअप, भिम र रिन लगायत स्वास्थ्य तथा घरायसी सरसफाइसँग सम्बन्धित उत्पादनहरू रहेका छन्। युनिलिभर नेपाल लिमिटेडका प्रबन्ध निर्देशक अम्लान मुखर्जीले विपद्को कठिन समयमा प्रभावित समुदायको साथमा उभिनु सबैको साझा जिम्मेवारी भएको बताएका छन्। उनले नेपालले चुनौतीपूर्ण परिस्थितिमा पटक-पटक धैर्यता र सहनशीलता प्रदर्शन गर्दै आएको उल्लेख गर्दै जारी राहत प्रयासमा सहयोग पुऱ्याउन र प्रभावित परिवारलाई पुनःस्थापनाको यात्रामा साथ दिन कम्पनी प्रतिबद्ध रहेको बताए।

बाढीपछि प्रभावित क्षेत्रमा राहत, उद्धार र पुनःस्थापनाका काम भइरहेका बेला सुरक्षित तथा स्वस्थ जीवनयापनको वातावरण पुनःस्थापित गर्न सरसफाइ र स्वास्थ्यसम्बन्धी सामग्रीको आवश्यकता बढेको छ। यही अवस्थालाई मध्यनजर गर्दै कम्पनीले नगद सहयोगसँगै प्रत्यक्ष प्रयोगमा आउने सामग्री उपलब्ध गराएको हो।

# एमाले पूर्व नेता मण्डल रास्वपामा प्रवेश



टुडे समाचारदाता

जनकपुरधाम। नेकपा एमालेका पूर्व प्रदेश कमिटी सदस्य तथा युवा नेता देवकृष्ण मण्डल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मा प्रवेश गरेका छन्।

एमालेबाटसाधारणसदस्यसमेतबाट राजीनामा दिइसकेका मण्डल सोमबार जनकपुरधाममा आयोजित एक कार्यक्रमबीच मण्डललाई रास्वपा मधेश प्रदेशका आरएटी विभाग प्रमुख अम्भु प्रसाद साहले गम्छा लगाएर पार्टीमा स्वागत गरेका हुन्।

कार्यक्रममा धनुषा-२ का प्रतिनिधिसभा सदस्य रामविनोद यादवको समेत विशेष उपस्थिति रहेको थियो। मण्डललाई पार्टीमा प्रवेश गराउन हंसपुरका युवा नेताहरू मनोजकुमार यादव, रामभजन यादव र ललित यादवले विशेष पहल गरेको बताइएको छ।

पार्टी प्रवेश कार्यक्रममा रास्वपा हंसपुरका युवा नेता मनोजकुमार यादव, रामभजन यादव, ललित यादवलगायतको सहभागिता थियो। एमालेमा रहँदा प्रदेश कमिटी सदस्यको जिम्मेवारीसमेत सम्हालेका मण्डलले पछिल्लो समय एमालेको साधारण सदस्यबाट समेत राजीनामा दिएका थिए।

रास्वपामा प्रवेश गरेसँगै उनले पार्टीको नीति, विचार र उद्देश्यअनुसार संगठन विस्तारमा सक्रिय भएर लाग्ने प्रतिबद्धता जनाएका छन्। उनले जनताको अपेक्षा र आवश्यकता केन्द्रमा राखेर राजनीतिक तथा सामाजिक गतिविधिमा सक्रिय रहने बताए।

साथै, पार्टी संगठनलाई स्थानीय तहसम्म मजबुत बनाउन आफ्नो भूमिका प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त गरे। रास्वपा नेताहरूले मण्डलको प्रवेशले धनुषा-२ तथा हंसपुरमा पार्टीको संगठन विस्तारमा थप सहयोग पुग्ने दाबी गरेका छन्।

# ठगी मुद्दामा जनमतका पूर्व कोषाध्यक्ष यादवले पाए सफाई

टुडे समाचारदाता

जनकपुरधाम। जनमत पार्टीका अध्यक्ष डा. चन्द्रकान्त (सीके) राउतले दिएको ठगी सम्बन्धी मुद्दामा पार्टीका पूर्वराष्ट्रिय कोषाध्यक्ष सुरेन्द्र नारायण यादवले ललितपुर जिल्ला अदालतबाट सफाइ पाएका छन्।

ललितपुर जिल्ला अदालतका न्यायाधीश हरिसिंह धामीको एकल इजलासले यादवविरुद्ध लगाइएको अभियोग दाबी अनुसारको कसुर पुष्टि हुन नसकेको ठहर गर्दै उनलाई सफाइ दिएको हो।

यादवविरुद्ध जनमत पार्टीको ललितपुरस्थित इमाडोलको कार्यालय तथा सम्पत्ति हस्तान्तरण नगरेको र आर्थिक कारोबारमा अनियमितता गरेको आरोप लगाउँदै पार्टी अध्यक्ष राउत पक्षले प्रहरीमा जाहेरी दिएको थियो। सोही जाहेरीका आधारमा यादवमाथि ठगी तथा आपराधिक विश्वासघात सम्बन्धी मुद्दा चलाइएको थियो।

यो प्रकरणमा यादव २०८२ वैशाखमा सप्तरीबाट पक्राउ परेका थिए। ललितपुरबाट पक्राउ



पुर्जी जारी भएपछि सप्तरी प्रहरीले उनलाई पक्राउ गरी ललितपुर पठाएको थियो। अदालतले यसअघि उनलाई धरौटीमा छाड्ने आदेशसमेत दिएको थियो। विभिन्न स्रोतका अनुसार धरौटी रकमसम्बन्धी आदेश र त्यसपछि रकम दाखिला गर्ने प्रक्रिया पनि अघि बढेको थियो।


यादवको पक्राउसँगै जनमत पार्टीभित्रको आन्तरिक विवाद समेत सार्वजनिक भएको थियो। पार्टीले यादवलाई पदबाट निलम्बन गर्दा आर्थिक हिसाबकिताब, पार्टी गतिविधिमा अनुपस्थिति तथा पार्टीको अनुमति बिना आर्थिक कारोबार गरेको लगायत चार बुँदे आरोप समेत लगाएको थियो।

सोही क्रममा यादव पक्षले भने आफूविरुद्धको कारबाही र पक्राउलाई पार्टीभित्रको राजनीतिक विवादसँग जोडेर प्रश्न उठाउँदै आएको थियो। तत्कालीन विवादमा पार्टीका नेताहरूबीच आर्थिक कारोबार, इमाडोलको घर तथा पार्टीको सम्पत्तिसम्बन्धी विषयमा फरक-फरक दाबी सार्वजनिक भएका थिए।

तर, अदालतको पछिल्लो फैसलासँगै यादवविरुद्ध चलेको उक्त ठगीसम्बन्धी मुद्दामा अभियोग दाबीअनुसारको कसुर पुष्टि नभएको ठहर भएको छ। यस फैसलाले जनमत पार्टीभित्र लामो समयदेखि विवादमा रहेको यादव प्रकरणलाई नयाँ मोड दिएको छ।

यद्यपि, अदालतको फैसलाको पूर्ण पाठ सार्वजनिक भएपछि सफाइको कानुनी आधार र अदालतले प्रमाणको मूल्यांकन कसरी गरेको हो भन्ने थप स्पष्ट हुनेछ।





अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥

## सम्पादकीय

# क्यासिनोमा नेपाली

सरकारले पर्यटन प्रबर्द्धनका लागि देशको राजधानी लगायत केहि सीमावर्ती सहरहरुमा समेत क्यासिनो (जुवाघर) सञ्चालनको अनुमति दिएकोछ । क्यासिनो सञ्चालनको अनुमति दिएपनि नेपालीको प्रवेशलाई पूर्णतःरोक लगाइएको छ। नेपालीले क्यासिनोमा जुवा खेल्न पाउँदैन् । नेपालीलाई तास, कौडा लगायतको जुवा खेल्ने अनुमतिपनि छैन् । नेपालीहरुले कुनै प्रकारको जुवा खेल्न रोक छ। तास, कौडा लगायतबाट जुवा खेल्ने र खेलाउने दुवैलाई प्रहरीले पक्राउगरि कारवाही गर्छ। जुवाको खालबाट बरामद हुने रकमपनि प्रहरीले जफ्त गर्छ। आर्थिक रुपमा हारजित हुने कुनैपनि खेल नेपालीका लागि प्रतिबन्धित छ। नेपालीहरुलाई जुवाको खालमा भेंट्ने बितिकै प्रहरीले नियन्त्रणमा लिएर कारवाही चलाउछ। तर क्यासिनोलाई सरकारले स्वीकृती दिएकोछ । नेपाल बाहेक देशका नागरिकका लागि क्यासिनोमा जुवा खेल्ने अनुमति छ। क्यासिनोमा प्रवेशगर्दा अनिवार्य रुपमा पहिचान पत्र देखाउनु पर्ने हुन्छ। क्यासिनोको ढोकामा पहिचान पत्र देखेर मात्र प्रवेशको अनुमति हुन्छ। सरकारले क्यासिनोको अनुमति दिनुको अभिप्राय नै भारतीय लगायतका विदेशी पर्यटकहरुलाई आकर्षित गर्नु हो। विदेशीहरुले आफ्नो मुलुकमा दुई नम्बर मार्गबाट आर्जन गर्ने रुपैयालाई क्यासिनोमा मनोरञ्जन गर्न ल्याएका हुन्छन्। नेपालको क्यासिनोमा अधिकांश भारतीय नागरिकहरु आउने गर्छन्। उनीहरुले भारतको क्यासिनोमा जुवा खेल्न सहज हुँदैन्। त्यसकारण नेपाल लगायतका देशहरुमा क्यासिनोमा जुवा खेल्न उनीहरु जान्छन्। भारतीय पर्यटकहरुकै कारण नेपालको क्यासिनो चलिरहेको भन्दा अतिशयोक्ति नहोला। क्यासिनोमा भारतीय नागरिक रकम जित्ने भन्दा मनोरञ्जनका लागि आउने गर्छन्। क्यासिनो खेल्न आउने भारतीय नागरिकहरुको कारण पर्यटन क्षेत्रमा आर्थिक कारोबार स्वभाविक रुपमा बढने गरेको छ। तर क्यासिनोमा जुवा खेल्ने नेपालीहरु सडकमा पुगेका छन्। पर्सा र बारा जिल्लाका कयौं युवा, व्यवसायीहरु क्यासिनोमा जुवा खेलेर बर्बाद भएका छन्। घर, परिवारमा तनाव भएको छ। नेपालीहरुलाई कानुनी रुपमा जुवा खेल्ने र खेलाउने अनुमति नभएपनि क्यासिनो सञ्चालकहरुले नेपालीहरुलाईपनि गलत पहिचान पत्रबाट जुवा खेलाउने गरेको पाइन्छ। काठमाण्डुको पाँचतारे होटेलहरुमा सञ्चालित क्यासिनो अथवा बाहिरका सहरहरुमा सञ्चालित क्यासिनोमा नेपालीहरु खेल्ने क्रम रोकिएको छैन्। नेपालीहरुलेपनि जुवा घरमा प्रवेशगरि खेल्ने गर्छन्। पछिल्लो पटक वीरगञ्जमा सञ्चालित एउटा जुवाघर(क्यासिनो)मा जुवा खेलिरहेको अवस्थामा एउटा गाउँपालिकाका अध्यक्ष र एकजना प्रहरी निरीक्षक सहित आठ जनालाई प्रहरीले पक्राउ गरेको हो। प्रहरीले पक्राउ गरेपछि क्यासिनोमा नेपालीहरुको प्रवेश निरन्तर भइरहेको छर्लंग भएको छ। यस अघिपनि क्यासिनोहरुबाट नेपाली जुवाडेहरु पक्राउ परेका हुन्। जुवाको लत लागेकाहरु सडकमा नआउँदा सम्म खेल्न छाड्दैन्। नेपाली समेतलाई सहभागि गराएर क्यासिनो सञ्चालन गर्नेहरुको इजाजत पत्रलाई नै रद्द गर्नुपर्छ।

# जेनजी विद्रोह र मधेशको परिवर्तित मनोविज्ञान



● विजय मस्त

रसुवा जिल्लामा आएको भीषण बाढीका कारण देश शोकमा छ। यस प्राकृतिक विपद्ले एक वर्षअघि मात्र भएको नेपालमा जेनजी उमेर समूहका युवाहरूको विद्रोह र त्यसका उपलब्धि तथा क्षतिको मूल्याङ्कन गर्ने अवसरलाई ओभेलमा पारेको छ। देशमा विकसित हुँदै गएको दलतन्त्र, नेतातन्त्र, भ्रष्टाचार तथा कुशासनको विरोधमा जेनजी पुस्ताले २०८२ भदौ २३ गते राजधानी काठमाडौंमा प्रदर्शन गरेको थियो। सामाजिक सञ्जाल र डिजिटल प्रविधिमा हुर्किएको यो पुस्ताले समाजमा विद्यमान सामाजिक तथा आर्थिक असमानतालाई नजिकबाट देख्दै र अनुभव गर्दै आएको थियो।

त्यतिबेला संसदका प्रतिपक्षी राजनीतिक दलहरू कमजोर अवस्थामा थिए। सरकार सञ्चालन गरिरहेका प्रमुख दलमा पनि दोस्रो तथा युवा पुस्ताको आवाज प्रभावकारी रूपमा स्थापित हुन सकेको थिएन। नागरिक समाज र सामाजिक अभियानहरूले समेत शक्तिशाली सरकारविरुद्ध व्यापक जनदबाब सिर्जना गर्न सकेका थिएनन्। यस्तो परिस्थितिमा जेनजी पुस्ता सडकमा उत्रियो र छोटो समयमै त्यसले राष्ट्रिय राजनीतिको दिशा नै बदल्ने अवस्था सिर्जना गऱ्यो।

जेनजी आन्दोलनलाई नेपालको मात्र घटनाका रूपमा पनि हेर्न मिल्दैन। सामाजिक सञ्जालले विश्वलाई जोडेको अवस्थामा नेपाली युवाहरूले अन्य देशमा भएका युवा आन्दोलन र राजनीतिक परिवर्तनलाई नजिकबाट नियालिरहेका थिए। दक्षिण एसियाकै बंगलादेश र श्रीलंकामा युवाहरूको सहभागितामा भएका आन्दोलनले स्थापित राजनीतिक शक्तिलाई चुनौती दिँदै परिवर्तन सम्भव छ भन्ने सन्देश दिएका थिए। विश्वका विभिन्न मुलुकमा भ्रष्टाचार, अधिनायकवाद र कुशासनविरुद्ध भएका आन्दोलनले पनि नेपाली युवाको राजनीतिक चेतनामा प्रभाव पारेका थिए।

त्यसैले जेनजी विद्रोह अचानक उत्पन्न भएको घटना थिएन। यो लामो समयदेखि समाजमा जम्मा हुँदै आएको असन्तुष्टि, राजनीतिक निराशा, आर्थिक अवसरको असमानता, बेरोजगारी, भ्रष्टाचार र राज्यप्रतिको घट्दो विश्वासको संयुक्त परिणाम थियो।

जेनजी विद्रोहको पहिलो दिन युवाहरूको विद्रोह र राज्यको दमनको घटना थियो भने अर्को दिन अर्थात् भदौ २४ गतेको हिंसात्मक आन्दोलन र आगजनीले देशका अधिकांश मुख्य संरचनामा क्षति पुऱ्यायो। युवाहरूले नेपालमा विद्रोह गरेको यो पहिलो घटना भने होइन। २००७ सालको प्रजातन्त्र स्थापना, २०४६ को जनआन्दोलन, माओवादीको १० वर्षे जनविद्रोह, २०६२ को दोस्रो जनआन्दोलन तथा मधेश आन्दोलनमा पनि युवाहरूको ठूलो योगदान थियो। तर जेनजी विद्रोहमा युवाहरूले नेतृत्वसमेत गरेकाले यसलाई विशेष मान्नुपर्छ।

### लोकतन्त्रको सुदृढीकरण

जेनजी विद्रोहको क्रममा सबैभन्दा ठूलो चुनौती त्यसपछिको राजनीतिक अवस्थालाई सुरक्षित रूपमा अवतरण गर्नु थियो। संघीयता, लोकतन्त्र र गणतन्त्रसँगै एक दशक मात्र पुरानो संविधानसमेत संकटमा परेको थियो। तर सरोकारवाला तथा युवाहरूको सुझबुझका कारण संविधान बच्यो र संघीयता, लोकतन्त्र तथा गणतन्त्रमाथि आएका चुनौतीलाई पनि किनारा लगाउन सफल भइयो।

जेनजी आन्दोलनले राजनीतिक सत्ता र नेतृत्वको संरचनामाथि ठूलो प्रश्न उठायो। त्यसपछि उत्पन्न राजनीतिक घटनाक्रमले देशलाई नयाँ निर्वाचनतर्फ धकेल्यो। प्रतिनिधिसभाको निर्वाचनमार्फत नयाँ राजनीतिक शक्तिले जनमत प्राप्त गऱ्यो र जेनजी आन्दोलनले उठाएका कतिपय प्रश्न राजनीतिक प्रक्रियाभित्र प्रवेश गरे।

जेनजी आन्दोलनले लोकतान्त्रिक व्यवस्थालाई विस्थापित गर्ने बाटो रोजेन। बरु राजनीतिक परिवर्तनको अन्तिम वैधता जनताको मतबाट खोजियो। लोकतन्त्रमा राजनीतिक दलहरूको विकल्प खोज्नु स्वाभाविक हो, तर लोकतान्त्रिक राजनीतिक प्रक्रियाको विकल्प खोज्नु जोखिमपूर्ण हुन्छ। राजनीतिक दल परिवर्तन हुन सक्छन्, नयाँ दल जन्मिन सक्छन्, पुराना दल कमजोर हुन सक्छन् र नयाँ नेतृत्व स्थापित हुन सक्छ। तर नागरिकको सार्वभौम अधिकार, निर्वाचन, अभिव्यक्ति स्वतन्त्रता र संस्थागत शासनको आधार कमजोर पारेर दिगो परिवर्तन सम्भव हुँदैन। त्यसैले लोकतन्त्रको विकल्प लोकतन्त्रको अन्त्य होइन, अझ बलियो लोकतन्त्र हो।

### मधेशमा आएको परिवर्तन

जेनजी विद्रोहको एक वर्षमा नेपालको सामाजिक-राजनीतिक परिवेशमा उल्लेखनीय परिवर्तन आएको छ। आन्दोलनले स्थापित राजनीतिक शक्तिलाई आफ्नो कार्यशैली, नेतृत्व र जनतासँगको सम्बन्धबारे पुनर्विचार गर्न बाध्य बनायो। आन्दोलनपछि विकसित राजनीतिक घटनाक्रमले प्रतिनिधिसभाको निर्वाचनको बाटो खोल्यो र नयाँ राजनीतिक शक्तिले जनमत प्राप्त गऱ्यो। यस अर्थमा सडकमा सुरु भएको असन्तुष्टि अन्ततः मतपत्रसम्म पुग्यो।

यस परिवर्तनको महत्वपूर्ण अध्याय मधेशसँग जोडिएको छ। नेपालको राजनीतिक इतिहासमा पहिलोपटक मधेश मूलका व्यक्ति देशको प्रधानमन्त्री बनेका छन्। यसअघि राष्ट्रपति र उपराष्ट्रपति पदमा मधेशबाट प्रतिनिधित्व स्थापित भइसके पनि प्रधानमन्त्रीका रूपमा मधेश मूलका व्यक्तिको उदय हुनु ऐतिहासिक राजनीतिक उपलब्धि हो। जेनजी विद्रोहपछि भएको प्रतिनिधिसभाको निर्वाचनबाट राष्ट्रिय स्वतन्त्र पार्टीको नेतृत्वमा बनेको सरकारमा बालेन्द्र शाह प्रधानमन्त्री बन्नु मधेशका लागि पनि विशेष राजनीतिक अर्थ राख्ने घटना हो।

यसले मधेशमा एउटा नयाँ राजनीतिक मनोविज्ञान निर्माण गरेको छ। लामो समयदेखि राज्यसत्तामा आफ्नो पर्याप्त प्रतिनिधित्व नभएको गुनासो गर्दै आएको मधेशबाट मूल भएका व्यक्ति देशको कार्यकारी नेतृत्वमा पुगेपछि मधेशले त्यसलाई स्वाभाविक रूपमा आफ्नो उपलब्धिका रूपमा लिएको छ। त्यसैले अहिले मधेश आफ्ना कतिपय असन्तुष्टिका विषयमा विगतमा जस्तो तत्काल र आक्रामक रूपमा प्रस्तुत हुन सकिरहेको छैन। वर्तमान संघीय सरकार सफल होस् भन्ने चाहना पनि मधेशमा बलियो देखिन्छ।

तर यसले मधेशका आधारभूत समस्या सम्बोधन भएको छैन। मधेशका असन्तुष्टि राष्ट्रिय राजनीतिका सामान्य असन्तुष्टिभन्दा कतिपय अवस्थामा फरक प्रकृतिका छन्। पहिचान, समावेशिता, सामाजिक विभेद, सीमावर्ती नागरिकका समस्या, कृषि, रोजगारी, शिक्षा, स्वास्थ्य र विकासका प्रश्न अझै सम्बोधन हुन बाँकी छन्।

यही कारण वर्तमान संघीय सरकारप्रति मधेशको अपेक्षा पनि उच्च छ। मधेश मूलका व्यक्ति प्रधानमन्त्री भएको अवस्थामा मधेशका समस्या सम्बोधनका लागि थप संवेदनशीलता र राजनीतिक इच्छाशक्ति देखाइयोस् भन्ने अपेक्षा स्वाभाविक छ। सरकार सफल होस् भन्ने मधेशको चाहना र आफ्ना समस्या सम्बोधन होऊन् भन्ने उसको अपेक्षा एकअर्काका विरोधी होइनन्। बरु यही अपेक्षालाई सरकारले परिणाममा रूपान्तरण गर्न सक्नु आजको मुख्य चुनौती हो।

जेनजी विद्रोहको तापमै मधेशमा पुराना राजनीतिक शक्ति तथा नेतृत्वलाई लगभग विस्थापन गरियो र नयाँ पुस्ताले सहजै निर्वाचन जित्न सफल भयो। यसले राजनीतिलाई घृणाका रूपमा हेर्ने युवा पुस्ताका लागि पनि भविष्यमा अवसर रहेको देखाएको छ।

### मधेशकेन्द्रित दलको संकट र अवसर

जेनजी विद्रोहपछि भएको निर्वाचनले मधेशको राजनीतिमा अर्को गम्भीर प्रश्न खडा गरेको छ। पहिचान, संघीयता र समावेशिताको मुद्दामा लामो समयदेखि राजनीति गर्दै आएका मधेशकेन्द्रित दलहरू प्रतिनिधिसभामा शून्य प्रतिनिधित्वको अवस्थामा पुगे। अर्थात्, मधेशले एकातिर राष्ट्रिय राजनीतिको सर्वोच्च कार्यकारी नेतृत्वमा नयाँ उपस्थिति स्थापित गरेको छ भने अर्कोतिर मधेशी पहिचान र संघीयताको मुद्दा बोकेर स्थापित भएका दलहरू जनमतबाट लगभग विस्थापित भएका छन्।

यो विरोधाभासलाई सामान्य निर्वाचन परिणामका रूपमा मात्र बुझ्नु पर्याप्त हुँदैन। यसले मधेशकेन्द्रित राजनीतिको वर्तमान चरित्रमाथि गम्भीर प्रश्न उठाएको छ। मधेशवादी दलहरूले समयअनुकूल आफूलाई रूपान्तरण गर्न सकेनन्। नयाँ पुस्ताको आकांक्षा, पुस्तान्तरण, सुशासन, रोजगारी, शिक्षा, स्वास्थ्य, प्रविधि, उद्यमशीलता र विकासका प्रश्नलाई आफ्नो राजनीतिक एजेन्डाको केन्द्रमा राख्न सकेनन्। बरु उनीहरू पुरानै मुद्दा, शैली र अनुहारसहित निर्वाचनमा गए।

विगतमा मधेशका सचेत नागरिक समाजले मधेशी दलहरूलाई समान मुद्दा र राजनीतिक आधार भएकाले एकीकरण गर्न तथा पहिचान र संघीयताको कार्यान्वयनका मुद्दालाई बलियो बनाउन पटक-पटक सुझाव दिएको थियो। तर ती सुझावलाई राजनीतिक नेतृत्वले गम्भीरतापूर्वक लिन सकेन। परिणामस्वरूप मधेशमा स्थापित राजनीतिक शक्तिबीच विभाजन, नेतृत्वको प्रतिस्पर्धा र व्यक्तिगत राजनीतिक स्वार्थ हाबी हुँदै गयो।

अहिले भने ती दलहरू एकीकरण र मोर्चाबन्दीका अभियानमा सक्रिय देखिएका छन्। तर केवल पार्टी एकीकरण वा मोर्चाबन्दीले मधेशको राजनीतिलाई पुनर्जीवित गर्न सक्दैन। मधेशको राजनीतिलाई अब संगठनात्मक एकीकरणभन्दा पनि राजनीतिक पुनर्निर्माण आवश्यक छ। नयाँ पुस्तासँग संवाद, नेतृत्वमा पुस्तान्तरण, आन्तरिक लोकतन्त्र, पारदर्शिता, सुशासन र विकासको स्पष्ट दृष्टिकोणबिना पुराना दलहरूको एकीकरणले नयाँ जनमत निर्माण गर्न सक्दैन।

तर यहाँ मधेशकेन्द्रित दलहरूका लागि अवसर पनि उत्तिकै छ। मधेशका विशिष्ट समस्या र राष्ट्रिय राजनीतिका मुद्दाबीच अझै ठूलो अन्तर छ। राष्ट्रिय राजनीतिमा सत्ता परिवर्तन भए पनि मधेशका सामाजिक, आर्थिक र विकाससम्बन्धी समस्या स्वतः समाधान हुने होइनन्। त्यसैले मधेशकेन्द्रित राजनीतिको आवश्यकता समाप्त भएको छैन, बरु त्यसलाई नयाँ ढंगले परिभाषित गर्ने अवसर आएको छ।

अब मधेशकेन्द्रित दलहरूले केवल पहिचानको राजनीति होइन, पहिचानसँगै परिणामको राजनीति गर्नुपर्नेछ। संघीयताको रक्षा गर्दै संघीयताको प्रभावकारिता देखाउने, समावेशिताको माग गर्दै आफ्नै पार्टी संरचनामा समावेशिता लागू गर्ने र सुशासनको कुरा गर्दै आफ्नै राजनीतिक संस्कार परिवर्तन गर्ने चुनौती उनीहरूका सामु छ।

### प्रदेश सरकारप्रतिको असन्तुष्टि

मधेशकेन्द्रित दलहरूको प्रतिनिधिसभामा भएको पराजयलाई संघीयताको प्रश्नबाट अलग गरेर पनि हेर्न सकिँदैन। संघीयता र प्रदेश संरचनाको पक्षमा सबैभन्दा बलियो राजनीतिक आवाज उठाउने मधेशका दलहरूले नै मधेश प्रदेशमा लामो समय सरकारको नेतृत्व गरे। तर प्रदेश सरकारको कार्यसम्पादनले आम नागरिकमा संघीयताप्रतिको अपेक्षा पूरा गर्न सकेन।

प्रदेश सरकार बनेपछि जनताले स्थानीय तहभन्दा माथि र संघीय सरकारभन्दा नजिकको प्रभावकारी सरकारको अनुभूति गर्ने अपेक्षा गरेका थिए। शिक्षा, स्वास्थ्य, कृषि, रोजगारी, पूर्वाधार, सार्वजनिक सेवा र स्थानीय अर्थतन्त्रमा प्रदेश सरकारले ठोस परिवर्तन ल्याउने आशा गरिएको थियो। तर लामो समय सरकारको नेतृत्व गरेका राजनीतिक दलहरूले त्यस्तो परिणाम देखाउन सकेनन्।

प्रदेश सरकारले बनाएका कतिपय कानुन व्यवहारमा प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेनन्। संस्थागत क्षमता कमजोर रह्यो। जनताको दैनिक जीवनमा प्रदेश सरकारको प्रत्यक्ष प्रभाव स्थापित हुन सकेन। विकासका योजनामा राजनीतिक पहुँच र वितरणमुखी प्रवृत्तिको आलोचना भइरह्यो। यसले संघीयताको विरोध गर्ने शक्तिलाई समेत आफ्नो तर्क बलियो बनाउने अवसर दियो।

यसरी हेर्दा मधेशकेन्द्रित दलहरूको निर्वाचन पराजय केवल संगठनात्मक कमजोरीको परिणाम होइन। यो उनीहरूले लामो समयदेखि प्रस्तुत गर्दै आएको राजनीतिक एजेन्डा र शासन सञ्चालनको व्यवहारबीच देखिएको दूरीको परिणाम पनि हो।

जेनजी पुस्ताले यही दूरीलाई अस्वीकार गरेको हो। उसले केवल पहिचानको राजनीति होइन, पहिचानसँगै अवसर, सम्मान, रोजगारी, सुशासन र परिणाम खोजेको छ।

यता जेनजी विद्रोहको एक वर्षमा संघीय संरचना तथा सरकारमा युवाहरूको राम्रो र सकारात्मक उपस्थिति भए पनि त्यही आन्दोलनको आडमा मधेश प्रदेशमा चार पटक सरकार परिवर्तन भयो। यसले प्रदेश तहमा खासै सकारात्मक प्रभाव पार्न सकेन। बरु वर्तमान प्रदेशका राजनीतिक दल, नेतृत्व र प्रदेश संरचनामाथि नै नकारात्मक प्रश्न सिर्जना गरेको छ।

### नयाँ विकल्पको सम्भावना

मधेशको राजनीतिमा अब अर्को प्रश्न महत्वपूर्ण छ, यदि पुराना मधेशी दलहरूले आफूलाई परिवर्तन गर्न सकेनन् भने के हुन्छ ? आगामी प्रदेश निर्वाचन यसको परीक्षणको महत्वपूर्ण अवसर बन्न सक्छ। मधेशका मतदाता लामो समयदेखि पहिचान, संघीयता र प्रतिनिधित्वका मुद्दामा मधेशकेन्द्रित दललाई साथ दिँदै आएका थिए। तर अब उनीहरूले ती मुद्दासँगै सुशासन, विकास, रोजगारी र दैनिक जीवनमा देखिने परिणाम पनि खोजिरहेका छन्।

यदि पुराना मधेशी दलहरूले नेतृत्वमा पुस्तान्तरण गर्न सकेनन्, संगठनलाई लोकतान्त्रिक बनाउन सकेनन्, नयाँ पुस्तासँग संवाद स्थापित गर्न सकेनन् र प्रदेश सरकारको विगतको कार्यसम्पादनबाट पाठ सिकेनन् भने आगामी प्रदेश निर्वाचनमा मधेशले नयाँ राजनीतिक विकल्प खोज्न सक्छ।

त्यस्तो विकल्प मधेशकेन्द्रित दलभित्रैबाट आउन सक्छ, नयाँ राजनीतिक शक्तिबाट आउन सक्छ वा राष्ट्रिय राजनीतिको नयाँ शक्तिले मधेशका विशिष्ट मुद्दालाई आत्मसात् गरेर आफ्नो आधार विस्तार गर्न सक्छ। त्यसैले मधेशको राजनीतिमा अहिले देखिएको रिक्तता संकट मात्र होइन, नयाँ राजनीतिक पुनर्संरचनाको अवसर पनि हो।

मधेशको सन्दर्भमा यो पाठ अझ महत्वपूर्ण छ। पहिचान, संघीयता र समावेशिताका लागि लामो संघर्ष गरेको मधेशले अब ती उपलब्धिलाई सुशासन, विकास, अवसर र राजनीतिक पुस्तान्तरणसँग जोड्नुपर्नेछ।

मधेशमा महिला, मुस्लिम, दलितलगायत समुदायको समावेशी प्रतिनिधित्व, सामाजिक भेदभाव, नेपाल-भारत सीमामा बसोबास गर्ने नागरिकका आर्थिक-सामाजिक समस्या, प्रदेशको कमजोर साक्षरता, स्वास्थ्य सेवामा पहुँचको अभाव, किसानका मलखादसम्बन्धी समस्या, लागुपदार्थको दुर्व्यसन, युवाको रोजगारी र वैदेशिक रोजगारीका चुनौतीलाई अब उच्च प्राथमिकतामा राख्नुपर्छ।

जेनजीको तापले मधेशको राजनीति बदल्ने प्रक्रिया सुरु गरेको छ। यो परिवर्तनले पुराना राजनीतिक शक्तिलाई समाप्त गर्ने मात्र होइन, आफूलाई परिवर्तन गर्ने अवसर पनि दिएको छ। पुराना दलले यो अवसर उपयोग गरे मधेशको राजनीतिमा उनीहरूको पुनरागमन सम्भव छ; तर परिवर्तनलाई अस्वीकार गरे मधेशले नयाँ विकल्प रोज्न सक्छ।

> मधेशको राजनीतिमा अब अर्को प्रश्न महत्वपूर्ण छ, यदि पुराना मधेशी दलहरुले आफूलाई परिवर्तन गर्न सकेनन् भने के हुन्छ ? आगामी प्रदेश निर्वाचन यसको परीक्षणको महत्वपूर्ण अवसर बन्न सक्छ। मधेशका मतदाता लामो समयदेखि पहिचान, संघीयता र प्रतिनिधित्वका मुद्दामा मधेशकेन्द्रित दललाई साथ दिँदै आएका थिए। तर अब उनीहरुले ती मुद्दासँगै सुशासन, विकास, रोजगारी र दैनिक जीवनमा देखिने परिणाम पनि खोजिरहेका छन्।

## मधेशमा मानसिक स्वास्थ्य :
# चुनौती बढ्दैछ, प्राथमिकता कहिले ?



● नितु साह

मधेश प्रदेशमा मानसिक स्वास्थ्यलाई अझै पनि स्वास्थ्य क्षेत्रको प्राथमिकताका रूपमा पर्याप्त महत्त्व दिइएको छैन। यद्यपि उपलब्ध तथ्यांकले भने यस विषयलाई बेवास्ता गर्न नहुने स्पष्ट संकेत गर्छ। राष्ट्रिय मानसिक स्वास्थ्य सर्वेक्षण २०२० अनुसार, मधेश प्रदेशका वयस्कमा कुनै पनि मानसिक विकारको जीवनकालीन प्रचलन २.१ % र वर्तमान प्रचलन १.५ % रहेको थियो। सोही सर्वेक्षण अनुसार मधेशका २.० % वयस्कमा हाल आत्महत्यासम्बन्धी विचार र ०.४ % मा आत्महत्याको प्रयास गरेको इतिहास देखिएको थियो।

अझ पछिल्लो नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०२२ ले पनि मानसिक स्वास्थ्यलाई बेवास्ता गर्न नहुने अवस्था देखाउँछ। १५-४९ वर्षका मधेश प्रदेशका महिलामध्ये २२ % र पुरुषमध्ये ७ %मा सर्वेक्षणअघि दुई हप्तामा एन्जनइटीका लक्षण देखिएका थिए। त्यस्तै,डिप्रेसनका लक्षण महिलामा ५ % र पुरुषमा १ % देखिएका थिए। यी क्लिनिकल डायग्नोसिस नभई स्क्रिनिङबाट देखिएका लक्षण हुन्।

मानसिक स्वास्थ्यसम्बन्धी सेवा उपयोगको अवस्थाले पनि ध्यान खिच्छ। स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली (एचआईएमएस)को वार्षिक स्वास्थ्य प्रतिवेदन २०८१/८२ अनुसार मधेश प्रदेशमा सामान्य मानसिक स्वास्थ्यसम्बन्धी समस्या का लागि २२ हजार ६८ वटा ट्रिटमेन्ट/सर्विस-युटिलाइजेनस केसेस रिपोर्ट भएका छन्। यो तथ्यांकलाई मधेशमा मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिको वास्तविक संख्या भनेर बुझ्न भने मिल्दैन; यसले स्वास्थ्य संस्थामा रिपोर्ट भएका सेवा उपयोगका घटनालाई जनाउँछ।

यसैबीच, जनगणनामा आधारित सरकारी प्रतिवेदनअनुसार मधेश प्रदेशमा ६४० वटा सुसाइड डेथ्स र प्रति एक लाख जनसंख्यामा १०.५ को सुसाइड मोर्टालिटी रेट रिपोर्ट गरिएको थियो।

यी तथ्यांकले एउटा महत्वपूर्ण प्रश्न उठाउँछन् मधेशमा मानसिक स्वास्थ्यलाई स्वास्थ्य प्रणालीको प्राथमिकतामा राख्ने बेला अब आएन र?

मानसिक स्वास्थ्यसम्बन्धी समस्या देखिए पनि सबै व्यक्ति स्वास्थ्य संस्थासम्म पुग्छन् भन्ने हुँदैन। मानसिक स्वास्थ्यलाई अझै पनि "कमजोर मन", "पागलपन" वा व्यक्तिगत असफलतासँग जोडेर हेर्ने सामाजिक धारणा कतिपय अवस्थामा उपचार खोज्ने व्यवहारमा बाधक बन्न सक्छ।

विशेषगरी ग्रामीण तथा आर्थिक रूपमा कमजोर समुदायमा मानसिक स्वास्थ्यसम्बन्धी जानकारीको कमी, सेवा कहाँ पाइन्छ भन्ने अन्योल र सामाजिक कलंकका कारण समस्या लुकाउने प्रवृत्ति हुन सक्छ।

समस्या हुनु एउटा कुरा हो, तर समस्या भएपछि सहयोग खोज्न सक्नु अर्को महत्वपूर्ण कुरा हो। त्यसैले चुनौती केवल "कति मानिसमा समस्या छ ?" भन्ने होइन, "समस्या भएका कति मानिसले समयमै सहयोग पाएका छन् ?" भन्ने पनि हो।

किशोरकिशोरी र युवाको मानसिक स्वास्थ्यलाई मधेशमा विशेष प्राथमिकता दिन आवश्यक छ। पढाइ, परीक्षा, रोजगारीको अनिश्चितता, भविष्यको चिन्ता, पारिवारिक अपेक्षा, सामाजिक सम्बन्ध, बुलिङ तथा सामाजिक सञ्जालसँग सम्बन्धित दबाबले उनीहरूको मानसिक स्वास्थ्यमा असर पार्न सक्छ।

विद्यालय तथा कलेजमा मानसिक स्वास्थ्यबारे खुलेर छलफल गर्ने वातावरणको कमी हुँदा विद्यार्थीले तनाव वा भावनात्मक समस्या लुकाएर राख्न सक्छन्।

त्यसैले विद्यालयमा मानसिक स्वास्थ्यसम्बन्धी साक्षरता, परामर्श सेवा तथा हेपाइ तथा दुर्व्यवहार रोकथाम र आवश्यक परे स्वास्थ्य संस्थामा रेफरल गर्ने प्रणाली विकास गर्न आवश्यक छ।

### महिलाको मानसिक स्वास्थ्य

मधेशमा बालबालिका तथा किशोरकिशोरीको मानसिक स्वास्थ्य सेवातर्फ केही महत्वपूर्ण पहल पनि सुरु भएका छन्। २०२५ मा युनिसेफको सहयोगमा मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान, जनकपुरमा चाइल्ड एन्ड एडलोसेन्ट टेलि-मेन्टल हेल्थ क्लिनिक स्थापना गरिएको छ। यस सेवामार्फत किशोरकिशोरीको स्क्रिनिङ तथा काउन्सेलिङ गर्नुका साथै काठमाडौंस्थित कान्ति चिल्ड्रेन्स हस्पिटलका विशेषज्ञसँग टेलि-कन्सेल्टेसन मार्फत जोड्ने व्यवस्था गरिएको छ।

यस सेवामा काम गरिरहेकी साइकियाट्रिक नर्स का अनुसार, बालबालिका र वयस्कले मानसिक तनावलाई फरक तरिकाले अनुभव र व्यक्त गर्न सक्छन्। तालिमपछि आफूले युवा बिरामीलाई केवल चिकित्सकीय दृष्टिले मात्र नभई उनीहरूको कुरा सुनेर बुझ्न अझ सक्षम भएको उनले बताएकी छन्।

यो उदाहरणले विशेषज्ञ सेवा सबै ठाउँमा प्रत्यक्ष रूपमा उपलब्ध नभए पनि टेलि-मेन्टल हेल्थ मार्फत विशेषज्ञसँग जोड्ने प्रणाली मधेशका लागि उपयोगी विकल्प हुन सक्ने देखाउँछ।

### एउटा वास्तविक कथा : सहयोग पाएपछि फर्किएको आशा

मधेशमै मानसिक स्वास्थ्य सेवाको आवश्यकता र त्यसले पार्ने प्रभाव देखाउने एउटा उदाहरण युनिसेफ नेपालले सार्वजनिक गरेको छ। गोपनीयताका लागि नाम र पहिचानसम्बन्धी विवरण परिवर्तन गरिएको १६ वर्षीया किशोरी मधेशमा आफ्नो दिदीसँग बस्न थालेपछि अनलाइन ह्यारासमेन्टको सामना गर्नुपरेको थियो। धम्कीपूर्ण सन्देशका कारण उनी बिस्तारै सामाजिक रूपमा अलग हुन थालिन् र नियमित रूपमा विद्यालय जान पनि छाडिन्। समयमै मनोसामाजिक सहयोग तथा परामर्श पाएपछि उनले पुनः आत्मविश्वास हासिल गर्दै विद्यालय फर्किने बाटो समातिन्। यो घटनाले किशोरकिशोरीमा मानसिक स्वास्थ्य समस्या पहिचानसँगै सुरक्षित वातावरण, विश्वासिलो व्यक्ति, काउन्सेलिङ र समयमै रेफरल कति महत्वपूर्ण हुन्छ भन्ने देखाउँछ।

यस्ता घटनाले मानसिक स्वास्थ्य समस्या केवल अस्पतालमा पुगेर औषधि खाने विषय होइन भन्ने पनि देखाउँछन्। परिवार, विद्यालय र समुदायको सहयोग पनि उपचार प्रक्रियाको महत्वपूर्ण हिस्सा हो।

महिलाको मानसिक स्वास्थ्य पनि छुट्टै ध्यान दिनुपर्ने विषय हो। घरेलु हिंसा, आर्थिक निर्भरता, पारिवारिक निर्णयमा सीमित सहभागिता, विवाह तथा मातृत्वसम्बन्धी दबाब र प्रजनन स्वास्थ्यसँग जोडिएका समस्याले महिलाको मानसिक स्वास्थ्यलाई प्रभावित गर्न सक्छन्।

यसका लागि प्रजनन स्वास्थ्य, मातृ स्वास्थ्य तथा मानसिक स्वास्थ्य सेवाहरू लाई एकीकृत रूपमा अघि बढाउन आवश्यक छ। स्वास्थ्य संस्थामा महिलाले आफ्नो मानसिक स्वास्थ्यसम्बन्धी समस्या सुरक्षित र गोप्य रूपमा व्यक्त गर्न सक्ने वातावरण पनि आवश्यक हुन्छ।

मानसिक स्वास्थ्य समस्याका बारेमा खुलेर कुरा गर्न नसक्नु मधेशमा मात्र होइन, नेपालमै महत्वपूर्ण चुनौती हो। मानसिक समस्यालाई कमजोरी, चरित्रको समस्या वा "पागलपन" का रूपमा बुझ्ने सोचले व्यक्तिलाई उपचार खोज्नबाट रोक्न सक्छ।

## भोटेकोशी बाढीपीडित व्यवसायिक लागि पुनरुत्थान प्याकेजः

# करमा पूर्ण छुटदेखि सहुलियतपूर्ण कर्जासम्म





काठमाण्डु । सरकारले भोटेकोशी बाढीबाट प्रभावित उद्योग, व्यापार, व्यवसाय तथा आर्थिक गतिविधिलाई पुनः सञ्चालनमा ल्याउन व्यवसाय पुनरुत्थान 'प्याकेज' घोषणा गरेको छ ।

गत बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले अर्थ मन्त्रालयको प्रस्तावमा बाढीपीडित व्यवसायिका लागि राहत, कर छुट, भन्सार महसुल छुट, ऋण तथा ब्याजमा सहुलियत र बीमा दाबी भुक्तानीलाई सहज बनाउने निर्णय गरेको हो ।

नेपाल-चीन सीमाक्षेत्रमा यहि भदौ १० गते आएको विनाशकारी बाढीबाट रसुवा, नुवाकोट, धादिङलगायतका क्षेत्रमा उद्योग, व्यापार, व्यवसाय र ढुवानी क्षेत्रमा ठूलो क्षति पुगेपछि सरकारले व्यवसाय पुनरुत्थानको पहिलो चरणअन्तर्गत यस्तो प्याकेज ल्याएको हो ।

**क्षतिग्रस्त व्यावसायिक सवारी पुनः आयातमा महसुल छुट**

बाढीका कारण मर्मत तथा सम्भार गर्न नसकिने गरी क्षतिग्रस्त भएका वा बाढीले बगाएर हराएका व्यावसायिक सवारी तथा ढुवानी साधनका धनीलाई सरकारले राहत दिने भएको छ । त्यस्ता सवारी तथा ढुवानी साधनको पुरानो दर्ता खारेज गरी सोही प्रकृतिको नयाँ साधन पुनः आयात गर्दा भन्सार बिन्दुमा लाग्ने सम्पूर्ण महसुल छुट दिइनेछ । यस व्यवस्थाले बाढीबाट सवारी साधन गुमाएका व्यवसायीलाई नयाँ सवारी खरिद गरी व्यवसाय पुनः सञ्चालन गर्न सहयोग पुग्ने सरकारको अपेक्षा छ ।

**प्लाण्ट, मेशिनरी र उपकरण आयातमा पनि महसुल छुट**

बाढीका कारण मर्मत तथा सुधार गर्न नसकिने गरी नष्ट भएका प्लाण्ट, मेशिनरी, यन्त्र तथा उपकरणको पुनः आयातमा समेत सम्पूर्ण भन्सार महसुल छुट दिइने भएको छ । प्राकृतिक व्यक्ति वा निकायको बाढीबाट नष्ट भएको प्लाण्ट, मेशिनरी, यन्त्र तथा उपकरणको प्रकृति मिल्ने सामान आयात गर्दा यस्तो छुट पाउनेछन् । तर नयाँ आयातको परिमाण बाढीबाट नष्ट भएको परिमाणभन्दा बढी हुन पाउने छैन । यस व्यवस्थाले उद्योग तथा व्यवसायमा प्रयोग हुने महँगा मेसिन तथा उपकरण नष्ट भएका व्यवसायीलाई पुनः लगानी गर्न सहज हुने अपेक्षा गरिएको छ ।

**बाटैमा नष्ट भएका आयातित वस्तुको महसुल समायोजन**

बाढीका कारण गन्तव्यमा पुग्नुअघि नै नष्ट भएका आयातित वस्तुको भन्सार महसुलसमेत समायोजन गरिने भएको छ । भन्सार कार्यालयमा महसुल बुझाइसकेका तर भदौ १० गतेको बाढीका कारण गन्तव्यमा पुग्नुअघि नै वस्तु नष्ट भएका आयातकर्ताले सोही प्रकृतिको वस्तु पुनः आयात गर्दा पहिले तिरेको महसुल बराबरको रकम समायोजन गर्न पाउनेछन् । यस्तो सुविधा लिन भने नष्ट भएको वस्तुका स्थानमा सोही प्रकृतिको वस्तु छ महिनाभित्र कुनै पनि भन्सार कार्यालयबाट आयात गर्नुपर्नेछ ।

**कर विवरण र कर दाखिलाको म्याद थप**

बाढीबाट प्रभावित व्यवसायीलाई करसम्बन्धी प्रक्रिया पूरा गर्न पनि सरकारले समय थप गरेको छ । प्रभावित करदाताले कर विवरण पेश गर्ने तथा कर दाखिला गर्ने म्याद २०८३ साल कात्तिक २५ गतेसम्म थप गरिएको छ । बाढीका कारण कार्यालय, अभिलेख, लेखा प्रणाली तथा व्यवसाय सञ्चालनमा समस्या परेका करदातालाई यसबाट राहत पुग्नेछ ।

**क्षतिग्रस्त सम्पत्तिको मूल्य अभिवृद्धि कर दाबी सहज**

बाढीबाट क्षतिग्रस्त भएका व्यावसायिक सम्पत्तिमा लाग्ने मूल्य अभिवृद्धि कर (मू.अ.कर) दाबी तथा समायोजन प्रक्रियालाई पनि सरल बनाइने भएको छ ।

त्यसैगरी, पूर्ण रूपमा क्षति भएका व्यावसायिक सम्पत्तिको मूल्यलाई एकमुष्ठ खर्चकट्टी गर्न सकिने व्यवस्था गरिएको छ । आंशिक रूपमा क्षति भएका सम्पत्तिको मर्मतमा लागेको खर्चमा आयकर ऐनको दफा १६ (२) अन्तर्गतको सीमासमेत लागू नहुने व्यवस्था गरिएको छ । यसबाट बाढी प्रभावित व्यवसायीले क्षतिग्रस्त भवन, उपकरण, मेसिन तथा अन्य व्यावसायिक सम्पत्तिको मर्मत र पुनःस्थापनामा भएको खर्चलाई कर प्रयोजनमा समायोजन गर्न सहज हुनेछ ।

**प्रभावित व्यक्तिलाई आयकरमा पूर्ण छुट**

बाढीबाट प्रभावित व्यक्तिले आय वर्ष २०८२/८३ को आयकरमा पूर्ण छुट पाउने व्यवस्था गरिएको छ । त्यसका लागि सम्बन्धित प्रभावित व्यक्तिले तोकिएको विवरण पेश गर्नुपर्ने व्यवस्था गरिएको छ ।

**स्थानीय कर र शुल्कमा पनि सहुलियत**

बाढीबाट प्रभावित व्यवसायीलाई प्रदेश तथा स्थानीय तहबाट समेत स्थानीय कर र शुल्कमा सहुलियत उपलब्ध गराउन सरकारले अनुरोध गर्ने भएको छ । संघीय सरकारले घोषणा गरेको राहतसँगै प्रदेश तथा स्थानीय तहबाट समेत कर तथा शुल्कमा सहुलियत उपलब्ध भए व्यवसाय पुनः सञ्चालनको लागत घट्ने अपेक्षा गरिएको छ ।

**बैंक कर्जा पुनःसंरचना र पुनर्तालिकीकरण**

बाढीका कारण आर्थिक क्षति व्यहोरेका व्यवसायीको बैंक तथा वित्तीय संस्थाबाट लिएको कर्जालाई पुनरसंरचना वा पुनर्तालिकीकरण गर्ने व्यवस्था गरिएको छ । विशेषगरी रसुवा भन्सारबाट आयात भएका वस्तुको क्षतिसँग सम्बन्धित कर्जालाई पुनरसंरचना तथा पुनर्तालिकीकरण गर्न सकिने व्यवस्था गरिएको छ । बाढी प्रभावित ऋणीको बैंक कर्जाको साँवा तथा ब्याजसमेत एकपटक पुनरसंरचना वा पुनर्तालिकीकरण गर्न सकिनेछ । यसबाट तत्काल किस्ता तथा ब्याज भुक्तानी गर्न नसक्ने व्यवसायीलाई केही समयको वित्तीय दबाब कम हुने अपेक्षा गरिएको छ ।

**सवारी र उपकरण पुनः खरिदका लागि सहुलियत कर्जा**

बाढीबाट क्षति भएका सवारी, ढुवानी साधन, यन्त्र तथा उपकरण पुनः खरिद गर्न व्यवसायीलाई सहुलियत कर्जा उपलब्ध गराइने भएको छ । नेपाल राष्ट्र बैंकले यस्तो कर्जासम्बन्धी आवश्यक व्यवस्था गर्नेछ । त्यस्तै, उद्योग तथा व्यापार पुनरुत्थान र रोजगारी संरक्षणका लागि प्रभावित व्यवसायीलाई थप कर्जा उपलब्ध गराउने व्यवस्था गरिएको छ । बाढी प्रभावित व्यवसायीले पाउने सहुलियत कर्जामा एक वर्षसम्म आधारदरमा अधिकतम शून्य दशमलव ५ प्रतिशत बिन्दु थप गरी सहुलियत ब्याजदर कायम गर्ने व्यवस्था गरिएको छ । यसबाट व्यवसायीलाई पुनः लगानी गर्न र व्यवसाय सञ्चालनको कार्यशील पुँजी व्यवस्थापन गर्न तुलनात्मक रूपमा सस्तो कर्जा उपलब्ध हुने सरकारको अपेक्षा छ ।

**बिमा दाबी भुक्तानी पनि सहज**

बाढीबाट भएको क्षतिको बीमा दाबी भुक्तानीलाई छिटो र सहज बनाउन नेपाल बीमा प्राधिकरणले विशेष व्यवस्था गर्ने भएको छ । क्षतिको बीमा दाबी मूल्याङ्कनका लागि सरल प्रक्रियाबाट सर्भेयर खटाइनेछ । प्रारम्भिक मूल्याङ्कनका आधारमा बीमितलाई ५० प्रतिशतसम्म अग्रिम दाबी भुक्तानी उपलब्ध गराउने व्यवस्था गरिएको छ । बाढीबाट ठूलो क्षति भएका व्यवसायीलाई बीमा रकम प्राप्त गर्न लामो समय कुर्नुपर्ने अवस्था अन्त्य गर्ने उद्देश्यले संक्षिप्त दाबी भुक्तानी कार्यविधि शीघ्र तर्जुमा गरी लागू गरिनेछ ।

सिएसआर रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा दिन सकिने

सरकारले निजी क्षेत्रलाई विपद् प्रभावितको राहत तथा पुनरुत्थानमा थप योगदान गर्न प्रोत्साहन गर्ने व्यवस्था पनि गरेको छ । संस्थागत सामाजिक उत्तरदायित्व (सीएसआर) कोष स्थापना गरेका निकायले आर्थिक वर्ष २०८३/८४ मा प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा योगदान गरेको रकमलाई समेत सीएसआर खर्चका रूपमा मान्यता दिइने भएको छ । यसका लागि सम्बन्धित ऐन, नियम तथा निर्देशिका आवश्यकताअनुसार परिमार्जन गर्ने व्यवस्था सम्बन्धित निकायले मिलाउनेछन् ।

अर्थ मन्त्रालयले सार्वजनिक गरेको विवरणअनुसार सरकारले घोषणा गरेको यो प्याकेज व्यवसाय पुनरुत्थान योजनाको पहिलो चरण हो । यसमा तत्काल राहत, कर तथा महसुल छुट, कर सहुलियत, कर्जा पुनरसंरचना, सहुलियत ब्याजदर, नयाँ कर्जा, बीमा दाबी भुक्तानी र सीएसआर परिचालनलाई प्राथमिकता दिइएको छ। भोटेकोशी बाढीका कारण व्यापारिक प्रतिष्ठान, उद्योग, ढुवानी व्यवसाय, मेसिन तथा उपकरण र आयातित वस्तुमा ठूलो क्षति पुगेको अवस्थामा व्यवसायीलाई पुनः सञ्चालनमा ल्याउन सरकारले वित्तीय तथा करसम्बन्धी बोझ घटाउने नीति लिएको हो । सरकारले राहत प्याकेज कार्यान्वयनका लागि भन्सार विभाग, आन्तरिक राजस्व विभाग, नेपाल राष्ट्र बैंक र नेपाल बीमा प्राधिकरणलाई सम्बन्धित जिम्मेवारी दिएको छ । सरकारले तत्कालीन राहतसँगै प्रभावित व्यवसाय तथा रोजगारीलाई पुनःस्थापित गर्ने उद्देश्यले व्यवसाय पुनरुत्थान योजनाका थप चरणसमेत अघि बढाउने जनाएको छ । रासस

## मन्त्री चौधरीसँग राष्ट्रसङ्घका प्रतिनिधि याहियाको भेटवार्तामा

काठमाण्डु । कृषि, वन तथा पर्यावरणमन्त्री गिता चौधरीसँग संयुक्त राष्ट्रसङ्घका नेपालस्थित आवासीय प्रतिनिधि लिला पिटर्स याहियाले शिष्टाचार भेटवार्ता गर्नुभएको छ । मन्त्रालयमा सोमबार भएको भेटवार्तामा उहाँहरूबीच नेपालको भोटेकोशी बाढीको विपद्, हिमाली क्षेत्रको संरक्षण, जलवायु न्याय, उत्थानशील विकासका लागि अन्तरराष्ट्रिय सहकार्यलाई थप प्रभावकारी बनाउनुपर्नेलगायत विषयमा छलफल भएको मन्त्रालयले जनाएको छ ।

मन्त्री चौधरीले नेपालले संयुक्त राष्ट्रसङ्घसँगको सहकार्यलाई उच्च महत्व दिएको उल्लेख गर्दै नेपालको वर्तमान अवस्था तथा संयुक्त राष्ट्रसङ्घबाट हुन सक्ने सहयोग र सहकार्यबारे छलफल गर्नुभयो । भेटमा भोटेकोशी बाढीबाट कृषि तथा पशुपन्छी क्षेत्रमा भएको क्षति, प्रभावित कृषकको जीविकोपार्जन पुनःस्थापना, खाद्य सुरक्षा, जलवायु न्याय, पर्वतीय 'एजेन्डा' तथा पूर्वसूचना प्रणाली सुदृढीकरणका विषयमा छलफल भएको मन्त्री चौधरीको सचिवालयले जनाएको छ ।

मन्त्री चौधरीले आगामी संयुक्त राष्ट्रसङ्घ महासभा तथा कोप-३१ मा नेपालको पर्वतीय एजेन्डा र जलवायु न्यायका विषयलाई प्रभावकारी रूपमा उठाउन संयुक्त राष्ट्रसङ्घको सहयोग आवश्यक रहेको बताउनुभएको थियो । त्यसैगरी, खाद्य सुरक्षा क्लस्टरलाई थप प्रभावकारी बनाउन खाद्य तथा कृषि सङ्गठन (एफएओ)लगायत संयुक्त राष्ट्रसङ्घीय निकायसँग दीर्घकालीन सहकार्य र विपद्पछिको पुनरुत्थानका लागि थप सहयोगको अपेक्षा व्यक्त गर्नुभयो ।

सो अवसरमा संयुक्त राष्ट्रसङ्घीय आवासीय संयोजक याहियाले भोटेकोशी बाढी प्रभावित कृषकको जीविकोपार्जन पुनःस्थापना, पूर्वसूचना प्रणाली तथा जलवायुजन्य जोखिम न्यूनीकरणमा संयुक्त राष्ट्रसङ्घका तर्फबाट आवश्यक सहयोग र समन्वय गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । रासस

## पीडितले सरकारको अभाव महसुस गर्न नपरोस्: सभामुख अर्याल



धादिङ । सभामुख डोलप्रसाद अर्यालले प्राकृतिक विपद्बाट प्रभावित कुनै पनि नागरिकले राज्यको उपस्थितिको अभाव महसुस नगर्ने गरी उद्धार, राहत र पुनर्स्थापनाका काम अघि बढाउन तीनै तहका सरकारसँग आग्रह गर्नुभएको छ ।

धादिङको गल्छीस्थित भोटेकोशी बाढी प्रभावित क्षेत्रको अवलोकनपछि उहाँले विपद्का बेला नागरिकलाई राज्यको उपस्थिति अनुभूति गराउनु सरकारको पहिलो दायित्व भएको बताउनुभयो ।

"पीडित परिवारले कति छिटो राहत पाए र सरकारको उपस्थिति महसुस गरे भन्ने विषय महत्वपूर्ण हो", उहाँले भन्नुभयो, "एक जना पनि पीडित नागरिकले 'सरकार पाइनँ' भन्ने अवस्था आउनुहुँदैन ।"

सभामुख अर्यालले बाढीबाट विस्थापित परिवारलाई यथाशीघ्र सुरक्षित बसोबासको व्यवस्था मिलाउने गरी पुनर्स्थापनाका काम द्रुत प्रक्रियाबाट अघि बढाउन सरकारसँग समन्वय भइरहेको जानकारी दिनुभयो । राहत वितरणलाई न्यायोचित र व्यवस्थित बनाउन सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय गरी एकद्वार प्रणाली प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

वास्तविक पीडितको पहिचान गरी सबै प्रभावित परिवारले समान रूपमा राहत पाउने व्यवस्था गर्नुपर्ने उहाँको भनाइ थियो । सभामुख अर्यालले प्रभावित नागरिकलाई अनावश्यक प्रशासनिक झन्झट नदिई स्थानीय जनप्रतिनिधि र सम्बन्धित निकाय आफैँ प्रभावित क्षेत्रमा पुगेर मानवीय तथा भौतिक क्षतिसँगै कृषि, व्यापार-व्यवसाय र जीविकोपार्जनमा पुगेको क्षतिको यथार्थ विवरण सङ्कलन गर्नुपर्ने बताउनुभयो ।

जोखिमयुक्त बस्तीको सुरक्षित स्थानान्तरण तथा दीर्घकालीन पुनर्निर्माणका लागि भविष्यको जोखिमसमेत ध्यानमा राखेर नीति र मापदण्ड निर्माण गर्नुपर्ने उहाँले उल्लेख गर्नुभयो ।रासस

## राष्ट्रपतिद्वारा बाढी प्रभावित क्षेत्र नुवाकोटको अवलोकन



नुवाकोट । राष्ट्रपति रामचन्द्र पौडेलले भोटेकोशी बाढी प्रभावित क्षेत्र नुवाकोटको अवस्थाबारे जानकारी लिनुभएको छ ।

उहाँले जिल्ला विपद् व्यवस्थापन समितिबाट बाढी प्रभावित क्षेत्रमा भइरहेको खोज तथा उद्धार, राहत वितरण, होल्डिङ सेन्टर सञ्चालन तथा पुनर्स्थापना भइरहेका कार्यको जानकारी लिनुभयो ।

सो अवसरमा प्रमुख जिल्ला अधिकारी शम्भुप्रसाद रेग्मीसहितका समितिका सदस्यले भोटेकोशी बाढीले जिल्लामा पुऱ्याएको धनजनको क्षतिबारे विवरण प्रस्तुत गर्नुभयो ।

त्यसक्रममा प्रमुख जिल्ला अधिकारी रेग्मीले बाढी पीडितको खोज, उद्धार, राहत, पुनर्स्थापना तथा तत्काल निर्माणका सम्बन्धमा भइरहेका कामबारे राष्ट्रपति पौडेललाई अवगत गराउनुभयो ।

राष्ट्रपति पौडेलले विदुर नगरपालिका-२ स्थित कभर्ड हलस्थित होल्डिङ सेन्टरको अवलोकन गरी त्यहाँ रहनुभएका रसुवा र नुवाकोटका बाढी प्रभावितसँग अन्तरक्रिया गर्नुभयो ।

अन्तरक्रियामा बाढी प्रभावित नागरिकले भोटेकोशी अकल्पनीय बाढीले पुऱ्याएको धनजनको क्षतिबारे जानकारी गराउनुभएको थियो ।

उहाँहरुले खोज, उद्धार र राहत एवं पुनर्स्थापनाका लागि सरकार र सहयोगदातासँग अझ तदारुकताको माग गर्नुभएको थियो । रासस

## भोटेकोशी बाढीका मृतकप्रति अध्यक्ष ओलीद्वारा श्रद्धाञ्जली



काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपीशर्मा ओलीले भोटेकोशीमा आएको विनाशकारी बाढीमा परी ज्यान गुमाएकाहरूप्रति श्रद्धाञ्जली व्यक्त गर्दै प्रभावित परिवारको राहत, पुनःस्थापना र पुनःनिर्माणलाई प्रभावकारी बनाउन सरकारसँग माग गर्नुभएको छ ।

भोटेकोशी बाढीमा परी ज्यान गुमाएकाको १३औँ पुण्यतिथिका दिन सोमबार शोक वक्तव्य जारी गर्दै अध्यक्ष ओलीले मृतकप्रति पार्टी र व्यक्तिका तर्फबाट भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्नुभएको हो । उहाँले बाढीबाट भएको अकल्पनीय क्षतिले सबैलाई स्तब्ध र मर्माहत बनाएको बताउनुभयो ।

पूर्वप्रधानमन्त्रीसमेतरहनुभएका ओलीले प्रियजन गुमाएका शोकसन्तप्त परिवार तथा आफन्तप्रति गहिरो समवेदना व्यक्त गर्दै दुःखको यस घडीमा धैर्य धारण गर्ने शक्ति प्राप्त होस् भन्ने कामना गर्नुभयो ।

बाढीपछि बेपत्ताको खोजी, उद्धार, राहत तथा पुनःस्थापनामा खटिएका विभिन्न निकाय र सङ्घसंस्थाप्रति उहाँले धन्यवाद व्यक्त गर्नुभयो ।

एमालेका स्वयंसेवक, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना, प्रदेश तथा स्थानीय सरकार, स्थानीय जनसमुदाय, विभिन्न सामाजिक सङ्घसंस्था र अन्तरराष्ट्रिय समुदायले पुर्याएको सहयोगप्रति ओलीले आभार व्यक्त गर्नुभयो । 'हराइरहेका दाजुभाइ तथा दिदीबहिनीको सकुशल उद्धारमा सफलता मिल्ने' आशा व्यक्त गर्दै अध्यक्ष ओलीले खोजी तथा उद्धारकार्यलाई प्रभावकारी ढङ्गले निरन्तरता दिनुपर्ने माग राख्नुभयो ।

बाढी तथा पहिरोबाट प्रभावित परिवारका लागि बाँकी राहत, पुनःस्थापना र पुनःनिर्माणका कामलाई अझ प्रभावकारी रूपमा अघि बढाउन सरकार र सम्बन्धित निकायसँग आग्रह गर्दै उहाँले आवश्यक समन्वय र सहकार्य र आफूहरू तयार रहेको बताउनुभयो । रासस

## स्थानीय र सङ्घीय सरकारसँगको समन्वयमा उद्धार र राहतलाई प्राथमिकता दिएर काम गरिरहेका छौँ: मुख्यमन्त्री



ललितपुर । बागमती प्रदेशका मुख्यमन्त्री किरण थापा मगरले रसुवाको भोटेकोशीमा गएको बाढी लगातै स्थानीय र सङ्घीय सरकारसँगको समन्वयमा उद्धार तथा राहतलाई पहिलो प्राथमिकता दिएर काम गरिरहेको बताउनुभएको छ ।

बिपद्पछि प्रभावित क्षेत्रमा बागमती प्रदेश सरकारले गरेको काम, समस्या, चुनौतीबारे जानकारी दिन आज प्रदेश सुशासन केन्द्र ललितपुरमा आयोजित पत्रकार भेटघाटमा मुख्यमन्त्री थापा मगरले भोटेकोशी बाढीबाट प्रभावित जिल्लामा उद्धार, राहत, सडक सञ्चालन, स्वास्थ्य व्यवस्थापन र जनजीविकालाई सहज बनाउने कामलाई प्रदेश सरकारले पहिलो प्राथमिकतामा राखेर अघि बढाएको जानकारी दिनुभयो ।

"भदौ १० गते बिहान ११ बजे नै बैठक बसेर उद्धार तथा राहतका काम अघि बढायौँ, त्यसपछि हेटौँडामा नै बसेको बैठकले प्रदेश सरकारका सबै मन्त्रालयका सचिव तथा सुरक्षा निकायका प्रमुखलाई बोलाएर विपद् प्रभावित क्षेत्रमा तत्काल परिचालन हुन निर्देशन दिइएको थियो, सङ्घीय सरकारले राहत सामग्री सङ्कलन र समन्वय गर्ने, प्रदेश सरकारले समन्वय तथा सहजीकरण गर्ने तथा स्थानीय सरकारले एकद्वार प्रणालीमार्फत राहत वितरण गर्ने गरी काम गर्ने हो," उहाँले भन्नुभयो ।

मुख्यमन्त्री थापा मगरले विपद्का कारण बागमती प्रदेशका चार जिल्लाका १५ वटा स्थानीय तह प्रभावित भएका र यस क्षेत्रमा ठूलो मानवीय तथा भौतिक क्षति भएको बताउनुभयो । उहाँले विपद्मा सुरक्षा निकायले निरन्तर समन्वय र उद्धारमा काम गरिरहे पनि प्रभावकारी समन्वय हुन नसक्दा आशातीत रुपमा प्रभावकारी काम हुन नसकेको बताउनुभयो । उहाँले प्रदेश विपद् व्यवस्थापन कोषबाट तत्काल राहतका लागि प्रभावित जिल्लालाई रकम उपलब्ध गराइएको जानकारी दिनुभयो । मुख्यमन्त्री थापन मगरले अलपत्र नागरिकका लागि चारवटा होल्डिङ सेन्टर सञ्चालन गरी खाना तथा आवश्यक सामग्रीको व्यवस्था गरिएको जानकारी दिनुभयो । "रसुवा र नुवाकोटलाई रु एक एक करोड तथा धादिङ र चितवनलाई रु ५०-५० लाख राहत उपलब्ध गराउने निर्णयअनुसार व्यवस्थापन गरेका छौँ, शव व्यवस्थापन, डीएनए परीक्षण, स्वास्थ्य सेवा तथा १६ मनोपरामर्शदाता परिचालन गरिएको छ," उहाँले भन्नुभयो । मुख्यमन्त्री थापा मगरले अभिभावकविहीन बालबालिकालाई कक्षा १२ सम्म शिक्षा तथा आवश्यकताअनुसार आवासीय विद्यालयको व्यवस्था गरिने जानकारी गराउँदै प्रदेश सरकारले आफ्नो स्रोत र साधनले भ्याएसम्म काम गर्ने बताउनुभयो । रासस

## भोटेकोशी बाढी प्रभावितका लागि यस्तो छ नेकपाको प्रस्ताव

काठमाण्डु । नेपाली कम्युनिष्ट पार्टी (नेकपा)ले भोटेकोशी बाढीबाट भएको जनधनको क्षति तथा प्रभावित क्षेत्रमा देखिएका समस्या समाधानका लागि उद्धार, राहत, पुनर्स्थापना र पुनर्निर्माणसम्बन्धी २४ बुँदे विशेष प्रस्ताव पारित गरेको छ ।

सो पार्टीको केन्द्रीय कार्यालयको बैठकले बाढी प्रभावित क्षेत्रमा खोज तथा उद्धार, राहत वितरण, अस्थायी आवास तथा पुनर्स्थापना, अत्यावश्यक सेवा तथा पूर्वाधार पुनःसञ्चालनलगायतका विषयमा विशेष प्रस्ताव पारित गरेको हो ।

पार्टी संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'को अध्यक्षता तथा सहसंयोजक माधवकुमार नेपालको सञ्चालनमा बसेको बैठकले बाढीबाट प्रभावित क्षेत्रमा देखिएका समस्या तथा उद्धार, राहत, पुनर्स्थापना र पुनर्निर्माणका चुनौतीबारे छलफल गरेको थियो ।

बैठकले राहत, सुरक्षित आवास योजना, जोखिम मूल्याङ्कन, राष्ट्रिय जलवायु तथा विपद् कोष स्थापना, पूर्वसूचना प्रणालीको विकास, द्रुत प्रतिकार्य टोली गठन, अन्तरराष्ट्रिय जलवायु न्यायलगायतका विषय समेटेर २४ बुँदे प्रस्ताव पारित गरेको पार्टीका प्रवक्ता प्रकाश ज्वालाले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । रासस

# डढेलो र अत्यधिक गर्मीले वायु प्रदूषणको जोखिम बढाउँदै

एएफपी

जेनेभा । विश्व मौसम संगठनले डढेलो र अत्यधिक गर्मीका कारण वायुमण्डलमा फैलिने सूक्ष्म प्रदूषक कणले वायुको गुणस्तर सुधार, मानव स्वास्थ्यको सुरक्षा तथा प्राकृतिक वातावरण संरक्षणका लागि भइरहेका विश्वव्यापी प्रयासमा चुनौती थपिरहेको जनाएको छ।



संयुक्त राष्ट्रसंघअन्तर्गतको मौसम तथा जलवायुसम्बन्धी निकायले सोमबार सार्वजनिक गरेको आफ्नो वार्षिक 'वायु गुणस्तर तथा जलवायु बुलेटिन' मार्फत वायु प्रदूषण र जलवायु परिवर्तनबीचको गहिरो सम्बन्ध औँल्याएको हो। वैज्ञानिकहरूका अनुसार जलवायु परिवर्तनका कारण अत्यधिक गर्मीका घटना र डढेलोको आवृत्ति तथा तीव्रता बढ्दै गएको छ।

विश्व मौसम संगठनका अनुसार पछिल्ला वर्षहरूमा अत्यन्त ठूलो र विनाशकारी डढेलो बढ्दै गएको छ। डढेलोबाट निस्कने धुवाँमा अत्यधिक विषाक्त सूक्ष्म कण हुने भएकाले यसको प्रभाव मानव स्वास्थ्यमा गम्भीर पर्न सक्छ।

युरोप र उत्तर अमेरिकामा उद्योग तथा यातायातबाट हुने २.५ माइक्रोमिटरभन्दा साना सूक्ष्म कणको प्रदूषण नियन्त्रण गर्न विभिन्न नियम प्रभावकारी भए पनि डढेलोबाट उत्पन्न यस्ता कणको सम्पर्कमा पर्ने मानिसको संख्या भने बढिरहेको संगठनले जनाएको छ।

**फोक्सो र रक्तसञ्चार प्रणालीमा पुग्ने सूक्ष्म कण**

२.५ माइक्रोमिटरभन्दा साना कणलाई सूक्ष्म कण पदार्थ भनिन्छ। यस्ता कण अत्यन्त साना भएकाले श्वासप्रश्वासका क्रममा फोक्सोको गहिराइसम्म पुग्न सक्छन् र रक्तसञ्चार प्रणालीमा समेत प्रवेश गर्न सक्छन्। त्यसैले यस्ता कणलाई मानव स्वास्थ्यका लागि गम्भीर जोखिम मानिन्छ।

यी कण जीवाश्म इन्धनमा आधारित उद्योग, कृषि गतिविधि, घर तताउने प्रणाली र यातायातका साधनबाट निस्कनुका साथै डढेलो र धुलोका आँधीबाट पनि उत्पन्न हुन्छन्।

विश्व मौसम संगठनले वायुमण्डलमा रहेका कालो कार्बन, सूक्ष्म प्लास्टिक, अत्यन्त साना प्रदूषक कण तथा सतह नजिकको ओजोनजस्ता प्रदूषकको निगरानी अझ प्रभावकारी बनाउनुपर्नेमा जोड दिएको छ। यस्ता प्रदूषक विश्वका विभिन्न क्षेत्रमा फैलिएको भए पनि तिनको पर्याप्त निगरानी हुन नसकेको संगठनको भनाइ छ।

संगठनले वायु प्रदूषण र जलवायु परिवर्तनलाई छुट्टाछुट्टै समस्याका रूपमा नभई समन्वय गरेर सम्बोधन गर्नुपर्ने बताएको छ।

**डढेलोको धुवाँबाट मृत्युको जोखिम**

विश्व मौसम संगठनको विश्वव्यापी वायुमण्डलीय निगरानी सञ्जालका वैज्ञानिक लोरेन्जो लाब्राडोरका अनुसार वायुको गुणस्तर र जलवायु परिवर्तनबीच प्रत्यक्ष सम्बन्ध छ। एउटा समस्या बिग्रिँदा अर्कोमा पनि नकारात्मक प्रभाव पर्ने उनले बताएका छन्।

ठूला वन डढेलो लाग्ने क्षेत्रमा अत्यन्त सूक्ष्म प्रदूषक कणको मात्रा धेरै हुने र वनस्पति जलेर उत्पन्न हुने यस्ता कण अन्य स्रोतबाट निस्कने कणभन्दा बढी विषाक्त हुन सक्ने वैज्ञानिकहरूले बताएका छन्।

डढेलोबाट निस्किएको प्रदूषित धुवाँ हावासँगै टाढाटाढासम्म पुग्ने भएकाले आगलागी भएको स्थानबाट धेरै टाढा रहेका मानिस तथा वन्यजन्तु पनि प्रभावित हुन सक्छन्। तर वायु प्रदूषणको मूल्यांकन गर्दा डढेलोबाट हुने विषाक्त प्रभावलाई पर्याप्त रूपमा समेट्न नसकिएको विश्व मौसम संगठनले जनाएको छ।

संगठनका अनुसार सामान्य रूपमा वायुमण्डलमा रहेका सूक्ष्म कणको कुल मात्रा मात्र आधार मानेर गरिने जोखिम मूल्यांकनले डढेलोका कारण हुने मृत्युलाई ९३ प्रतिशतसम्म कम आँकलन गर्न सक्ने सम्भावना छ।

विश्व मौसम संगठनको प्रतिवेदनमा उद्धृत एउटा अध्ययनअनुसार सन् १९९० को दशकयता विश्वभर अत्यधिक डढेलोबाट उत्पन्न धुवाँका घटना तीन गुणासम्म बढेका छन्। सन् २०१० देखि २०१८ को अवधिमा यस्ता घटनाले प्रत्येक वर्ष करिब एक लाख अतिरिक्त मृत्युमा योगदान गरेको अनुमान गरिएको छ। वास्तविक संख्या अझ बढी हुन सक्ने अध्ययनले जनाएको छ।

**अत्यधिक गर्मीसागै बढ्छ ओजोन प्रदूषण**

अत्यधिक गर्मीका बेला सतह नजिकको ओजोन प्रदूषण पनि बढ्न सक्ने विश्व मौसम संगठनले जनाएको छ। तापक्रम बढ्दा, वायुमण्डलमा हावाको आवागमन कमजोर हुँदा र घामको विकिरण तीव्र हुँदा जमिन नजिक ओजोनको मात्रा बढ्न सक्छ।

हालै चीन, युरोप तथा अमेरिकाको दक्षिणपूर्वी क्षेत्रमा देखिएका अत्यधिक गर्मीका घटनाका क्रममा यस्तो प्रदूषणको जोखिम पनि बढेको संगठनले जनाएको छ।

ओजोन प्रदूषणको बढ्दो सम्पर्कले विशेषगरी श्वासप्रश्वाससम्बन्धी रोगका कारण दशौँ हजार मानिसको समयअगावै मृत्यु हुन सक्ने चेतावनी विश्व मौसम संगठनले दिएको छ।

**कालो कार्बन र सूक्ष्म प्लास्टिकको पनि जोखिम**

वायुमण्डलमा रहेका सूक्ष्म कणहरू हावा हुँदै समुद्र तथा आफ्नो उत्पत्तिस्थलभन्दा निकै टाढाका महादेशसम्म पुग्न सक्छन्। यस्ता कणले सूर्यको प्रकाश वायुमण्डलबाट परावर्तन हुने प्रक्रियामा परिवर्तन ल्याउनुका साथै जमिन र पानीको रासायनिक गुणमा समेत असर पार्न सक्छन्।

यसको एउटा उदाहरण कालो कार्बन अर्थात् कालो धुवाँका कण हुन्। यस्ता कण हिउँ तथा बरफमा जम्मा हुँदा सूर्यको प्रकाश परावर्तन गर्ने क्षमता घट्छ र त्यसले हिउँ तथा बरफ पग्लिने प्रक्रिया तीव्र बनाउन सक्छ।

त्यस्तै, प्लास्टिक घाम तथा अन्य प्राकृतिक प्रक्रियाका कारण टुक्रिँदै जाँदा उत्पन्न हुने सूक्ष्म प्लास्टिक पनि बढ्दो चिन्ताको विषय बनेको छ। यस्ता सूक्ष्म प्लास्टिक हावा, माटो र समुद्रमा समेत लगभग सबै ठाउँमा भेटिन थालेका छन्।

विश्व मौसम संगठनको एउटा अनुमानअनुसार जमिनमा करिब ५ करोड १० लाख टन र समुद्रमा करिब २ करोड २० लाख टन सूक्ष्म प्लास्टिक रहेको हुन सक्ने देखिएको छ। समुद्र र जमिनमा रहेका यी सूक्ष्म प्लास्टिक वायुमण्डलमा पुग्ने सूक्ष्म प्लास्टिकका स्रोतसमेत बन्न सक्छन्।

विश्वमा प्लास्टिक उत्पादन र अव्यवस्थित रूपमा फालिने प्लास्टिकजन्य फोहोर निरन्तर बढिरहेको अवस्थामा स्रोतबाट टाढाका क्षेत्रमा पुग्ने सूक्ष्म प्लास्टिकको मार्ग र फैलावटको निगरानी गर्नु अत्यन्त आवश्यक रहेको विश्व मौसम संगठनले जनाएको छ।

संगठनले वायु प्रदूषण नियन्त्रण र जलवायु परिवर्तन न्यूनीकरणका लागि समन्वित तथा दीर्घकालीन नीति आवश्यक रहेकोमा जोड दिँदै दुवै समस्यालाई अलग-अलग रूपमा समाधान गर्न खोज्दा अपेक्षित परिणाम हासिल गर्न कठिन हुने जनाएको छ।

# २२३ सेन्टिमिटर उचाइकी चीनकी झाङ जियु महिला बास्केटबल विश्वकपमा आकर्षणको केन्द्र




एएफपी

बेइजिङ । चीनकी किशोर बास्केटबल खेलाडी झाङ जियुको उचाइ २२३ सेन्टिमिटर (सात फिट चार इन्च) छ। महिला विश्वकपमा उनी आफ्ना अधिकांश प्रतिद्वन्द्वीभन्दा निकै अग्ली देखिन्छिन्, तर मैदानबाहिर भने उनी 'एउटी सानी केटी' मात्र भएको उनकी सहकर्मी हान सु बताउँछिन्।

जर्मनीमा आइतबार चेक गणतन्त्रविरुद्ध चीनले अतिरिक्त समयमा ७४-७० को जित निकालेपछि हानले १९ वर्षीया झाङबारे यस्तो टिप्पणी गरेकी हुन्।

बलियो शारीरिक बनावट भएको चेक टोलीविरुद्ध झाङले दश मिनेटभन्दा केही बढी समय मैदानमा बिताउँदै तीन अङ्क जोडिन्। यसअघि प्रतियोगिताको सुरुआती खेलमा साविक विजेता अमेरिकासँग चीन ९४-६१ ले पराजित हुँदा झाङले अमेरिकी टोलीलाई थप चुनौती दिएकी थिइन्।

त्यस खेलपछि अमेरिकी सुपरस्टार केटलिन क्लार्कले झाङको प्रशंसा गर्दै आफूले यति अग्ली महिला खेलाडीविरुद्ध यसअघि कहिल्यै नखेलेको बताइन्।

"मैले यति ठूलो कदकी महिला खेलाडीविरुद्ध कहिल्यै खेलेकी थिइनँ। उनले हाम्रा लागि केही चुनौती पक्कै खडा गरिन्", क्लार्कले भनिन्। "मलाई लाग्छ, उनी उत्कृष्ट खेलाडी हुन् र उनी अझै निकै कम उमेरकी छिन्।"

क्लार्कका अनुसार झाङ अझै आफ्नो खेल विकास गर्ने चरणमा छिन् र आफ्नो उचाइको अधिकतम फाइदा कसरी उठाउने भन्ने सिक्दैछिन्।

"जब उनी बास्केटको एकदमै नजिक पुग्छिन्, उनलाई रोक्न खासै केही गर्न सकिँदैन", उनले भनिन्।

विश्व बास्केटबलको नियामक निकाय एफआईबीएको वेबसाइटमा झाङको उचाइ २२३ सेन्टिमिटर उल्लेख छ। यसले उनलाई एनबीएका महान् खेलाडी शकिल ओनिलभन्दा समेत अग्ली बनाउँछ।

झाङको भविष्य महिला राष्ट्रिय बास्केटबल सङ्घमा हुन सक्ने चर्चा भइरहे पनि क्लार्क र हान दुवैले उनीमाथि अहिले नै अत्यधिक अपेक्षा नराख्न सुझाव दिएका छन्।

"वास्तविक जीवनमा उनी एउटी सानी केटी मात्र हुन्", हानले भनिन्। चेक गणतन्त्रविरुद्धको खेलमा चीनका लागि सर्वाधिक २२ अङ्क जोडेकी हानले झाङलाई सकारात्मक ऊर्जा दिन आफूले सधैं प्रयास गर्ने बताइन्।

"उनी बास्केटसम्म पुगेर स्कोर गर्न र 'पेन्ट' अर्थात् बास्केटमुनिको क्षेत्रको रक्षा गर्न सक्षम छिन्", हानले भनिन्। "उनी उत्कृष्ट खेलाडी हुन्। हामी उनको क्षमतालाई अझ प्रभावकारी रूपमा कसरी प्रयोग गर्ने र उनलाई थप आक्रामक कसरी बनाउने भन्नेबारे सोचिरहेका छौं।"

महिला बास्केटबल विश्वकपको आधिकारिक वेबसाइटले झाङलाई असाधारण रूपमा अग्ली खेलाडीका रूपमा वर्णन गरेको छ। उनी दुई वर्षअघि यू-१८ महिला एसिया कपमा सर्वोत्कृष्ट खेलाडी (एमभीपी) घोषित भएपछि पहिलोपटक अन्तरराष्ट्रिय चर्चामा आएकी थिइन्।

प्रतिद्वन्द्वी खेलाडीभन्दा निकै अग्ली देखिने झाङका तस्बिर र भिडियो सामाजिक सञ्जालमा भाइरल भएका छन्। तर क्लार्कका अनुसार उनको विशेषता उचाइमा मात्र सीमित छैन।

"उनी अझै निकै कम उमेरकी खेलाडी हुन्। यति सानो उमेरमै विश्वकप खेल्नु र विश्वस्तरीय खेलाडीहरूसँग प्रतिस्पर्धा गर्नुले उनलाई निरन्तर सुधार गर्न मद्दत गर्नेछ", क्लार्कले भनिन्।

"यदि उनले आफ्नो खेलमा निरन्तर सुधार गर्दै गइन् भने, मलाई लाग्छ उनको भविष्य पक्कै उज्ज्वल छ।"

# होर्मुज जलडमरूमध्य नजिक नयाँ निषेधित क्षेत्र घोषणा गर्ने इरानको तयारी

एपी

कायरो । इरानले होर्मुज जलडमरूमध्य हुँदै आवतजावत गर्न खोज्ने पानीजहाजलाई लक्षित गर्दै जलडमरूमध्य बाहिर नयाँ 'निषेधित क्षेत्र' घोषणा गर्ने तयारी गरेको जनाएको छ।



इरानको सर्वोच्च राष्ट्रिय सुरक्षा परिषद्का नयाँ प्रमुख मोहसेन रेजाईले आइतबार सरकारी सञ्चारमाध्यममार्फत यस्तो जानकारी दिनुभयो। उहाँका अनुसार आगामी केही दिन वा साताभित्र उक्त क्षेत्र घोषणा गरिनेछ।

रेजाईका अनुसार निषेधित क्षेत्र अमेरिकी नौसैनिक नाकाबन्दीको सीमाबाट सुरु भएर होर्मुज जलडमरूमध्यतर्फ फैलिनेछ र त्यस क्षेत्रबाट फारसको खाडीतर्फ पनि विस्तार हुनेछ।

उहाँले होर्मुज जलडमरूमध्य पार गर्ने उद्देश्यले उक्त क्षेत्रमा प्रवेश गर्ने र पहिचान हुने कुनै पनि पानीजहाजलाई इरानको प्रतिबन्ध सूचीमा राखिने चेतावनी दिनुभयो।

यद्यपि, इरानले उक्त क्षेत्रको सीमा कहाँबाट सुरु हुने भनेर स्पष्ट गरेको छैन। अमेरिकी नाकाबन्दी इरानी बन्दरगाहलाई लक्षित गर्दै इरानलाई तेल निर्यात गर्नबाट रोक्ने उद्देश्यले सञ्चालन भइरहेको बताइएको छ। अमेरिकी सेनाका अनुसार नाकाबन्दीलाई २० भन्दा बढी युद्धपोतले सहयोग गरिरहेका छन्।

आइतबारसम्म उक्त नाकाबन्दीका कारण ९२ वटा व्यापारिक पानीजहाजको मार्ग परिवर्तन गरिएको र तीनवटा पानीजहाजलाई सञ्चालन गर्न नसक्ने बनाइएको जनाएको छ।

अमेरिका र इरानबीचको तनाव बढिरहेका बेला पछिल्लो घोषणा आएको हो। वार्ता विफल भएपछि अमेरिकाले इरानमाथि थप आर्थिक दबाब सिर्जना गर्ने उपायहरू अघि बढाइरहेको छ।

यसैबीच, इरानले होर्मुज जलडमरूमध्य पार गर्न खोज्ने केही पानीजहाजमाथि आक्रमण जारी राखेको छ। विश्वको महत्वपूर्ण तेल ढुवानी मार्गमध्ये एक रहेको होर्मुज जलडमरूमध्य अहिले जारी युद्धमा इरानका लागि महत्वपूर्ण रणनीतिक दबाबको माध्यम बनेको छ।

इरानी सरकारी सञ्चारमाध्यमले आइतबार होर्मुज जलडमरूमध्य प्रवेश गर्न खोजेकोएउटामानवरहितअमेरिकी पानीजहाजमाथि आक्रमण गरेको दाबी गरेको थियो। तर अमेरिकी सेनाले उक्त दाबीलाई पूर्ण रूपमा झुटो भन्दै अस्वीकार गरेको छ।

इरान र अमेरिकाबीचको पछिल्लो तनाव फेब्रुअरी २८ मा अमेरिका र इजरायलले इरानमाथि गरेको आक्रमणपछि सुरु भएको युद्धसँग जोडिएको छ।

# शान्ति वार्ता पुनः सुरु गर्ने विषयमा अमेरिका-युक्रेनबीच छलफल

सिन्ह्वा

किएभ । युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले अमेरिकी विशेष दूत स्टिभ विट्कफ र जारेड कुशनरसँग भएको वार्ता अत्यन्तै सार्थक र महत्वपूर्ण रहेको बताउनुभएको छ।



आइतबार भएको भेटवार्तापछि पत्रकारहरूसँग कुरा गर्दै जेलेन्स्कीले रुस-युक्रेन द्वन्द्व समाधानका लागि रोकिएको शान्ति वार्ता पुनः सुरु गर्ने विषयमा महत्वपूर्ण छलफल भएको जानकारी दिनुभयो। साथै युक्रेनका लागि सुरक्षा तथा आर्थिक प्रत्याभूति र आगामी जाडो मौसमका लागि आवश्यक सहयोगबारे पनि कुराकानी भएको उहाँले बताउनुभयो।

जेलेन्स्कीले युक्रेनले हवाई प्रतिरक्षा तथा ऊर्जा क्षेत्रमा थप सहयोगको अपेक्षा गरेको उल्लेख गर्नुभयो। साथै अमेरिकी तरलीकृत प्राकृतिक ग्यासको पर्याप्त आपूर्ति र त्यसको उपयोगका सम्भावनाबारे पनि आफूहरूले आशा राखेको उहाँले बताउनुभयो।

वार्ताको तेस्रो चरणमा बेलायत, फ्रान्स र जर्मनीसहित केही युरोपेली मुलुकका प्रतिनिधिहरू पनि सहभागी भएका थिए। आगामी दिनमा शान्ति वार्तालाई निरन्तरता दिने उद्देश्यले पुनः बैठक बस्ने सहमति भएको जेलेन्स्कीले जानकारी दिनुभएको छ।

उहाँले युक्रेन, अमेरिका र रुसबीच रोकिएको त्रिपक्षीय वार्ता पुनः सुरु गर्ने प्रयासलाई पनि अघि बढाइएको बताउनुभयो। यस्तो वार्ताले द्वन्द्वको शान्तिपूर्ण समाधान खोज्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

अमेरिकी विशेष दूत विट्कफले पनि मस्कोमा भएको वार्ताका क्रममा महत्वपूर्ण प्रगति हासिल भएको बताउनुभएको छ। उहाँले युक्रेन, अमेरिका र रुसबीचको त्रिपक्षीय वार्ता छिट्टै घोषणा हुने आशा व्यक्त गर्नुभयो।

विट्कफ र कुशनर आइतबार युक्रेन पुगेका हुन्। युक्रेन भ्रमणअघि उनीहरूले मस्कोमा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग भेटवार्ता गर्नुभएको थियो।

रुस-युक्रेन द्वन्द्व अन्त्य गर्ने प्रयासस्वरूप युक्रेन, अमेरिका र रुसका प्रतिनिधिमण्डलबीच यसअघि अबुधाबीमा दुई चरण र जेनेभामा एक चरण त्रिपक्षीय वार्ता भएको थियो। तर पछिल्लो समय ती वार्ता रोकिएका छन्।

# भारी वर्षाले जापानमा बढायो पहिरो र बाढीको जोखिम

सिन्ह्वा

टोकियो । जापानको मौसम विज्ञान एजेन्सीले राजधानी टोकियोको दक्षिणमा पर्ने निजिमा द्वीपमा लगातारको भारी वर्षापछि पहिरोको उच्चतम तहको आपत्कालीन चेतावनी जारी गरेको छ। भारी वर्षाका कारण पहिरो तथा अन्य प्राकृतिक विपत्तिको जोखिम बढेपछि स्थानीय बासिन्दालाई उच्च सतर्कता अपनाउन आग्रह गरिएको छ।

मौसम विज्ञान एजेन्सीका अनुसार सोमबार बिहान स्थानीय समयअनुसार ५ बजेर २० मिनेटसम्मको २४ घण्टामा निजिमा द्वीपमा ३८१ मिलिमिटर वर्षा भएको थियो। छोटो समयमै अत्यधिक वर्षा भएपछि जमिन कमजोर बन्ने र पहिरो जाने सम्भावना बढेको अधिकारीहरूले बताएका छन्।

भारी वर्षाको प्रभाव निजिमा द्वीपमा मात्र सीमित छैन। मौसमी वर्षा प्रणालीको प्रभावका कारण सोमबार बिहानैदेखि टोकियोसहित पूर्वी जापानका विभिन्न क्षेत्रमा पनि ठूलो वर्षा भएको छ। लगातारको वर्षाका कारण नदीमा पानीको सतह बढ्ने, तल्लो भूभागमा डुबान हुने तथा पहिरो जाने जोखिम बढेको छ। जापानको पाँच तहको विपद् चेतावनी प्रणालीअन्तर्गत टोकियोसँग जोडिएका चिबा र साइतामा प्रान्तका केही क्षेत्र तथा फुकुसिमा प्रान्तको मध्य भागमा पहिरोसम्बन्धी चौथो तहको चेतावनी जारी गरिएको छ। चौथो तहको चेतावनीमा जोखिमयुक्त क्षेत्रका मानिसलाई सुरक्षित स्थानतर्फ जानका लागि आवश्यक तयारी गर्न तथा स्थानीय प्रशासनको निर्देशन पालना गर्न आग्रह गरिन्छ।

अधिकारीहरूले आगामी वर्षाका कारण पहिरो, बाढी र आकस्मिक डुबानको जोखिम थप बढ्न सक्ने चेतावनी दिएका छन्।

विशेषगरी पहाडको फेदी, भिरालो जमिन तथा नदी आसपास बसोबास गर्ने मानिसलाई थप सावधानी अपनाउन भनिएको छ।

मौसम विज्ञान एजेन्सीले प्रभावित क्षेत्रका बासिन्दालाई मौसमसम्बन्धी पछिल्लो सूचना निरन्तर लिन, स्थानीय प्रशासनको निर्देशन पालना गर्न र खतरा देखिएमा सुरक्षित स्थानमा जान आग्रह गरेको छ। भारी वर्षाका कारण अवस्था परिवर्तन हुन सक्ने भएकाले जोखिमयुक्त क्षेत्रमा रहेका मानिसलाई पहिरो तथा अन्य प्राकृतिक विपत्तिका संकेतप्रति विशेष ध्यान दिन पनि सुझाव दिइएको छ।

# अन्तरराष्ट्रिय पर्यटक आकर्षित गर्न न्यूजिल्याण्डले ५० लाख डलर लगानी गर्ने

सिन्ह्वा

वेलिङ्टन । न्यूजिल्याण्ड सरकारले क्षेत्रीय पर्यटन प्रवर्द्धनमार्फत अन्तरराष्ट्रिय पर्यटक आकर्षित गर्न छवटा अभियानमा ५० लाख न्यूजिल्याण्ड डलर लगानी गर्ने भएको छ। विशेषगरी चीनका पर्यटकलाई लक्षित गरी यी अभियान सञ्चालन गरिनेछन्।

सरकारले सोमबार जारी गरेको विज्ञप्तिअनुसार, 'क्षेत्रीय पर्यटन प्रवर्द्धन कोष' अन्तर्गत नर्थ आइल्याण्डको रोटोरुआमा चिनियाँ पर्यटक आकर्षित गर्ने 'किवी नर्थ' खाद्य तथा आतिथ्य अभियानका लागि नौ लाख ९४ हजार ९०२ न्यूजिल्याण्ड डलर छुट्याइएको छ।

त्यस्तै, क्राइस्टचर्च तथा साउथ आइल्याण्डमा चिनियाँ पर्यटक आकर्षित गर्ने अर्को अभियानका लागि पनि नौ लाख ९४ हजार ९०२ न्यूजिल्याण्ड डलर विनियोजन गरिएको छ।

पर्यटन तथा आतिथ्य मन्त्री लुइस अपस्टनले यो कोषले सन् २०२६ को वसन्त ऋतु तथा सन् २०२७ को ग्रीष्म ऋतुको सुरुवाती अवधिमा अन्तरराष्ट्रिय पर्यटक आकर्षित गर्न क्षेत्रीय स्तरमा सञ्चालन हुने सहकार्यात्मक अभियानलाई सहयोग गर्ने बताउनुभयो।

"यी अभियानहरूले अष्ट्रेलिया, उत्तर अमेरिका र चीनका पर्यटकलाई न्यूजिल्याण्डमा लामो समय बस्न, थप स्थानको भ्रमण गर्न तथा स्थानीय पर्यटन र आतिथ्य व्यवसायलाई सहयोग गर्न प्रोत्साहित गर्नेछन्", अपस्टनले भन्नुभयो।

उहाँका अनुसार सरकारले पर्यटकलाई कम भीडभाड हुने महिनामा पनि न्यूजिल्याण्ड भ्रमण गर्न तथा प्रमुख प्रवेशद्वारभन्दा बाहिरका विभिन्न क्षेत्रको अनुभव लिन प्रोत्साहित गर्न चाहेको छ।

विज्ञप्तिमा उल्लेख भएअनुसार, छवटै अभियानले क्षेत्रीय खाना, वाइन, आतिथ्य तथा पर्यटकीय अनुभवलाई प्रवर्द्धन गर्नेछन्।

# सुखोई-३० मा आरभीभी बीडी

एएनआई

नयाँदिल्ली । भारतीय वायुसेनाको हवाई युद्ध क्षमता बढाउन भारतले सुखोई-३० एमकेआई लडाकू विमानलाई रुसी मूलको आरभीभी बीडी हावाबाट हावामा प्रहार गर्ने क्षेप्यास्त्रसँग एकीकृत गर्ने तयारी गरेको छ।



रक्षा मन्त्रालयले विमानमा क्षेप्यास्त्र जडानका लागि आवश्यक परिमार्जनको प्रस्ताव अघि बढाएको छ। उक्त प्रस्ताव रक्षामन्त्री राजनाथ सिंहको नेतृत्वमा सोमबार हुने रक्षा अधिग्रहण परिषद् (डिएसी) को बैठकमा स्वीकृतिका लागि पेस हुने अपेक्षा गरिएको छ। रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको ब्रिक्स बैठकका लागि भारत भ्रमणअघि प्रस्ताव अघि बढाइएको हो।

आरभीभी बीडीका विभिन्न संस्करणले प्रारम्भिक चेतावनी तथा नियन्त्रण विमान र अन्य जासुसी विमानलाई करिब म्याक ६ को गतिमा प्रहार गर्न सक्ने रुसी पक्षको दाबी छ।

भारतले हावाबाट हावामा प्रहार गर्ने हतियार क्षमता विस्तार गर्न स्वदेशी तथा विदेशी विकल्पमा काम गरिरहेको छ।

डिआरडिओले अस्त्र क्षेप्यास्त्रका भावी संस्करण विकास गरिरहेको छ भने फ्रान्सबाट मेटिओर क्षेप्यास्त्र खरिदका लागि पनि ठूलो आदेश दिएको छ। भारतीय वायुसेनामा २६० भन्दा बढी सुखोई-३० एमकेआई विमान सेवामा छन्। भारतले यसको आधुनिकीकरणका लागि छुट्टाछुट्टै परियोजना अघि बढाइरहेको छ। यसबाट विमानको लक्ष्य पहिचान र लामो दूरीको प्रहार क्षमता बढ्ने अपेक्षा गरिएको छ।

यसैबीच डिएसीले सुखोई-३० एमकेआईका एएल-३१ इन्जिन मर्मतसम्बन्धी परियोजना पनि अघि बढाउने भएको छ। हिन्दुस्तान एरोनटिक्स लिमिटेडले एएलएच मार्क-३ हेलिकप्टरका लागि समेत महत्वपूर्ण आदेश पाउने सम्भावना रहेको बताइएको छ।रासस



**सडकको बीचमा प्लास्टिकका लेक्सिबल डिभाइडर जडान** : महोत्तरीको जलेश्वर नगरपालिका जिरो माइलमास्थित जनकपुर-जलेश्वर जाने सडकको बीचमा सवारी आवागमनलाई व्यवस्थित गर्न राखिएको प्लास्टिकका फ्लेक्सिबल डिभाइडर । ट्राफिक जाम र दुर्घटनाको जोखिम न्यूनीकरण गर्ने उद्देश्यले सडकमा डिभाइडर जडान गरिएको हो।
*तस्बिर:चन्दन ठाकुर/रासस*

# भेनियर उत्पादनसँगै स्थानीय रोजगारी बढाउँदै सुनौलो प्लाइ उद्योग

सुनसरी । घरको काम मिलाएर उद्योग आउँछु। कहिलेकाहीँ ११ घण्टासम्म पनि काम गर्छु । कामअनुसार पारिश्रमिक पाइन्छ । वराहक्षेत्र नगरपालिका-५ की बबिता बस्नेत भन्नुहुन्छ, "प्लाइ उद्योग स्थापना भएदेखि नै यहाँ काम गर्दै आएकी छु।"

उद्योगले गाउँमै रोजगारी दिएपछि परिवारको आर्थिक आवश्यकता पूरा गर्न सहज भएको उहाँ बताउनुहुन्छ। "यहाँ आएर काठका पाता बोक्ने, टिप्ने, सुकाउने तथा गाडीमा सामान राख्ने तथा झार्ने काम गर्छु। यहाँबाट कमाएको पैसाले घरपरिवारको दैनिक खर्च तथा बालबालिकाको खाजा खर्च जुटाउन सहयोग पुगेको छ", उहाँले भन्नुभयो।

जितमाया श्रेष्ठ र सुरेश साहको संयुक्त लगानीमा भेनियर उत्पादनसँगै गाउँमै रोजगारी बढाउने उद्देश्यले २०८१ साल माघमा स्थापना गरिएको प्लाइउड उद्योगले २०८२ वैशाखदेखि व्यावसायिक उत्पादन सुरु गरेको हो।

उद्योगका व्यवस्थापन तथा लेखा प्रमुख दीपक रानामगरका अनुसार, स्थानीय रोजगारीका लागि उद्योग प्रभावकारी देखिएको छ । वराहक्षेत्र-५ कालाबन्जरमा ७२ कट्ठा जग्गा लिजमा लिएर रु एक करोड ५० लाख बराबरको लगानीमा सञ्चालित उद्योगमा हाल



वराहक्षेत्रका ६० देखि ६५ जनाले प्रत्यक्ष रोजगारी पाएका छन् ।

उद्योगमा अधिकांश श्रमिक महिला छन् । स्थानीयस्तरमा पुरुष श्रमिक पाउन कठिनाइ भएपछि महिलाको सङ्ख्या बढी रहेको मगरले बताउनुभयो । उद्योगले दैनिक ८० हजारदेखि एक लाख स्क्वायरफिटसम्म भेनियर उत्पादन गर्दै आएको छ ।

श्रमिक रोशन चौधरी भन्नुहुन्छ, "गाउँमै उद्योग खुलेपछि रोजगारीका लागि बाहिर जानुपर्ने बाध्यता कम भएको छ । यहीँ बसेर काम गर्न पाउँदा परिवारसँगै बस्न पाइएको छ । यहीँबाट कमाएको आम्दानीले घरखर्च चलाउन सहयोग पुगेको छ।"

श्रमिकलाई कामअनुसार प्रतिघण्टाका दरले पारिश्रमिक दिने गरिएको छ । उत्पादन सुरु गर्दा दक्ष प्राविधिक जनशक्तिको अभाव भएपछि भारतबाट प्राविधिक ल्याएर मेसिन सञ्चालन गर्नुपरेको मगरले बताउनुभयो । "अहिले नेपाली श्रमिकले पनि मेसिन सञ्चालनलगायतका काम सिक्दै गएकाले सहज भएको छ, हाम्रो चाहाना यहीँका स्थानीयलाई रोजगार दिन सकौ भन्ने हो", मगरले भन्नुभयो।

उद्योगले भेनियर उत्पादनका लागि उत्तिस, कटुस र केही चिलाउने जातका गोलिया काठ प्रयोग गर्दै आएको छ। आवश्यक काठमध्ये अधिकांश तेह्रथुमबाट ल्याइन्छ भने खोटाङ, भोजपुरलगायत पहाडी जिल्लाबाट पनि काठ ल्याउने गरिएको मगरले जानकारी दिनुभयो।

गोलिया काठलाई मेसिनमार्फत पातलो तहमा काटेर भेनियर तयार गरिन्छ।

पाक्नै लागेको धानबाली नष्ट :

# भक्तपुरका किसान दुःखी



भक्तपुर । गए राति परेको अविरल वर्षाका कारण पाक्नै लागेको धानबालीमा क्षति पुगेपछि भक्तपुरका किसान दुःखी बनेका छन् ।

पाक्नै लागेको धानबालीमा क्षति पुगेपछि किसानले वर्षभरको मेहनत खेर जाने चिन्ता व्यक्त गरेका छन् । धान काट्ने समय नजिकिँदै गर्दा परेको ठूलो वर्षाले किसानको वर्षभरिको मेहनत जोखिममा परेको छ ।

रोपाइँदेखि गोडमेल, मलजल र सिँचाइ गर्दै हुर्काएको धान पाक्ने बेलामा पानी र हावाहुरीका कारण ढलेपछि उत्पादन घट्ने चिन्ता किसानमा थपिएको छ। भक्तपुरको चाँगुनारायण नगरपालिका वडा नं ५ छालिङ्गका किसान सौगात गिरीका अनुसार राति परेको वर्षाले धानबालीको खेततर्फको खोला पसेपछि खेतको धानबालीमा क्षति पुगेको हो ।

खोलामा लामो समयदेखि जम्मा भएका फोहोरका थुप्रोसमेत खेतमा पस्दा धानबालीमा थप क्षति पुगेको उहाँले बताउनुभयो । वर्षाका कारण खेतमा पानी जम्नुका साथै कतिपय स्थानमा खोला तथा खोल्साको पानी खेतमा पस्दा धानबाली ढलेर नष्ट भएको उहाँले जानकारी दिनुभयो ।

"वर्षे धान रोपेदेखि धान घरमा नभित्र्याएसम्म पानी परेपछि धान डुबानमा पर्ला कि भनेर चिन्तामा बस्नुपर्ने अवस्था छ", उहाँले भन्नुभयो । गिरीले यसपटक पनि पाक्न ठिक्क परेको धानबाली वर्षाको पानीले ढलेर नष्ट भएपछि यहाँका सम्पूर्ण किसानहरु दुःखी भएको बताउनुभयो ।

यहाँका किसानहरूले वर्षायाममा खेत डुबानको समस्या समाधान गर्न खोला तथा खोल्साको उचित व्यवस्थापन, फोहर हटाउने तथा व्यवस्थित कोरिडोर निर्माण गर्न स्थानीय तहसँग माग गर्दै आएका छन् ।

समयमै समस्या समाधान नगरे हरेक वर्ष धानबालीमा क्षति पुग्ने र किसानको उत्पादन तथा आम्दानीमा असर पर्ने उहाँको भनाइ छ । भक्तपुरका किसान रामप्यारी सुवालका अनुसार पाक्नै लागेको धान ढलेपछि धान नष्ट हुन्छ । उहाँका अनुसार ढलेको धान फेरि जनशक्ति लगाएर उठाउनुपर्छ अर्थात् मुठामुठा बाध्नुपर्छ । यति गर्दा पनि त्यो धान खाली बोक्रामा मात्रै सिमित हुन्छ । त्यसकारण धान फल्ने बेला त्यो खोक्रो भुस धानमा परिणत हुने उहाँले जानकारी दिनुभयो ।

भक्तपुर किसानको जिल्ला भनेर चिनिन्छ ।

जिल्लाका चार नगरपालिका- भक्तपुर, मध्यपुर थिमि, सूर्यविनायक र चाँगुनारायणमध्ये विशेषगरी सूर्यविनायक र चाँगुनारायण नगरपालिकाका विभिन्न क्षेत्रमा अझै पनि ठूलो क्षेत्रफलमा रोपाइँ गरिन्छ ।

भक्तपुरका ग्रामीण तथा शहरी क्षेत्रमा तीव्र रूपमा भइरहेको भौतिक विस्तारका कारण खेत तथा प्राकृतिक पानी बग्ने मार्गमा दबाब बढ्दै गएको छ ।

यसले ठूलो वर्षाका बेला पानीको निकास प्रभावित हुने र खेतमा डुबानको जोखिम बढाउने गरेको किसानहरूको अनुभव छ । स्थानीय तहले तत्काल क्षतिको स्थलगत अनुगमन गरी वास्तविक क्षतिको विवरण सङ्कलन तथा प्रभावित किसानलाई आवश्यक सहयोग गर्नुपर्ने मागसमेत उठेको छ । रासस

# यातायातको पहुँचसँगै काठमाडौं पुग्न थाले भोजपुरका 'खसीबोका'

भोजपुर । ग्रामीण क्षेत्रसम्म सडक सञ्जाल र यातायातको पहुँच विस्तार भएसँगै भोजपुरका दुर्गम गाउँमा पालिएका खसीबोकाले सहज रूपमा बजार र उचित मूल्य पाउन थालेका छन् ।

यातायातको सहजतासँगै स्थानीयस्तरमा उत्पादन भएका खसीबोका ठूला सहरमा जान थालेपछि किसानलाई बेचबिखनमा पनि सहजता भएको हो । यसबाट आर्थिक उपार्जन पनि राम्रो भएको छ ।

पहिला दसैं-तिहारजस्ता ठूला चाडपर्वका बेलामात्र फाट्टफुट्ट खसीबोका बिक्री हुने गर्दथे । किसानलाई खसीबोका बेच्न स्थानीय हाटबजारसम्म डोहोर्‍याएर लैजानुपर्ने झन्झटसँगै सोचेजस्तो मूल्य नपाइने बाध्यता थियो । अहिले सडक सञ्जाल विस्तार भएसँगै गाउँका खसीबोका काठमाडौं, धरान, इटहरी र विराटनगरजस्ता ठूला सहरसम्म पुग्न थालेका छन् ।

अहिले गाउँमै जिउँदो खसीबोका प्रतिकिलो रु ५०० देखि ६०० सम्ममा सहजै बिक्री भइरहेको छ । राम्रो मूल्य पाउन थालेपछि जिल्लामा बाख्रापालनमा किसानको आकर्षणसमेत बढेको छ ।

गाउँबाट खसीबोका सङ्कलन गरेर काठमाडौं पठाउँदै आएका स्थानीय व्यापारी गणेश



विष्टका अनुसार अहिले महिनामा २०० का हाराहारीमा खसीबोका काठमाडौं पठाउने गरिएको छ । युवाहरू मिलेर गाउँबाट सङ्कलन गरिएका खसीबोका काठमाडौं ढुवानी गर्दा प्रतिगोटा रु ८०० देखि एक हजार ५०० सम्म भाडा लाग्ने गरेको उहाँले जानकारी दिनुभयो ।

घरआँगनबाटै खसीबोका बिक्री हुन थालेपछि किनबेचमा ठूलो सहजता आएको टेम्केमैयुङ-५ मझौलेका स्थानीय हर्कराज लुइँटेल बताउनुहुन्छ। घरमै तराजुमा जोखेर बेचिने भएकाले ठगिने सम्भावना नरहेको उहाँको भनाइ छ। आफूलाई पैसा खाँचो परेको अवस्थामा तुरुन्तै बिक्री हुँदा गर्जो टार्न सहज भएको उहाँले जानकारी दिनुभयो ।

"यातायातको सुविधाका कारण गाउँघरमा पालिएका खसीबोका अहिले काठमाडौंलगायतका ठूला सहरसम्म जान थालेका छन्", उहाँले भन्नुभयो, "विगतमा अन्दाजको भरमा बेच्नुपर्दा घाटा सहनु पर्थ्यो । अहिले व्यापारी आफैं खोरसम्म खोज्दै आउँछन् । खोरबाटै राम्रो मूल्यमा बिक्री गर्न पाउँदा निकै सहज भएको छ ।"

अर्का स्थानीय किसान रमेश विष्टले पनि घरैबाट सोचेजस्तो मूल्यमा खसीबोका बिक्री हुन थालेपछि बाख्रापालनबाट मनग्य आम्दानी लिन सकिने अवस्था बनेको बताउनुभयो । "विगतमा पनि खसीबोका बिक्री त हुन्थे, तर सहज थिएन", उहाँले भन्नुभयो, "आफूलाई परेका बेला तत्कालै बिक्री हुने अवस्था पनि थिएन । तर अहिले भने बिक्रीका लागि कुनै समस्या छैन ।" सडक सुविधाका कारण बजारको पहुँच विस्तार भएसँगै दुर्गम गाउँका किसानका लागि बाख्रापालन व्यवसाय भरपर्दो र गतिलो आम्दानीको स्रोत बन्दै गएको छ ।रासस

# सीपमूलक तालिमबाट उत्पादित सामग्री बाढी प्रभावितलाई सहयोग

नारायणगढ । रसुवामा आएको विनाशकारी बाढीबाट प्रभावित परिवारका लागि उद्योग, वाणिज्य तथा पर्यटन कार्यालय, चितवनले रु तीन लाख ८६ हजार ५२५ बराबरका राहत सामग्री हस्तान्तरण गरेको छ ।

कार्यालयले विभिन्न समयमा सञ्चालन गरेका सीपमूलक तालिममा उत्पादित तथा भण्डारमा रहेका कपडा र जुत्ता-चप्पल छनोट गरी जिल्ला प्रशासन कार्यालय चितवनको राहत सङ्कलन केन्द्रमार्फत बाढी प्रभावितका लागि उपलब्ध गराएको हो ।

कार्यालय प्रमुख विनोद पौडेलका अनुसार कार्यालयले सञ्चालन गरेका सीपमूलक तालिमबाट उत्पादित सामग्रीमध्ये एक हजार २७ थान कपडा र ११६ जोर जुत्ता-चप्पल राहतस्वरूप हस्तान्तरण गरिएको छ । उहाँका अनुसार सीपमूलक तालिम सञ्चालन गर्दा प्रयोग हुने कच्चापदार्थ कार्यालयले उपलब्ध गराउने व्यवस्था छ । तालिमका क्रममा तयार भएका सामग्री प्रशिक्षार्थीले आधा मूल्यमा खरिद गर्ने व्यवस्था भए पनि बिक्री नभएका सामग्री कार्यविधिअनुसार कार्यालयको स्टोरमा राखिन्छन् । त्यस्ता सामग्री आवश्यकताअनुसार सामुदायिक संस्था, विद्यालय, आश्रमलगायत सामाजिक प्रयोजनका लागि हस्तान्तरण गर्न सकिने व्यवस्था रहेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "हाम्रो कार्यालयले सञ्चालन गरेका सीपमूलक तालिममा उत्पादित सामग्री स्टोरमा राखिएका थिए । सरकारी कार्यविधि र एकद्वार प्रणालीबमोजिम प्रयोग गर्न मिल्ने कपडा तथा जुत्ता-चप्पल स्क्रिनिङ गरी व्यवस्थित रूपमा प्याक गरेर रसुवाका बाढीपीडितका लागि जिल्ला प्रशासन कार्यालयको राहत सङ्कलन केन्द्रमा हस्तान्तरण गरेका हौं ।"




विपद्को कठिन अवस्थामा बाढी प्रभावित परिवारलाई तत्काल राहत पुगोस् भन्ने उद्देश्यले सीपमूलक तालिममा उत्पादित सामग्री राहतका रूपमा हस्तान्तरण गरिएको उहाँले बताउनुभयो । रासस

# नमूना बस्ती पहिरोको उच्च जोखिममा

दैलेख । अविरल वर्षाका कारण दैलेखको नारायण नगरपालिका-१, नमूना बस्ती पहिरोको उच्च जोखिममा छ ।

आइतबार परेको झरीका कारण गए राति बस्तीमा पहिरो जान थाले पछि आठ घर परिवारका ३७ जना सर्वसाधारण विस्थापित भएका छन् ।

पहिरोको जोखिम बढे लगत्तै जिल्ला प्रहरी कार्यालय, दैलेखबाट प्रहरी निरीक्षक ऋषिकेश गौतम हरिजनको कमाण्डमा खटिएको टोलीले स्थानीय जन प्रतिनिधिसँग समन्वय गरी पीडितलाई उद्धार गरेको छ।

विस्थापित ३७ जनालाई सोही वडामा रहेको तरकारी सङ्कलन केन्द्रको भवनमा राखिएको छ। भिरालोमा रहेको ६५ घरधुरीको यो बादी बस्तीमा एउटा घर पुरिँदा सिङ्गो बस्ती नै जोखिममा पर्ने अवस्था छ।

यसअघि पहिरोमापरी रूपा बादी, उहाँकी छोरी सपना र छोरा विष्णुको मृत्यु भइसकेकाले स्थानीयवासी त्रासमा छन् ।रासस

# विदुर नगरपालिकाले बाढी प्रभावितलाई कोठा भाडावापत प्रतिपरिवार रु १० प्रदान गर्ने

त्रिशूली । भोटेकोशी बाढीबाट प्रभावित भएकालाई विदुर नगरपालिकाले कोठा भाडा वापत रकम उपलब्ध गराउने भएको छ ।

आइतबार बसेको नगर कार्यपालिकालको १३४औं बैठकले बाढीको कारण बस्न योग्य घर नभएका स्थानीयवासीहरुलाई नगरपालिकाले घर भाडामा लिएर बस्न अनुरोध गर्दै भाडावापतको रकम उपलब्ध गराउने निर्णय गरेको हो ।

नगरप्रमुख राजन श्रेष्ठको अध्यक्षतामा बसेको बैठकले बाढी प्रभावितलाई बस्न प्रतिपरिवार रु १० हजार कोठा भाडावापत नगद उपलब्ध गराउने निर्णय गरेको हो । बाढी प्रभावितलाई 'होल्डिङ सेन्टर' को बसाइ छोट्याउन तथा यहाँबाट विस्थापित भएर अन्यत्र जान बाध्य भएकालाई पुनःस्थापनामा प्रोत्साहन गर्दै कोठा भाडा लिएर बस्न अनुरोधसहित त्यसवापत प्रति परिवार रु दश हजार नगरपालिकाले उपलब्ध गराउने निर्णय गरेको हो । नगरप्रमुख श्रेष्ठको अनुसार घर भाडा रकम उपलब्ध गराउने र परिवारको लागी आवश्यक पर्ने खाद्यान्न, लत्ताकपडा, भान्साको लागी चाहिने भाडावर्तन, दैनिक प्रयोगका सरसफाई लगायतका सामग्री राहत स्वरुप समेत उपलब्ध गराउने निर्णय भएको



छ । कोठा भाडामा लिँदा वा दिँदा कोही कसैले प्रचलित चलनचल्तीको भाडादर भन्दाबढी नलिन अनुरोध गर्दै यदी लिएको पाइएमा प्रचलित कानून अनुसार कारवाही हुने समेत नगर कार्यपालिकाको बैठकले चेतावनी दिएको छ । बाढीबाट प्रभावित भएको करीब दुई साता हुन लागेको भन्दै अब दीर्घकालीन पुनःउत्थानतर्फ अघि बढ्नुपर्ने समय भएकाले तीनै तहको सरकार, राष्ट्रिय तथा अन्तरराष्ट्रिय सङ्घ संस्था र दाताहरुको सहकार्यमा अस्थायी आवास निर्माणमा नगरपालिकाले जोड दिने उल्लेख छ ।

"बाढीले प्रभावित भएर घरमा क्षति भएकाले सोही स्थानमा नयाँ आवास निर्माणको लागी तत्कालै सम्भव हुने अवस्था छैन ।" बैठकको निर्णय सार्वजनिक गर्दै नगरप्रमुख श्रेष्ठले भन्नुभयो, "विपद् पश्चात तत्कालका लागि उपलब्ध गराउने राहतको सट्टा दिगो रुपमा उपभोग गर्न सकिने उपभोगका सामग्री र आवासीय प्रयोजनसँग सम्बन्धित सहयोग जुटाउनुपर्दछ ।"

बैठकले विदुर नगरपालिकाभित्र सञ्चालित 'होल्डिङ सेन्टर'मा बाढीबाट प्रभावित अन्य जिल्ला तथा पालिकाको नागरिकलाई सम्बन्धित जिल्ला तथा पालिकालाई नै व्यवस्थापनको प्रबन्ध मिलाउन आग्रह गर्ने निर्णय भएको छ । विदुर नगरपालिकाभित्र सञ्चालित होल्डिङ सेन्टरमा बसोबास गरिरहेका मध्ये करिब आधा सङ्ख्या अन्य जिल्ला वा पालिकाको रहेको पाइएकाले सम्बन्धित पालिका तथा जिल्लाले व्यवस्थापनमा सहजीकरण गरेर होल्डिङ सेन्टरको बसाइ हटाइ स्थायी बसोबासको प्रबन्धतर्फ विदुर नगरपालिका अघि बढ्ने लक्ष्य लिएको छ ।


**भदौ २४ देखि पठनपाठन सञ्चालन गर्ने**

विदुर नगरभित्र बाढी पश्चात प्रभावित भएको विद्यालयको पठनपाठन यही भदौ २४ गतेदेखि नियमित रुपमा सञ्चालन गर्ने निर्णय भएको छ ।

नगर कार्यपालिका बैठकले अस्थायी आवास केन्द्र सञ्चालन भएका र पूर्ण क्षति भएका विद्यालयबाहेक बाँकी विद्यालय भदौ २४ देखि नियमित सञ्चालनमा ल्याउने निर्णय गरेको हो । बाढी गएको दिनदेखि रोकिएका विद्यालयको पढाइ सञ्चालन गराइ विद्यार्थीलाई आफूलाई पायक पर्ने जुनसुकै विद्यालयमा पढ्न जान पाउने उल्लेख गरिएको छ । त्यसलाई सहज बनाउन विद्यालय पोसाक पनि आवश्यक नपर्ने निर्णयमा भनिएको छ ।

बाढीको कारण विद्यालयको सम्पूर्ण संरचना क्षति पुगेको मध्ये विदुर नगरपालिका-१ त्रिशूलीमा सञ्चालित त्रिभुवन त्रिशूली माध्यमिक विद्यालयलाई वडा नं ९ बाट सञ्चालन गरिने भएको छ । बाढीले सम्पूर्ण संरचना क्षति पुगेको त्रिभुवन त्रिशूली माविका एक हजार ५० भन्दा बढी विद्यार्थीको अस्थायी सिकाइ केन्द्र सञ्चालन गराउन वडा नं ९ स्थित सहरी विकास तथा भवन कार्यालयसहितको जग्गा र जिल्ला विकास समितिको कार्यालयसहितको जग्गा प्रयोग गर्न नगरपालिकाले सहमति दिएको छ । रासस

# दलित बालबालिकाको सवालमा प्रभावकारी समन्वय आवश्यक




**टुडे समाचारदाता**

जनकपुरधाम । राज्यका निकाय तथा समुदायबीच दलित बालबालिकाको शिक्षा, अधिकार र सामाजिक सुरक्षाका सवालमा प्रभावकारी समन्वय आवश्यक रहेको सरोकारवालाहरूले बताएका छन् ।

दलित महिला संघ धनुषाले जनकपुरधाममा सोमबार आयोजना गरेको 'दलित बालबालिकाका सवाल र सरोकारवाला निकायको भूमिका' विषयक कार्यक्रममा सहभागी वक्ताहरूले दलित बालबालिकालाई विद्यालयमा नियमित गराउन, शिक्षामा समान पहुँच सुनिश्चित गर्न तथा विद्यालयमा हुने विभेद अन्त्य गर्न तीनै तहका सरकार र समुदाय जिम्मेवार हुनुपर्नेमा जोड दिएका छन् ।

कार्यक्रममा जनकपुरधाम उपमहानगरपालिकाका नगरप्रमुख मनोजकुमार साहले कुनै पनि बालबालिका विद्यालयबाहिर रहन नहुने बताए । उनले उपमहानगरपालिकाका तीन वडामा अनौपचारिक शिक्षा सञ्चालन भइरहेको जानकारी दिँदै विद्यालय जानबाट वञ्चित बालबालिकालाई शिक्षाको मूलधारमा ल्याउन स्थानीय तहले पहल गरिरहेको बताए ।

नगरप्रमुख साहका अनुसार जनकपुरधाममा अझै करिब ६ सय बालबालिका विद्यालयबाहिर रहेको तथ्याङ्क छ । उनीहरूलाई विद्यालयमा ल्याउन विशेष कार्यक्रम र पहल आवश्यक रहेको उनले बताए ।

दलित महिला संघ धनुषाका अध्यक्ष सरस्वती मण्डलले बालबालिकाको शिक्षा र विकासमा परिवार, विद्यालय तथा समुदायको भूमिका महत्वपूर्ण हुने बताए । सामाजिक सञ्जालको बढ्दो दुरुपयोगप्रति सचेत गराउँदै उनले बालबालिकालाई प्रविधिको सकारात्मक प्रयोगतर्फ उन्मुख गराउनुपर्नेमा जोड दिए ।

जनकपुरधाम उद्योग वाणिज्य संघकी उपाध्यक्ष रिंकुकुमारी साहले दलित बालबालिकालाई जातीय पहिचानका आधारमा नभई समान नागरिकका रूपमा हेर्ने सामाजिक सोचको विकास आवश्यक रहेको बताइन् । शिक्षामा समान अवसर र सम्मानजनक व्यवहार सुनिश्चित गर्न सके मात्र सामाजिक विभेद न्यूनीकरण गर्न सकिने उनको भनाइ थियो ।

आसमान नेपालकी सुजिता ठाकुरले दलित समुदायका बालबालिकामा विद्यालय छाड्ने समस्या अझै कायम रहेको बताइन् । अभिभावकमा शिक्षाको महत्वबारे पर्याप्त जानकारी नहुनु र विद्यालयमा हुने विभेदका कारण पनि बालबालिका शिक्षाबाट टाढिने गरेको उनले उल्लेख गरिन् ।

कार्यक्रममा बाल क्लबका प्रतिनिधि पत्रिकाकुमारी महरा र चाहतकुमारी दासले बालबालिकामाथि हुने हिंसा, विभेद र दुर्व्यवहार अन्त्य गर्न राज्यका निकायसँगै परिवार र समुदायले पनि सक्रिय भूमिका निर्वाह गर्नुपर्ने बताए ।

दलित बालबालिकालाई शिक्षामा समान पहुँच, विद्यालयमा विभेदरहित वातावरण, सीपमूलक शिक्षा तथा बालअधिकारको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तहदेखि प्रदेश र संघीय सरकारसम्म समन्वय आवश्यक रहेको भन्ने धारणा उनीहरुले राखेका थिए ।

उनीहरूले दलित बालबालिकाको शैक्षिक अवस्था सुधारका लागि नीति निर्माण मात्र नभई त्यसको प्रभावकारी कार्यान्वयन, नियमित अनुगमन र समुदायको सक्रिय सहभागितामा समेत जोड दिएको बताइएको छ ।

# जनमतको महाधिवेशन असोज १० गते, निर्वाचन कार्यतालिका सार्वजनिक

**पार्टीले निर्वाचन प्रक्रियालाई डिजिटल माध्यमबाट समेत व्यवस्थित गर्न इमेलको व्यवस्था गरेको छ। उम्मेदवारी मनोनयनपत्र दर्ता, मनोनयन फिर्ता, दाबी-विरोध तथा अन्य सुझावका लागि janamatparty@gmail.com इमेल ठेगाना उपलब्ध गराइएको छ ।**




**टुडे समाचारदाता**

जनकपुरधाम । जनमत पार्टीले आफ्नो दोस्रो महाधिवेशनको निर्वाचन कार्यतालिका सार्वजनिक गरेको छ। पार्टीले सार्वजनिक गरेको कार्यतालिकाअनुसार महाधिवेशन अन्तर्गतको निर्वाचन प्रक्रिया भदौ महिनाको अन्तिम साताबाट सुरु भएर असोज ११ गतेसम्म सञ्चालन हुनेछ ।

कार्यतालिकामा मतदाता नामावली अद्यावधिक तथा प्रकाशनदेखि उम्मेदवारी दर्ता, दाबी-विरोध, उम्मेदवारी फिर्ता, मतदान, मतगणना र परिणाम घोषणासम्मका सबै चरण समेटिएका छन् ।

निर्वाचन कार्यतालिकाअनुसार भदौ २१ गतेसम्म सम्पूर्ण वडा, पालिका तथा जिल्ला अधिवेशनको विवरण अद्यावधिक गरिनेछ। सोही क्रममा पार्टीका सम्पूर्ण केन्द्रीय तथा प्रदेश निकाय, विभाग र मोर्चाका केन्द्रीय तथा प्रदेश समितिको विवरणसमेत अद्यावधिक गर्ने व्यवस्था गरिएको छ ।

त्यसपछि भदौ २८ गते जिल्लाबाट मनोनीत गरिएका सम्पूर्ण महाधिवेशन प्रतिनिधिहरूको विवरण अद्यावधिक गरिनेछ । महाधिवेशनमा सहभागी हुने प्रतिनिधिहरूको विवरणलाई अन्तिम निर्वाचन प्रक्रियासँग जोड्दै त्यसपछिका दिनमा मतदाता नामावलीसम्बन्धी प्रक्रिया अघि बढाइनेछ ।

कार्यतालिका अनुसार भदौ २९ गते मतदाता नामावली प्रकाशन गरिनेछ । प्रकाशित मतदाता नामावलीमाथि चित्त नबुझेमा भदौ ३० गते बिहान १० बजेदेखि साँझ ५ बजेसम्म दाबी-विरोध गर्न सकिनेछ । त्यसपछि भदौ ३१ गते अन्तिम मतदाता नामावली प्रकाशन गर्ने कार्यतालिका छ ।

### असोज १ देखि उम्मेदवारी दर्ता

महाधिवेशनको औपचारिक निर्वाचन प्रक्रियाअन्तर्गत २०८३ असोज १ गते बिहीबार उम्मेदवार मनोनयनपत्र दर्ता गरिनेछ। त्यस दिन बिहान १० बजेदेखि साँझ ५ बजेसम्म उम्मेदवारी दर्ताका लागि समय तोकिएको छ ।

दर्ता भएका उम्मेदवारहरूको नामावली असोज २ गते शुक्रबार सार्वजनिक गरिनेछ । प्रकाशित उम्मेदवारको नामावलीमाथि असोज ३ गते शनिबार बिहान १० बजेदेखि साँझ ५ बजेसम्म दाबी-विरोध गर्न सकिनेछ ।

दाबी-विरोधको प्रक्रिया पूरा भएपछि उम्मेदवार हरूलाई उम्मेदवारी फिर्ताको अवसरसमेत दिइएको छ। कार्यतालिकाअनुसार असोज ४ गते आइतबार बिहान १० बजेदेखि साँझ ४ बजेसम्म उम्मेदवारले आफ्नो नाम फिर्ता लिन सक्नेछन् ।

त्यसपछि असोज ५ गते सोमबार उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरिनेछ। यससँगै महाधिवेशन निर्वाचनमा प्रतिस्पर्धा गर्ने उम्मेदवारहरूको अन्तिम टुंगो लाग्नेछ । जनमत पार्टीले असोज ९ गते निर्वाचन तयारीसम्बन्धी बैठक राख्ने जनाएको छ । निर्वाचनको अन्तिम तयारी पूरा गरेपछि असोज १० गते शनिबार महाधिवेशन तथा मतदान हुने कार्यतालिकामा उल्लेख छ ।

असोज १० गते नै महाधिवेशनको निर्वाचन प्रक्रिया सञ्चालन हुनेछ। त्यस दिन पार्टीको दोस्रो महाधिवेशनसँगै नयाँ नेतृत्व चयनका लागि मतदान गरिनेछ । मतदान सम्पन्न भएपछि असोज ११ गते आइतबार मतगणना तथा निर्वाचन परिणाम घोषणा गरिनेछ। सोही दिन केन्द्रीय कार्यकारिणी समितिको बैठकसमेत बस्ने कार्यतालिकामा उल्लेख गरिएको छ ।

यसरी जनमत पार्टीले वडा, पालिका र जिल्ला तहका विवरण अद्यावधिक गर्ने चरणदेखि सुरु गरेको निर्वाचन प्रक्रिया अन्ततः असोज ११ गते मतगणना तथा परिणाम घोषणासँगै सम्पन्न गर्ने तयारी गरेको छ ।

पार्टीले निर्वाचन प्रक्रियालाई डिजिटल माध्यमबाट समेत व्यवस्थित गर्न इमेलको व्यवस्था गरेको छ। उम्मेदवारी मनोनयनपत्र दर्ता, मनोनयन फिर्ता, दाबी-विरोध तथा अन्य सुझावका लागि janamatparty@gmail.com इमेल ठेगाना उपलब्ध गराइएको छ ।

कार्यतालिकामा निर्वाचनसम्बन्धी आवश्यक कागजातसमेत उक्त इमेल ठेगानामा पठाउन सकिने उल्लेख छ। यसले उम्मेदवार तथा प्रतिनिधिहरूलाई निर्वाचनसम्बन्धी प्रक्रिया पूरा गर्न थप सहज हुने अपेक्षा गरिएको छ ।

समग्रमा, जनमत पार्टीको दोस्रो महाधिवेशनअन्तर्गत मतदाता नामावली प्रकाशनदेखि त्यसमा दाबी-विरोध, उम्मेदवारी दर्ता, उम्मेदवारको नामावली प्रकाशन, दाबी-विरोध, उम्मेदवारी फिर्ता, अन्तिम नामावली प्रकाशन, निर्वाचन तयारी, मतदान र मतगणनासम्मको विस्तृत समयतालिका सार्वजनिक भएको छ। कार्यतालिका सार्वजनिक भएसँगै पार्टीको दोस्रो महाधिवेशनका लागि आन्तरिक निर्वाचन प्रक्रिया औपचारिक रूपमा अघि बढेको छ ।

## फरार १२ प्रतिवादी पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । जिल्ला अदालत धनुषाबाट विभिन्न मुद्दामा दोषी ठहर भई कैद तथा जरिवाना सजाय तोकिएपछि फरार रहेका १२ जना प्रतिवादीलाई प्रहरीले पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता डिएसपी ओमप्रकाश खनालका अनुसार सोमबार जिल्ला प्रहरी कार्यालय तथा मातहतका प्रहरी इकाइबाट परिचालित टोलीले लामो समयदेखि फरार रहेका प्रतिवादीहरूको खोजी गर्ने क्रममा उनीहरूलाई पक्राउ गरेको हो ।

प्रहरीका अनुसार पक्राउ परेका १२ जनामध्ये अधिकांश कुटपिटसम्बन्धी मुद्दामा अदालतबाट सजाय तथा जरिवाना तोकिएका व्यक्ति छन्। अदालतको फैसला कार्यान्वयन गर्ने उद्देश्यले फरार प्रतिवादीमाथि खोजी तीव्र पारिएको प्रहरीले जनाएको छ ।

पक्राउ परेकामध्ये एक जनालाई चोरी मुद्दामा १५ दिन कैद र १ लाख ६८ हजार २८० रुपैयाँ जरिवाना हुने फैसला भएको थियो। त्यसैगरी कुटपिटसम्बन्धी मुद्दामा दुई जनालाई जनही ६ महिना कैद र २/२ हजार रुपैयाँ जरिवाना तोकिएको थियो ।

त्यस्तै, अन्य कुटपिट मुद्दाका प्रतिवादीहरूलाई अदालतले कैद सजाय नतोके पनि विभिन्न रकम जरिवाना गर्ने फैसला गरेको थियो । प्रहरीका अनुसार उनीहरूमध्ये कसैलाई २३८ रुपैयाँ ३४ पैसा, कसैलाई २४१ रुपैयाँ ३७ पैसा तथा अन्यलाई ४ सय रुपैयाँ, ११५ रुपैयाँ र २१/२१ रुपैयाँ जरिवाना तोकिएको थियो ।

अदालतबाट फैसला भइसकेपछि पनि सजाय भुक्तान नगरी फरार रहेका उनीहरूलाई पक्राउ गरी आवश्यक कानुनी कारबाहीका लागि धनुषा जिल्ला अदालतमा बुझाइएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

डिएसपी खनालका अनुसार अदालतबाट कैद तथा जरिवाना सजाय तोकिएर अझै फरार रहेका अन्य व्यक्तिहरूको पनि प्रहरीले खोजी गरिरहेको छ। अदालतको फैसला कार्यान्वयन गराउने अभियानलाई निरन्तरता दिँदै फरार प्रतिवादी पक्राउ गर्ने क्रमलाई थप प्रभावकारी बनाइने उनको भनाइ छ ।

# उद्धार तथा राहत कार्यमा जुट्न निधिको आग्रह



**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेसका नेता एवं पूर्व उपसभापति विमलेन्द्र निधिले विपद्को बेला राजनीतिक तथा दलीय मतभेदलाई अन्त्य गरी उद्धार, राहत र पुनर्निर्माण कार्यमा जुट्न सबै पक्षलाई आग्रह गरेका छन् ।

लायन्स क्लब अफ जनकपुरधाम जानकी र लायन्स क्लब अफ जनकपुरधाम रोयल्सका नवनिर्वाचित पदाधिकारीको शपथग्रहणको अवसरमा सोमवार आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै नेता निधिले नेपालले पछिल्लो समय अहिलेसम्म नदेखिएको प्रकृतिको विपद्हरुको सामना गरिरहेको बताए। यस्तो अवस्थामा राजनीतिक विवाद र मतभेद अन्त्य गरी मानवीय उद्धार तथा राहत कार्यलाई प्राथमिकता दिएर लाग्नुपर्ने भने ।

देशमा विपद् आएको दुई साता बितिसक्दा पनि मुलुक अझै उद्धारकै चरणमा रहेको बताउँदै नेता निधिले जीवित व्यक्तिको खोजी तथा उद्धारलाई पहिलो प्राथमिकतामा सरकारलाई सुझाव दिए। उनले अहिलेको अवस्थामा उद्धार, राहत र त्यसपछि पुनर्निर्माणमा केन्द्रित हुनु नै राज्य र समाजको प्रमुख दायित्व रहेको बताए ।

नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले सीमित स्रोतसाधनका बीच विपद्पछि खोज तथा उद्धारमा कार्यमा निर्वाह गरिरहेको भूमिकाको निकै सराहनीय रहेको भनी उनले प्रशंसा गरे ।

विपद्को सामना गर्न राज्यका सम्पूर्ण संयन्त्र, नागरिक समाज तथा राजनीतिक दलबीच सहकार्य र समन्वय अपरिहार्य रहेको बताउँदै निधिले निधिले विपद्का बेला राजनीतिक आग्रह-पूर्वाग्रहभन्दा माथि उठेर मानवीय संवेदनालाई केन्द्रमा राखेर अघि बढ्न सबै राजनीतिक दलहरुलाई आग्रह गरे ।

कार्यक्रममा लायन्स क्लब अफ जनकपुरधाम जानकी र लायन्स क्लब अफ जनकपुरधाम रोयल्सका नवनिर्वाचित पदाधिकारीले पद तथा गोपनीयताको शपथ ग्रहण गरेका छन् । शपथ ग्रहणपछि उनीहरूले औपचारिक रूपमा आफ्नो पदभारसमेत ग्रहण गरेका छन् ।

# १० छात्रको जिम्मेवारी मटिहानी संस्कृत विद्यालयले लिने



**टुडे समाचारदाता**

जलेश्वर । रसुवाको भोटेकोशी बाढी तथा विपत्तिमा अभिभावक गुमाएका १० जना छात्रको कक्षा ८ देखि १२ सम्मको सम्पूर्ण शैक्षिक दायित्व लिने महोत्तरीको मटिहानीस्थित राजकीय संस्कृत माध्यमिक विद्यालयले घोषणा गरेको छ ।

सरकारले रसुवा बाढी तथा प्राकृतिक विपत्तिमा ज्यान गुमाएकाहरूको सम्झनामा सोमबार आयोजना गरेको राष्ट्रिय शोक दिवसका अवसरमा विद्यालयले यस्तो घोषणा गरेको हो ।

विद्यालयका प्रधानाध्यापक ईश्वरी पौडेलले वक्तव्य जारी गर्दै विपत्तिका कारण धेरै बालबालिका अभिभावकविहीन भएको भन्दै उनीहरूको शिक्षा र भविष्य सुनिश्चित गर्नु सामूहिक मानवीय दायित्व रहेको बताए ।

विद्यालयले अभिभावक गुमाएका १० जना छात्रलाई विद्यालयमा भर्ना गरी कक्षा ८ देखि १२ सम्मको शिक्षा, आवश्यक शैक्षिक सामग्रीलगायत सम्पूर्ण शैक्षिक दायित्व ग्रहण गर्ने जनाएको छ । विद्यालयले विद्यार्थीलाई शिक्षा प्रदान गर्ने मात्र नभई उनीहरूको भविष्य निर्माणमा अभिभावकीय भूमिका र आत्मीयता प्रदान गर्ने प्रयास गरिने जनाएको छ ।

प्रधानाध्यापक पौडेलले विपत्तिबाट प्रभावित बालबालिका भविष्यमा देशका सक्षम नागरिक बन्न सक्ने भएकाले उनीहरूको हातमा कलम र आँखामा भविष्यको सपना जगाउनु आवश्यक रहेको बताए । उनले विपत्तिको समयमा सबैले आफ्नो क्षमता र सामर्थ्यअनुसार प्रभावित बालबालिकाको भविष्य निर्माणमा सहयोग गर्नुपर्नेमा जोड दिँदै यस अभियानमा सहकार्यका लागि सबैलाई आह्वान गरेका छन् । मटिहानी नगरपालिका-७ मा रहेको राजकीय संस्कृत माध्यमिक विद्यालय विसं १७५० मा सेन वंशको समयमा स्थापना भएको र नेपालकै पहिलो गुरुकुलका रूपमा परिचित छन् ।

विद्यालयले एक बालकको शिक्षा जोगाउनु एउटा परिवारको भविष्य जोगाउनु सरह भएको उल्लेख गर्दै रसुवा विपत्तिबाट अभिभावकविहीन बनेका १० छात्रको शिक्षा र भविष्य निर्माणमा आफूहरू सहयात्री बन्ने प्रतिबद्धता जनाएको छ ।

यसैबीच, विद्यालयले रसुवाको विनाशकारी बाढी तथा प्राकृतिक विपत्तिमा परी ज्यान गुमाउने सबैप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजन तथा प्रभावित सबैमा धैर्य र शक्ति प्राप्त होस् भन्ने कामना गरेको छ ।






जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८